सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० चैत २०८०, मंगलबार (2 April 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सत्तागठबन्धनमा प्रदेश सरकारको बाँडफाँट

चारमा सहज बहुमत, तीनमा कठिन

कोशी, गण्डकी र कर्णाली एमालेले, बागमती र लुम्बिनी माओवादीले, सुदूरपश्चिम एकीकृत समाजवादी र मधेश जसपाले नेतृत्व गर्ने शीर्ष नेताबीच समझदारी, तर गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा बहुमत जुटाउन छैन सहज

■ तीन प्रदेशको अंकगणित

गण्डकी

कुल सदस्य : ६०

■ **नयाँ गठबन्धन**

(एमाले २२, माओवादी ८) : ३०

बहुमतका लागि अपुग : १

स्वतन्त्रबाट चुनाव जितेर एकीकृत समाजवादी प्रवेश गरेका दीपक मनाङेले अहिलेकै सरकारलाई समर्थन गरेका छन्। माओवादीको चुनावचिह्न लिएर जितेका फणीन्द्र देवकोटाले नेपाल समाजवादी पार्टीमै रहन पाऊँ भन्दै प्रदेश सभामा निवेदन दिएका छन्। त्यसैले एमालेले सरकार बनाउन मनाङेलाई फकाउने या दुई सिट रहेको राप्रपा मनाउनुपर्ने हुन्छ। गण्डकीमा काग्रेसको २७ सिट छ।

लुम्बिनी

कुल सदस्य : ८७

■ **नयाँ गठबन्धन**

(एमाले २९, माओवादी ९, जसपा ३, एकीकृत समाजवादी १) : ४२

बहुमतका लागि अपुग : २

नागरिक उन्मुक्ति पार्टीको चार सिट थपिएको अवस्थामा ४६ सिटसहित बहुमत पुग्छ। तर, उसले समर्थन नगरेको अवस्थामा नयाँ समीकरणको सरकार बन्दैन। यस्तो अवस्थामा या त तीन स्वतन्त्र सांसदमध्ये कम्तीमा दुईजनाको समर्थन जितुपर्ने हुन्छ। विपक्षी मोर्चामा काग्रेस २७, राप्रपा चार, जनमत तीन, लोसपा तीन, जनमोर्चाको एक सिट छ।

सुदूरपश्चिम

कुल सदस्य : ५३

■ **नयाँ गठबन्धन**

(एमाले १०, माओवादी ११, एकीकृत समाजवादी ४) : २५

बहुमतका लागि अपुग : २

चार सिट रहेको नागरिक उन्मुक्ति पार्टीका कम्तीमा दुई सांसदले समर्थन गरेको अवस्थामा मात्र बहुमत पुग्छ। तर, केन्द्रमा एकीकृत समाजवादीलाई मुख्यमन्त्री दिने समझदारी भए पनि उन्मुक्तिले पनि दाबी गरिरहेकाले समझदारी लागू गर्न कठिन छ। सरकार फेरिए विपक्षी मोर्चामा काग्रेस १९, राप्रपा एक हुनेछ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

सत्तारूढ पाँचदलीय समीकरणले केन्द्र सरकारलाई लगभग पूर्णता दिँदै प्रदेश सरकार पुनर्गठनमा नयाँ समझदारी गरेका छन्। तर, प्रदेश सभाहरूको संरचनाअनुसार सबैतिर बहुमत जुटाउन भने सहज देखिएको छैन।

पाँच दलका शीर्ष नेताबीच सात प्रदेशमध्ये तीन प्रदेशमा एमाले, दुईमा माओवादी र एक-एक प्रदेश एकीकृत समाजवादी र जसपाले नेतृत्व लिने समझदारी छ। सोमबारको शीर्ष बैठकमा कोशी, गण्डकी र कर्णाली एमालेले, बागमती र लुम्बिनी माओवादीले, सुदूरपश्चिम एकीकृत समाजवादी र मधेश जसपाले नेतृत्व गर्ने समझदारी भएको छ।

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

हामी केन्द्रदेखि प्रदेशमा नयाँ समीकरणमै हुन्छौं

● **रञ्जिता श्रेष्ठ**
अध्यक्ष, नागरिक उन्मुक्ति पार्टी



केन्द्रदेखि प्रदेश सरकारसम्म नयाँ समीकरणको सरकारमा सहभागी भएर जाने पार्टीले निर्णय गरिसकेको छ। त्यसअनुसार नै प्रधानमन्त्री र शीर्ष नेताहरूसँग छलफल र कुराकानी चलिरहेकै छ। हामीले सुदूरपश्चिममा मुख्यमन्त्री र लुम्बिनी प्रदेशमा सरकारमा मन्त्रीसहित सहभागिताको कुरा उठाएका छौं, त्यसअनुसार नै छलफल बढिरहेको छ। पार्टीभित्र रेशमजीले सुदूरपश्चिमबाट अहिलेको सरकारबाट बाहिर नहुने भनेर विमति राखे पनि पार्टीको निर्णय कार्यान्वयन हुन्छ र हामी पार्टी निर्णयअनुसार नै अगाडि बढ्छौं।

सातै प्रदेशमा राप्रपा सरकारमा जाँदैन

● **मोहन श्रेष्ठ**, प्रवक्ता, राप्रपा



गण्डकी प्रदेशको सवालमा मात्र होइन, राप्रपा सबै प्रदेशमा सरकारमा जाँदैन। तत्कालका लागि सरकारमा जाने नीति पनि छैन, हाम्रो प्राथमिकता पनि छैन। अहिले हामी सरकारलाई राखेको ४०बुँदे माग पूरा गराउनका लागि जनदबाब सिर्जना गर्न २७ चैतको प्रदर्शनको तयारीमा छौं। केन्द्रीय सत्तागठबन्धनलाई समर्थन गर्दैनौं भन्नुको मतलब विपक्षी गठबन्धनलाई चाहिँ गर्ने भन्ने पनि होइन। कसैलाई गर्नैपर्ने अवस्था आउँदा प्रदेश कमिटीहरूसँग राय लिएर अध्यक्षले निर्णय गर्न सक्ने गरी केन्द्रीय कार्यसम्पादन समितिले अधिकार दिएको छ।

बागमतीमा जम्कट्टेलले लिए विश्वासको मत



नयाँ समीकरणको भागबन्डामा बागमतीको नेतृत्व माओवादी केन्द्रले पाएको छ। केन्द्रमा भागबन्डा मिलेपछि बागमतीका मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले मन्त्रिमण्डल पुनर्गठन गरेर सोमबार तेस्रोपटक विश्वासको मत लिएका छन्। एक सय १० सदस्यीय प्रदेश सभामा जम्कट्टेलले उपस्थित एक सय आठ सांसद संख्यामध्ये ५६ मत पाएका छन्। एमालेको २७, माओवादीको २१, एकीकृत समाजवादीको सात र हाम्रो नेपाली पार्टीको एक मत परेको छ। हाम्रो नेपाली पार्टीका अर्का एक सांसदले मतदान गरेनन्। यो प्रदेशमा विपक्षी मोर्चामा काग्रेसको ३७, राप्रपाको १४ नेमकिपाको दुई मत छ।

■ अमेरिकी कम्पनी कोटिभिटीको पाँच अर्ब १८ करोड कर छली प्रकरण

कानुनविपरीत ५१ करोड भ्याट छुट दिने ६० कर अधिकारी छानबिनको घेरामा

COTIVITI

सुवास भट्ट/नयाँ पत्रिका

नेपालबाट अमेरिकामा सफ्टवेयर निर्यात गर्ने अमेरिकी लगानीको कम्पनी कोटिभिटी नेपाल प्रालिलाई कानुनविपरीत ५१ करोड ३५ लाख मूल्य अभिवृद्धि कर (भ्याट) छुट दिएको भन्दै करिब ६० कर अधिकारी छानबिनको दायरामा तानिने भएका छन्। कानुनअनुसार नमिल्ने भ्याट फिर्ता दिएर सरकारी राजस्वमा हानि पुऱ्याउने निर्णय प्रक्रियामा संलग्न कार्यालयका ०६२/६३ यताका प्रमुख र कर्मचारीहरू छानबिनको घेरामा परेका हुन्।

कोटिभिटी नेपाल प्रालिले चार अर्ब ७६ करोड ५८ लाख ४३ हजार भ्याट र स्वामित्व परिवर्तन हुँदा तिर्नुपर्ने ४१ करोड ६४ लाख १७ हजार गरी पाँच अर्ब १८ करोड २२ लाख ६० हजार रुपैयाँ छली गरेको आरोपमा आइतबार राजस्व अनुसन्धान विभागले १० अर्ब ३६ करोड ४५ लाख बिगो र जरिवाना मागदाबीसहित पाटन उच्च अदालतमा मुद्दा दायर गरेको थियो। यसमा कानुनले नपाउने ५१ करोड ३५ लाख भ्याट फिर्ताको निर्णय गरेर सरकारी राजस्वमा हानि पुऱ्याउने अधिकारीहरूमाथि छानबिन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचार गरेको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ (क) र (ख) आकर्षित हुने देखिएकाले राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को दफा १० को उपदफा ३ बमोजिम भ्याट फिर्ता दिने अधिकारीमाथि थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनुपर्ने रायसहितको निर्णय उच्च सरकारी वकिलको

» पृष्ठ ११ मा क्रमशः

■ कानुनविपरीत कुन वर्ष कति करकट्टी (भ्याट छुट) ?

मूल्य अभिवृद्धि कर ऐनको दफा ७ मा भ्याटका दरहरूको व्यवस्था छ। त्यसैको उपदफा १ मा ऐनबमोजिम लाग्ने करको दर १३ प्रतिशतको एकल दर हुने व्यवस्था छ। तर, अनुसूची २ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा शून्यदरमा कर लाग्ने व्यवस्था छ। उक्त अनुसूचीको दफा २ (क)मा नेपालभित्र बसोवास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनी रूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवामा शून्यदरमा कर लाग्ने व्यवस्था गरेको छ। तर, कोटिभिटीले यस कानुनी व्यवस्थाविपरीत आफूनै मूल कम्पनीलाई सेवा बिक्री गर्दाको निर्यातमा भ्याट छुट लिएको देखिएको हो। कोटिभिटीले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार करकट्टी लिएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐनको अनसूची २ को दफा २ (क) बमोजिम सुविधा नपाउने करदाताले मूल्य अभिवृद्धि कर रकमसमेत करकट्टी (फिर्ता) लिएको विषय प्रचलित कानुनबमोजिम मान्न नसकिने विभागको ठहर छ।

	निर्यात	करकट्टी	जम्मा निर्यात बिक्री
०६२/६३	५ करोड ७४ लाख ८९ हजार ५७१	१७ लाख ७७ हजार ११७	५ करोड ९२ लाख ६६ हजार ६८८
०६३/६४	८ करोड ३७ लाख नौ हजार ६१९	-	८ करोड ७९ लाख २५ हजार ३३५
०६४/६५	१३ करोड एक लाख ६ हजार ४३३	-	१३ करोड एक लाख ६ हजार ४३३
०६५/६६	२१ करोड ७१ लाख ९९ हजार २४३	७४ लाख ३५ हजार १२६	२२ करोड ४६ लाख ३४ हजार ३६९
०६६/६७	२० करोड ८७ लाख ९० हजार १५६	१ करोड ६ लाख २७ हजार ७४४	२१ करोड ९४ लाख १७ हजार ९००
०६७/६८	२८ करोड ५८ लाख ५१ हजार ६९०	७५ लाख ६४ हजार ५०	२९ करोड ३४ लाख १५ हजार ७४०
०६८/६९	३७ करोड ८ लाख ८८ हजार ९८५	१ करोड ५६ लाख ६१ हजार ५४३	३८ करोड ६५ लाख ५० हजार ५२८
०६९/७०	४३ करोड १२ लाख ६७ हजार ५१४	२ करोड ८५ लाख ५९ हजार ३०४	४५ करोड ९८ लाख २६ हजार ८१८
०७०/७१	५२ करोड ३२ लाख ९७ हजार ५८३	४ करोड ३७ लाख ५१ हजार ४६	५६ करोड ७० लाख ४८ हजार ६२९
०७१/७२	५६ करोड १२ लाख २ हजार ४२९	५ करोड २४ लाख ६३ हजार ८३८	६१ करोड ३६ लाख ६६ हजार २६७
०७२/७३	७६ करोड ३४ लाख ६२ हजार ७९९	४ करोड ८६ लाख २५ हजार २२८	८१ करोड २० लाख ८८ हजार २७
०७३/७४	५६ करोड ५ लाख ८४ हजार ६७३	२ करोड ५४ लाख ७ हजार ६७८	५८ करोड ५९ लाख ९२ हजार ३५१
०७४/७५	४९ करोड ५७ लाख ८८ हजार ७३६	१ करोड २८ लाख ७१ हजार ६०७	५० करोड ८६ लाख ६० हजार ३४३
०७५/७६	५९ करोड ७४ लाख ४५ हजार ५२६	१ करोड २४ लाख ८२ हजार ७१०	६० करोड ९९ लाख २८ हजार २३६
०७६/७७	८२ करोड ३९ लाख ९६ हजार ३१३	-	८२ करोड ३९ लाख ९६ हजार ३१३
०७७/७८	७० करोड ५४ लाख ६ हजार १९०	११ करोड २ लाख ३७ हजार ३७८	८१ करोड ५६ लाख ४३ हजार ५६८
०७८/७९	१ अर्ब १९ करोड २७ लाख ४१ हजार १७३	-	१ अर्ब १९ करोड २७ लाख ४१ हजार १७३
०७९/८०	१ अर्ब २३ करोड ५६ लाख ४८ हजार २२२	६ करोड ८ लाख २० हजार ५१८	१ अर्ब २९ करोड ६४ लाख ६८ हजार ७४०
०८०/८१	६६ करोड ५२ लाख ३४ हजार ४२०	७ करोड ५२ लाख १४ हजार ७१०	७४ करोड ४ लाख ४९ हजार १३०
जम्मा	**९ अर्ब ९१ करोड एक लाख ११ हजार २७५**	**५१ करोड ३४ लाख ९९ हजार ५९७**	**१० अर्ब ४२ करोड ७८ लाख २६ हजार ५८८**

■ यसरी कानुनले नपाउने ५१ करोड ३५ लाख भ्याट फिर्ताको निर्णय गरेर सरकारी राजस्वमा हानि पुऱ्याउने अधिकारीहरूमाथि छानबिन गर्न राजस्व अनुसन्धान विभागद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पत्राचार

■ परराष्ट्रमन्त्रीको चीन भ्रमण

नेपाल–चीन विकास करिडोरको प्रस्ताव



■ **स्वदेश फर्केपछि उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले भने–**

बेइजिङमा भेटवार्ता सकेपछि मैले तिब्बत, सिचुआन, छोङछिङ भ्रमणमा त्यहाँका सरकार प्रमुखहरूसँग विकास करिडोरका विषयमा गम्भीरतापूर्वक छलफल गरेँ। नेपाल-तिब्बत-छोङछिङ-सिचुवानबीच विकास करिडोर बनाउने विषयमा सकारात्मक छलफल भयो। यसबारेमा कार्य समूह (वर्किङ ग्रुप) बन्छ। चीनका उदीयमान सहरहरूसँग जोडिएर हामीले समृद्धि र विकासमा फाइदा लिनुपर्छ भन्ने मेरो मूलभूत उद्देश्य थियो। यही सन्दर्भमा भ्रमण र सकारात्मक कुराकानी भए। प्रस्तावित आर्थिक करिडोरले नेपालको आर्थिक समृद्धिमा योगदान गर्नेछ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीनको नौदिने औपचारिक भ्रमण सकेर सोमबार फर्केका छन्। भ्रमणमा भएका शीर्ष भेटवार्तामा उनले नेपाल-चीन विकास करिडोरको प्रस्ताव गरेका छन्। नेपालले चीनसँग प्रस्तुत गरेको यो सहकार्यको नयाँ प्रस्ताव हो। चीनले नेपाललाई थप गुणात्मक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

विकास करिडोरका विषयमा नेपाल र चीनबीच संयुक्त कार्य समूह गठनका विषयमा पनि छलफल भएको उपप्रधानमन्त्री श्रेष्ठले बताए। 'बेइजिङमा भेटवार्ता सकेपछि मैले तिब्बत, सिचुआन, छोङछिङ भ्रमणमा त्यहाँका सरकार प्रमुखहरूसँग विकास करिडोरका विषयमा गम्भीरतापूर्वक छलफल गरेँ,' स्वदेश फर्केपछि उपप्रधानमन्त्री श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'नेपाल-तिब्बत-छोङछिङ-सिचुवानबीच विकास करिडोर बनाउने विषयमा सकारात्मक छलफल भयो। यसबारेमा कार्य समूह (वर्किङ ग्रुप) बन्छ।'

» पृष्ठ ११ मा क्रमशः



■ २९ प्रतिशतले बढे विदेशी पर्यटक, कोभिडयताकै उच्च

मार्चमा मात्रै एक लाख २८ हजार पर्यटक भित्रिए, भारतीय र चिनियाँसँगै पश्चिमा देशबाट पनि बढ्न थाले


नवीन अर्याल/नयाँ पत्रिका

सन् २०२४ को पर्यटकीय सिजन सुरु भएसँगै विदेशी पर्यटक आगमनमा पनि सुखद सुरुवात भएको छ। मार्च महिनामा विभिन्न देशबाट एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल घुम्न आएका छन्। यो कोभिडयताकै उच्च हो।

अघिल्लो वर्षको मार्च महिनाको तुलनामा यो मार्चमा पर्यटक आगमन २८.९० प्रतिशतले बढेको पर्यटन बोर्डले जनाएको छ। मार्च २०२३ मा ९९ हजार चार सय २६ पर्यटक नेपाल भित्रिएका थिए। यो मार्च महिनामा भित्रिएका पर्यटक कोभिड सुरु हुनुअघि २०१९ मार्चको भन्दा पनि धेरै हुन्। सो महिना एक लाख २७ हजार तीन सय ५१ पर्यटक भित्रिएका थिए। नेपालको पर्यटन इतिहासमा सन् २०१९ मा सबैभन्दा धेरै ११ लाख ९७ हजारभन्दा बढी पर्यटक भित्रिएको तथ्यांक छ।

सन् २०२० सुरुवातदेखि विश्वव्यापी रूपमा कोभिड महामारी फैलिन थालेपछि पर्यटक आवागमन रोकिएको थियो। २०२० मार्चमा ४२ हजार सात सय ७६, २०२१ मार्चमा १४ हजार नौ सय ७७ र २०२२ मार्चमा ४२ हजार पर्यटक नेपाल भित्रिएका थिए। कोभिडका कारण २०२० अप्रिलमा १४ र मेमा ३१ पर्यटक मात्र आएको तथ्यांक छ। महामारीका कारण वर्ष २०२० र २०२१ पूरै प्रभावित भएको थियो।

» पृष्ठ ११ मा क्रमशः



■ धेरै आगमन भारत र चीनबाट

नेपालमा सबैभन्दा धेरै पर्यटक भारतबाट भित्रिने गरेका छन्। मार्च महिनामा भारतबाट मात्रै ३० हजार ६ सय ९८ पर्यटक नेपाल आएको पर्यटन बोर्डले जनाएको छ। चीनले आफ्ना नागरिकलाई आउटबाउन्ड टुर खुला गरेपछि नेपालमा पनि चिनियाँ पर्यटक बढ्न थालेको देखिन्छ। मार्चमा चीनबाट भने १२ हजार ९३ पर्यटक आएको देखिन्छ।

नेपालमा पर्यटक घुम्न आउने प्रमुख १० देशहरूमध्ये पाँच देश एसियाकै छन्। मार्चमा अमेरिकाबाट १० हजार सात सय ६३, बेलायतबाट सात हजार दुई सय ४१, श्रीलंकाबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्यान्डबाट चार हजार पाँच सय ६७, अस्ट्रेलियाबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ पर्यटक आएको तथ्यांक छ।

सार्कका पाँच देशबाट मात्रै मार्च महिनामा ४० हजार सात सय २७ पर्यटक आएको तथ्यांक छ, जुन कुल पर्यटकको ३१.८ प्रतिशत हो। सार्कबाहेकका एसियाली देशबाट २८ हजार ६ सय ४८ पर्यटक (२२.४ प्रतिशत) आएका छन्। त्यस्तै, युरोपेली देशबाट २७ हजार पाँच सय ८२ (२१.५ प्रतिशत), आसियाना (अस्ट्रेलिया र न्युजिल्यान्ड)बाट चार हजार सात सय ८० (४.८ प्रतिशत), अमेरिकाबाट १२ हजार ६ सय १४ (९.८ प्रतिशत), मध्यपूर्वी इजरायल र टर्कीबाट एक हजार तीन सय ४५ पर्यटक आएको तथ्यांक छ।

वर्किङ भिसामा पठाइदिन्छु भन्दै एजुकेसन कन्सल्टेन्सीले ५० युवासँग ठग्यो पाँच करोड

नयाँ पत्रिका

वर्किङ भिसामा विदेश पठाइदिने भन्दै औपचारिक कार्यालयसमेत नभएको टप च्वाइस एजुकेसन कन्सल्टेन्सीका सञ्चालकले ५० युवाबाट पाँच करोड रुपैयाँ ठगेको खुलेको छ। सञ्चालकद्वय कृष्णकुमार राई र रूपेशकुमार ठाकुरले युवाहरूलाई क्यानडा, स्पेन, पोल्यान्ड, माल्टा, क्रोएसियालगायत मुलुकमा राम्रो जागिरमा पठाइदिने भन्दै ठगी गरेका हुन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले राई र ठाकुरसहित उनीहरूका सहयोगी पर्वराज पाण्डे र जीवन तामाङलाई पक्राउ गरेको छ। करिब आठ महिनाको खोजीपछि उनीहरूलाई पक्राउ गर्न प्रहरी सफल भएको हो। उनीहरूविरुद्ध २२ पीडितको जाहेरी परेपछि पक्राउ गरेको अनुसन्धानमा संलग्न कार्यालयका डिएसपी गोविन्द पन्थीले जानकारी दिए। उनका अनुसार अन्य पीडितहरू पनि जाहेरी दिन कार्यालय आएको, तर आवश्यक कागजात अभाव हुँदा दर्ता हुन सकेको छैन।

> टप च्वाइस एजुकेसन कन्सल्टेन्सीका सञ्चालकद्वय कृष्णकुमार राई र रूपेशकुमार ठाकुरसहित चार पक्राउ

उनीहरूले दलालमार्फत देशका विभिन्न ठाउँका युवा काठमाडौंमा भेला गर्ने, भारतको दिल्ली लैजाने, रकम दिल्लीमै असुल्ने र त्यसपछि सम्पर्कविहीन बन्ने गरेको अनुसन्धानमा खुलेको छ। डिएसपी पन्थीले भने, 'कन्सल्टेन्सीका रूपमा दर्ता भएको, तर कतै कार्यालय नभेटिएको कम्पनीले युवालाई अवैध ढंगले वैदेशिक रोजगारमा पठाउने गरेको देखियो। सोही क्रममा केही पक्राउ परेका छन्। उनीहरूले ५० भन्दा धेरै युवाबाट पाँच करोड रुपैयाँभन्दा धेरै रकम ठगी गरेको देखिन्छ।

» पृष्ठ ११ मा क्रमशः

चार जुवाडे पक्राउ

काठमाडौं/ बुढानीलकण्ठ नगरपालिका-१०, कपन रुद्रमतीचोक डेरा गरी बस्ने सोलुखुम्बु दुधकुण्ड गाउँपालिका-२ घर भएका ४३ वर्षीय रिन्जिङ भन्ने कान्छा शेर्पाको कोठामा जुवातास खेलिरहेको अवस्थामा शेर्पासहित चारजनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३१ हजार रुपैयाँ र तीन बुक ताससहित पक्राउ गरेको हो।

काठमाडौं भ्यु टावर : १२ तला ढलान भएपछि थप कति बनाउने भन्नेमा अन्योल



● **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगरपालिका

अहिलेसम्म कति तला निर्माण हुने भन्ने टुंगो लागेको छैन। २० तला निर्माण हुने वा १२ तलामै सीमित राख्ने निर्णय हुन सकेको छैन। जारी कार्यपालिका बैठकमा यसबारे एजेन्डा पनि छैन।



- पाँच वर्षमा टावर निर्माण सक्ने गरी ०७१ मा सम्झौता, कात्तिक ०७२ मा शिलान्यास
- पुल्चोक इन्जिनियरिङ क्याम्पसको अध्ययनअनुसार २७ तलासम्म निर्माण गर्न सकिने
- सम्झौता हुँदा तीन अर्ब ८५ करोड लागत अनुमान, तर अहिले करिब आठ अर्ब पुग्यो

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले पुरानो बसपार्कमा बहुउद्देश्यीय भवन काठमाडौं भ्यु टावर निर्माण सुरु गरेको आठ वर्ष भयो। यसबीचमा १२ तलासम्म ढलान पनि भइसकेको छ। तर, अझै कति तला थप्ने भन्ने यकिन नहुँदा अलपत्र बनेको छ।

निर्माण सुरु भएको आठ वर्ष बितिसक्दा पनि अझै कहिले बन्ने र कति तला बन्ने भन्ने विषय नटुंगिँदा बर्सेनि लागत बढिरहेको छ। ०७१ सालमा पाँच वर्षमा टावर निर्माण सक्ने सम्झौता भए पनि कात्तिक ०७२ मा शिलान्यास भएको थियो। हाल टावरको भूमिगत पार्किङ भने प्रयोग गर्न थालिसकेको छ।

पुल्चोक इन्जिनियरिङ क्याम्पसको प्राविधिक टोलीको अध्ययनअनुसार टावर २७ तलासम्म निर्माण गर्न सकिनेछ। सोही अध्ययनअनुसार २० तला निर्माण गर्ने महानगरको निष्कर्ष थियो। यसबारे महानगरको कार्यपालिकाबाट निर्णय भएको भने छैन। आइतबार बसेको कार्यपालिका बैठकमा यो विषयले प्रवेश नै पाएन। 'अहिलेसम्म कति तला निर्माण हुने भन्ने टुंगो लागेको छैन। २० तला निर्माण हुने वा १२ तलामै निरन्तरता दिनेबारे निर्णय हुन सकेको छैन। जारी कार्यपालिका बैठकमा यसबारे एजेन्डा पनि छैन,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने। क्याम्पसले बुझाएको अध्ययन प्रतिवेदनलाई महानगरको प्राविधिक पक्षले गरेको अध्ययनअनुसार २० तला मात्र निर्माण गर्न सकिनेछ। साउनको पहिलो साता क्याम्पसको टोलीले प्रतिवेदन बुझाएको थियो।

■ लागत दुगुनाले बढ्यो

भ्यु टावर निर्माणका लागि निर्माण व्यवसायीसँग भने २९ तलाको सम्झौता भएको थियो। पछि ०७२ सालको भूकम्पपछि सहरी विकास मन्त्रालयले १२ तलाभन्दा अग्लो भवन बनाउन नमिल्ने जनाएको थियो। सोहीअनुसार भदौ ०७२ मा महानगरले १२ तले भवनको नक्सा पास गरेको थियो। सोही वर्ष २५ कात्तिकमा तत्कालीन उपराष्ट्रपति नन्दबहादुर पुनले काठमाडौं भ्यु टावरको शिलान्यास गरेका थिए। निर्माण सम्पन्न नभए पनि ठेकेदार कम्पनी जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स कम्पनीले करिब एक करोड राजस्व भने बुझाउँदै आएको महानगरले जनाएको छ। महानगरका अनुसार टावर निर्माणको सम्झौता हुँदा तीन अर्ब ८५ करोड रुपैयाँ लाग्ने अनुमान थियो। तर, अहिले उक्त रकम वृद्धि भई करिब आठ अर्ब पुगिसकेको छ।

■ भूमिगत पार्किङ जोखिमपूर्ण

निर्माणाधीन भ्यु टावरको भूमिगत पार्किङ भने सञ्चालनमा आएको छ। पार्किङको प्रयोग साना तथा दुईपाङ्ग्रे निजी सवारीसाधनले मात्र गर्न पाएका छन्। तर, भवन निर्माणाधीन अवस्थामा रहेकाले पार्किङ जोखिमपूर्ण छ। निर्माण सामग्री ओसारपसार भइरहने वा माथिबाट सामग्री झर्न सक्नेलगायत जोखिम छ।

२२ वैशाखदेखि यहाँको पार्किङ सञ्चालनमा आएको हो। महानगरले बागबजार, दरबारमार्ग, कालीमाटी, कलंकी, कुलेश्वर, चाबहिल, बौद्ध, माछापोखरीलगायत ठाउँको पार्किङ हटाएसँगै निर्माणाधीन भ्यु टावरको पार्किङ खोल्ने निर्णय गरेको थियो। आयोजनाका अनुसार टावरमा दुईतले भूमिगत पार्किङ हुनेछ। जसमा तीन सय सवारीसाधन अटाउनेछन्। भुइँतलामा मोटरसाइकल पार्किङ रहनेछ भने पहिलो तलामा बसपार्कको काउन्टर हुनेछ। महानगरपालिकाका अनुसार निर्माण हुने पार्किङ क्षेत्रले रत्नपार्क र न्युरोडआसपास पार्किङ भइरहेका सम्पूर्ण सवारीसाधनलाई धान्नेछ। जुन निर्माण सुरु भएको ६ महिनामै सञ्चालनमा आउने भनिएको थियो। भवनमा भूमिगत पार्किङ जुन उद्देश्यअनुसार निर्माण भएको थियो, त्योअनुसार भने अझै काम हुन सकेको छैन।

दोस्रो तलामा सूचना डेस्क र तेस्रो तलामा अत्याधुनिक सिनेमा हल रहनेछ। टावरमा बैंक तथा वित्तीय संस्थाहरू, स्वास्थ्य सेवा प्रवाह गर्ने स्थान, रेस्टुरेन्ट तथा पुस्तकालय हुनेछन्। टावर भूकम्प प्रतिरोधात्मक जापानी प्रविधिमा निर्माण भइरहेको छ। ०७२ कात्तिकमा शिलान्यास भए पनि टावर निर्माण भने जलेश्वर, स्वच्छन्द र बिकोईले ०७३ साउनदेखि सुरु गरेको हो। टावर निर्माणका लागि महानगर र जलेश्वर, स्वच्छन्द र बिकोई कम्पनीबीच २२ फागुन ०७१ मा सम्झौता भएको थियो। सम्झौताअनुसार पाँच वर्षभित्र कम्पनीले आफ्नो लगानीमा भवन बनाएर ३० वर्ष भोगचलन गर्न सक्नेछ। टावर २३ रोपनी पाँच आना जग्गामा निर्माण भइरहेको छ। पाँच वर्षमा निर्माण सम्पन्न हुने भने पनि हाल टावर अलपत्रमा परेको छ।

नगर प्रहरी जवानलाई आधारभूत तालिम



काठमाडौं/ काठमाडौं महानगरपालिकाका नगर प्रहरी जवानहरूको आधारभूत तालिम सुरु भएको छ। प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले सोमबार तालिमको शुभारम्भ गरेका हुन्।

सोक्रममा उनले कार्यालयले प्रदान गरेको तालिमबाट उपलब्ध ज्ञान, सीप र प्रवृत्ति व्यवहारमा उतार्न आग्रह गरे। 'महानगरपालिकालाई आमनागरिकले हेर्ने दृष्टिकोण फिल्डमा खटिएका कर्मचारीको व्यक्तित्व, आचरण र व्यवहारबाट निर्माण हुन्छ। यसकारण महानगरको छवि, फिल्डमा खटिने नगर प्रहरीको काँधमा छ,' उनले भने, 'नागरिकसँग गर्ने संवाद, सहरी व्यवस्थापन, सहरी सुन्दरता वृद्धि, वातावरणीय सुधारजस्ता जनसम्पर्कका काम गर्दा हरेक पाइलामा सचेत र जिम्मेवार भएर काम गर्नुपर्छ। तालिमबाट यस प्रकारको ज्ञान र व्यवहार परिवर्तन सीप प्रदान गरिनेछ।' प्रशासन विभागका प्रमुख दीपक अधिकारीका अनुसार करार सेवामा नगर प्रहरी जवान नियुक्तिका लागि २० असार ०८० मा सार्वजनिक सूचना प्रकाशन गरिएको थियो। रक्षा मन्त्रालय र गृह मन्त्रालयअन्तर्गत सैन्य पद र प्रहरी जवान पदको अन्तिम नतिजामा उत्तीर्ण भएका, तर मुख्य उम्मेदवारको सूचीमा नपरेका योग्यता क्रममा रहेका उम्मेदवारलाई करार सेवामा लिइएको हो। आवेदन माग गर्दा निवेदनसहित प्रवेशपत्रको प्रतिलिपि माग्गिएको थियो। नगर प्रहरीलाई शारीरिक र सैद्धान्तिक गरी दुई प्रकारको तालिम दिइन्छ। यसअघि शारीरिक तालिम प्रदान गरिसकिएको छ। महानगर प्रहरी बलका प्रमुख नगरप्रहरी वरिष्ठ उपरीक्षक राजुनाथ पाण्डेका अनुसार सैद्धान्तिक तालिम १० दिनको हुनेछ। हरेक दिन बिहान ७ बजेदेखि १० बजेसम्म कक्षा हुनेछन्। यसपछि नियमित ड्युटीमा खटाइनेछ।

संक्षेपमा उपत्यका

भक्तपुर : आगामी साता (२७ चैत) सुरु भई ५ वैशाखमा सम्पन्न हुने भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य र भव्य रूपमा सम्पन्न गर्न आयोजक र सरोकारवालाबीच छलफल भएको छ। भक्तपुर नगरपालिकाका नगरप्रमुख सुनील प्रजापतिले सोमबार आयोजित छलफलमा बिस्केट जात्राले भक्तपुरको मात्र नभई सिंगो देशको कला, संस्कृति र ऐतिहासिकता झल्काउने भएकाले शान्तिपूर्ण रूपमा सम्पन्न गर्न-गराउन आह्वान गरे। प्रजापतिले भने, 'आठ रात नौ दिनको बिस्का जात्रा सांस्कृतिक नगरको गौरव गर्न लायक जात्रा भएकाले निर्धारित समयमै सुरु गरी समयमै सम्पन्न गर्नुपर्छ।' छलफलमा भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले भक्तपुरको ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेको बिस्का जात्रा इन्जिनियरिङको हिसाबले पनि महत्त्वपूर्ण रहेको व्याख्या गरिन्।

बालाजु : नेपाल प्रहरीले नाबालिकालाई वेश्यावृत्तिमा लगाउने बालाजुस्थित एक खाजाघरका सञ्चालकलाई पक्राउ गरेको छ। प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले काठमाडौं महानगरपालिका-१६, बालाजुस्थित 'लाफा' नामक खाजाघरमा १३ वर्षीया बालिकालाई वेश्यावृत्तिमा लगाउने उदयपुरका २३ वर्षीय नवीनकुमार मगरलाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो। ब्युरोका प्रहरी उपरीक्षक ज्ञानेन्द्रप्रसाद फुँयालले बालिकालाई डर-प्रलोभनमा पारी फागुनदेखि वेश्यावृत्तिमा लगाउने गरेको खुलेको जानकारी दिए। 'खाजाघरबाट बालिकालाई उद्धार गरेर मगरलाई पक्राउ गरेका हौं,' उनले भने।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/१२/२० गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

लहान शाखा

(१) ऋणी : श्री रमेश चौधरी (ना.प्र.नं.-५४/१७५ स.सी. २४०७ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)
हजुरबुवा : श्री शिवधन चौधरी, बाबु : श्री छेदीलाल चौधरी, पत्नी : श्रीमती सुमिला चौधरी

व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री रमेश चौधरी (ना.प्र.नं.-५४/१७५ स.सी. २४०७ जारी मिति/स्थान २०५४/११/२०, सिरहा)
बाबु : श्री छेदीलाल चौधरी, बाजे : श्री शिवधन चौधरी, पत्नि : श्रीमती सुमिला चौधरी
साबिकको ठेगाना : जिल्ला सिरहा, सुखीपुर गा.वि.स. वडा नं.-०१, हालको ठेगाना : जिल्ला सिरहा, सुखीपुर न.पा. वडा.नं.-०८, सिरहा

(ख) श्रीमती सुमिला चौधरी (ना.प्र.न. घुम्ती ३६८ जारी मिति/स्थान २०६८/०९/२२ सिरहा)
बाबु : श्री रविन्द्र चौधरी, ससुरा : श्री छेदीलाल चौधरी, पति : श्री रमेश चौधरी
साबिकको ठेगाना : जिल्ला सिरहा, सुखीपुर गा.वि.स. वडा नं.-०१, हालको ठेगाना : जिल्ला सिरहा, सुखीपुर न.पा. वडा नं.-०८, सिरहा

(ग) श्री छेदी लाल चौधरी (ना.प्र.न. ९०८३-१७५ जारी मिति/स्थान २०४४/१०/२९, सिराहा)
बाबु : श्री शिवधन चौधरी, बाजे : श्री बैजन चौधरी, पत्नि : छेवली थरुनी
साबिकको ठेगाना : जिल्ला सिरहा, सुखीपुर गा.वि.स. वडा नं.-०१, हालको ठेगाना : सुखीपुर न.पा. वडा नं.-०८, सिरहा

(घ) श्रीमती : छेवली थरुनी (ना.प्र.न. ९०८३-१७६ जारी मिति/स्थान २०४४/१२/२०, सिराहा)
बाबु : श्री गोविन्द चौधरी, ससुरा : श्री शिवधन चौधरी, पति : श्री छेदीलाल चौधरी
साबिकको ठेगाना : जिल्ला सिरहा, सुखीपुर गा.वि.स. वडा नं.-०१, हालको ठेगाना : सुखीपुर.न.पा. वडा नं.-०८, सिरहा

(ङ) श्री आशिष चौधरी (ना.प्र.नं. जारी मिति/स्थान २०४४/१०/२९, सिराहा)
बाबु : श्री रमेश चौधरी, बाजे : श्री छेदीलाल चौधरी चौधरी
साबिकको ठेगाना : जिल्ला सिरहा, सुखीपुर न.पा. वडा नं.-०८, हालको ठेगाना : सुखीपुर न.पा. वडा नं.-०८, सिरहा

कर्जा शिर्षक : एम.वि.विएल उद्यमशील कर्जा (आवधिक)

धितो सुरक्षणको विवरण : श्री शिवधन चौधरीको नाती, श्री छेदीलाल चौधरीको छोरा, ठेगाना- सिरहा जिल्ला, सुखिपुर गा.वि.स. वडा नं. ०१, हाल सिरहा जिल्ला सुखिपुर न.पा. वडा नं. ०८ बस्ने श्री रमेश चौधरीको नाममा मालपोत कार्यालय सिरहामा दर्ता कायम रहेको सिरहा जिल्ला सुखिपुर गा.वि.स. वडा नं. ०९ ख स्थित कि.नं. ३११५ को क्षेत्रफल ०-१-१२$^{१/२}$ (वि-क-ध) को घर जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत।

चन्द्रौटा शाखा :

(१) ऋणी श्री राम सेवक बढई (ना.प्र.प.न: ७०२/३०४८ जारी मिति र जिल्ला : २०४५/०१/२१, कपिलवस्तु)
साबिकको ठेगाना : विरपुर गा.वि.स. वडा नं.-०४, कपिलवस्तु (हालको ठेगाना शिवराज नगरपालिका वडा नं. ०६, कपिलवस्तु)
बुवा : ललित बढई, बाजे : कमलनाथ बढई

व्यक्तिगत जमानीकर्ताहरु
क. राम सेवक बढई (ना.प्र.प.न: ७०२/३०४८ जारी मिति र जिल्ला:२०४५/०१/२१,कपिलवस्तु)
साबिकको ठेगाना : विरपुर गा.वि.स. वडा नं.-०४, कपिलवस्तु (हालको ठेगाना शिवराज नगरपालिका वडा नं. ०६, कपिलवस्तु)
बुवा : ललित बढई, बाजे : कमलनाथ बढई

ख. पानमति बढई (ना.प्र.प.न: ३८०२०६९१४९४२ जारी मिति र जिल्ला: २०६९/१२/१२, कपिलवस्तु)
साबिकको ठेगाना : विरपुर गा.वि.स. वडा नं-०४, कपिलवस्तु (हालको ठेगाना शिवराज नगरपालिका वडा नं. ०६, कपिलवस्तु)
ससुरा : ललित बढई, पति : राम सेवक बढई

ग. राज कुमार बढई (ना.प्र.प.न: ३८-०२-७६-००४१७ जारी मिति र जिल्ला: २०७६/०२/०१, कपिलवस्तु)
साबिकको ठेगाना : विरपुर गा.वि.स. वडा नं-०४, कपिलवस्तु (हालको ठेगाना शिवराज नगरपालिका वडा नं. ०६, कपिलवस्तु)
बुवा : राम सेवक बढई , बाजे : ललित बढई

कर्जा : अटो लोन

धितो सुरक्षणको विवरण : कमलनाथ बढईको नाती, ललित बढईको छोरा विरपुर गा.वि.स. वडा नं-०४, कपिलवस्तु (हाल शिवराज नगरपालिका वडा नं. ०६, कपिलवस्तु) बस्ने राम सेवक बढईलाई ऋणी कायम गरी लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजो थ्रि व्हिलर मोडेल ऐपे सिटि टेम्पु कम्पनी मोडेल PIAGGIO THREE WHEELER APE CITY(196.9 CC) गाडी सवारी दर्ता नं. लु.१ स ७५८७ इन्जिन नं. TBPAXBW3002950 च्यासिस नं. MBX0005AFXB811128 रहेको सवारी तथा अन्य सम्पुर्ण लिगलगापात समेत।

धरान शाखा

(१) ऋणी श्री शंकर साह (ना.प्र.नं. ०६-०१-७३-०७२४२, जारी मिती र जिल्ला: सुनसरी, २०७३/०७/०५)
बाबु : श्री सुरेस साह, बाजे : श्री हरी मोहन शाह
ठेगाना : साबिक सुनसरी जिल्ला रामधुनी-भासि न.पा. वडा नं ४ (हाल: धरान उ.म.न.पा. वडा नं १, सुनसरी)

व्यक्तिगत जमानीकर्ताहरु :
क. श्री शंकर साह (ना.प्र.नं. ०६-०१-७३-०७२४२, जारी मिती र जिल्ला : सुनसरी, २०७३/०७/०५)
बाबु : श्री सुरेस साह, बाजे : श्री हरी मोहन शाह
ठेगाना : साबिक सुनसरी जिल्ला रामधुनी-भासि न.पा. वडा नं. ४ (हाल: धरान उ.म.न.पा. वडा नं. १, सुनसरी)

ख. श्री पार्वती साह (ना.प्र.नं. ०६३००५/६४, जारी मिती र जिल्ला : सुनसरी, २०७०/०२/२२)
बाबु : श्री बुध नारायण साह, बाजे : श्री राम गती साह
ठेगाना : साबिक सुनसरी जिल्ला ईटहरी न.पा. वडा नं. १ (हाल: धरान उ.म.न.पा वडा नं. १, सुनसरी)

कर्जा : विपन्न वर्ग कर्जा

धितो सुरक्षणको विवरण : श्री शंकर साह लाई ऋणि काएम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल गाडी, सवारी दर्ता नं. प्र.न. १-०२-००३ ह ३७८ च्यासिस नं. MBX0005AFXA794173 ईन्जिन नं. TBPAXAW3002435

(२) ऋणी श्री कला राई (ना.प्र.नं. ०६-०२-७१-०३०७२, जारी मिति र जिल्ला : सुनसरी, २०७१/०८/२८)
बाबु : श्री दोर्जमान राई, बाजे : श्री मौला मान राई
साबिकको ठेगाना : सुनसरी जिल्ला विष्णुपादुका गा.वि.स. वडा नं. ८ (हाल: धरान उ.म.न.पा वडा नं. ११, सुनसरी)

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री कला राई (ना.प्र.नं. ०६-०२-७१-०३०७२, जारी मिति र जिल्ला : सुनसरी, २०७१/०८/२८)
बाबु : श्री दोर्जमान राई, बाजे : श्री मौला मान राई
साबिकको ठेगाना : सुनसरी जिल्ला विष्णुपादुका गा.वि.स. वडा नं. ८ (हाल: धरान उ.म.न.पा वडा नं. ११, सुनसरी)

ख) श्री शान्त कुमार राई (ना.प्र.नं. ०९-०१-७०-०४२६७, जारी मिति र जिल्ला : भोजपुर , २०७०/०३/२८)
बाबु : श्री दोर्जमान राई, बाजे : श्री मौला मान राई
ठेगाना : भोजपुर जिल्ला देवानटार गा.वि.स. वडा नं. ६

ग) श्री अच्चम माया राई (ना.प्र.नं. ०९-०१-७२-०२७१६, जारी मिति र जिल्ला : भोजपुर, २०७२/१०/२८)
बाबु : श्री चन्द्र ध्वज राई, पति : श्री शान्त कुमार राई
ठेगाना : भोजपुर जिल्ला देवानटार गा.वि.स. वडा नं ६

कर्जा : विपन्न वर्ग कर्जा

धितो सुरक्षणको विवरण : श्री कला राईलाई ऋणि काएम गरी कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, सुनसरीमा दर्ता कायम रहेको यस बैंकको नाममा रहेको पियाजियो टेम्पु कम्पनी मोडेल गाडी, सवारी दर्ता नं. को. २. ह. ८३४९ च्यासिस नं MBX0005AFXA795074 ईन्जिन न. TBPAXAW3002519

लहान शाखा

१. ऋणी : श्री सचिदानन्द माझी (ना.प्र.न. ८११६३९३९ जारी मिति र जिल्ला :२०४५/१२/२३, सप्तरी)
बाबु : श्री अधिक लाल माझी, बाजे : श्री रुपलाल
साबिकको ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं ०४, हालको ठेगाना रुपनी न.पा. वडा नं. ०३, सप्तरी

व्यक्तिगत जमानीकर्ताहरु :
क. श्री सचिदानन्द माझी (ना.प्र.न. ८११६३९३९ जारी मिती/स्थान २०४५/१२/२३, सप्तरी)
बाबु : श्री अधिक लाल माझी, बाजे : श्री रुपलाल
साबिकको ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स वडा नं. ०४, हालको ठेगाना रुपनी न.पा. वडा नं. ०३, सप्तरी

ख. श्री मुर्ति देवी (ना.प्र.न. ३६८६ जारी मिती/स्थान २०४६/०३/२७, सप्तरी)
बाबु : श्री सिफी मण्डल, ससुरा : श्री अधिक लाल माझी, पति : सचिदानन्द माझी
साबिकको ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ०४, हालको ठेगाना रुपनी न.पा. वडा नं. ०३, सप्तरी

कर्जा शिर्षक : विपन्न वर्ग कर्जा (आवधिक)

धितो सुरक्षणको विवरण : रुपलालको नाती र अधिक लाल माझीको छोरा सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ०४, हाल सप्तरी जिल्ला रुपनी न.पा. वडा नं. ०३ बस्ने वर्ष ५२ को सचिदानन्द माझीको नाममा यातायात व्यवस्था कार्यालय सगरमाथामा दर्ता कायम रहेको निलो रङ्गको पियाजियो कम्पनीको प्र २-०१-००१ह००४९ इन्जिन नं. TBPEMJW3022259 च्यासिस नं. MBX0002JFWJ723584 को तिन पाङ्ग्रे टेम्पु।

लालबन्दी शाखा

(१) ऋणी : श्री नवराज भण्डारी
साबिकको ठेगाना : जिल्ला सर्लाही, परवानीपुर गा.वि.स. वडा नं. ४ (हाल : जि.सर्लाही, लालबन्दी न.पा. १६)
बाबु : चेत बहादुर भण्डारी, बाजे : दिल बहादुर भण्डारी

व्यक्तिगत जमानीकर्ताहरु
क. नवराज भण्डारी
बाबु : चेत बहादुर भण्डारी, बाजे : दिल बहादुर भण्डारी
साबिकको ठेगाना : जिल्ला सर्लाही, परवानीपुर गा.वि.स. वडा नं. ४ (हाल : जि.सर्लाही, लालबन्दी न.पा. १६)

ख. श्रीमती हेम कुमारी भण्डारी
पति : नवराज भण्डारी, बाबु : सुर्य प्रसाद उप्रेती, ससुरा : चेत बहादुर भण्डारी

ठेगाना : जिल्ला सर्लाही, परवानीपुर गा.वि.स. वडा नं. ४ (हाल : जि.सर्लाही, लालबन्दी न.पा. १६)

कर्जा : विपन्न वर्ग कर्जा

धितो सुरक्षणको विवरण : नवराज भण्डारीलाई ऋणी कायम गरी जनकपुर अञ्चल यातायात व्यवस्था कार्यालय, जनकपुरमा दर्ता कायम रहेको सवारी दर्ता नं. PRADESH2-02-001HA.0721, कम्पनीको मोडल APE CITY PASSANGER, च्यासिस नं. MBX0005AFXA792503, इन्जिन नं. TBPAXAW3001908, बनेको वर्ष २०१९ को १ थान सवारी साधन समेत।

बाँसगढी शाखा

(१) ऋणी : मान बहादुर थारु
ठेगाना : जिल्ला बर्दिया, बारबर्दिया न.पा. ०६, जयनगर बर्दिया)
बाबु : श्री बदला थारु, बाजे : गोबारी थारु

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री लौटी थारु, पति : श्री मान बहादुर थारु, ससुरा : श्री बदला थारु
ख) श्री मान बहादुर थारु, बाबु श्री बदला थारु, बाजे : श्री गोबारी थारु

कर्जा : विपन्न वर्ग अटो कर्जा

धितो सुरक्षणको विवरण : श्री गोबारी थारुको नाती, श्री बदला थारुको छोरा, जिल्ला बर्दिया बारबर्दिया नगरपालिका वडा. नं. ०६ जयनगर बर्दिया बस्ने श्री मान बहादुर थारुलाई ऋणी कायम गरी महालक्ष्मी विकास बैंक लि. बाँसगढी शाखा बर्दियाको नाममा भेरी अञ्चल यातायात व्यवस्था कार्यालय बाँकेमा दर्ता रहेको अटो नं. भे. १ ह. ४९१४ को सम्पुर्ण लिगलिगापात।

बिर्तामोड शाखा

(१) ऋणी : श्री सोम बहादुर पुलामी (ना.प्र.नं ३५७४४९७६)
साबिकको ठेगाना : झापा गरामनी गा.वि.स वडा नं. ०६
हालको ठेगाना : झापा बिर्तामोड न.पा. वडा नं. ०९
बाबु : नरबिर पुलामी, बाजे : खड्ग बहादुर पुलामी

व्यक्तिगत जमानीकर्ताहरु :
क. श्रीमती डम्बर कुमारी पुलामी
बुबा : फर्सेमान जगर, पति : सोम बहादुर पुलामी

ख. श्रीमती सोम बहादुर पुलामी
बाबु : नरबिर पुलामी, बाजे : खड्ग बहादुर पुलामी

कर्जा: विपन्न वर्ग कर्जा

धितोको विवरण : मेचि यातायात कार्यलय बिर्तामोड झापा अन्तर्गत सोम बहादुर पुलामीलाई ऋणी कायम गरी महालक्ष्मी विकास बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको गाडि दर्ता नं.प्र-०१-००१स ८८३२, इन्जिन नं. TBPALIY3011000, च्यासिस नं. MBX0005LBLJ048716 भएको पियाजियो कम्पनीको ३ पाङ्ग्रे अटो।

जनकपुर शाखा

(१) ऋणी : नन्द कुमार साह तेली
ना.प्र.नं. १८३०६९/३५४ जारी मिति २०६३/११/१२,
बाबु : खेलावन साह, बाजे : जुगेश्वर साह
साबिकको ठेगाना : जिल्ला महोत्तरी गौसाला गा.वि.स. वडा नं. ०९
हालको ठेगाना : जिल्ला महोत्तरी गौसाला न.पा. वडा नं. ०९

व्यक्तिगत जमानीकर्ताहरु :
क. श्री नन्द कुमार साह तेली
ना.प्र.नं. १८३०६९/३५४ जारी मिति : २०६३/११/१२,
बाबु : खेलावन साह, बाज : जुगेश्वर साह
ठेगाना : जिल्ला महोत्तरी गौसाला गा.वि.स. वडा नं. ०९, हाल जिल्ला महोत्तरी गौसाला न.पा. वडा नं. ०९

ख. श्री दुलारी कुमारी देवी
न.प्र.नं. ५६७२३०१९ जारी मिति : २०५९/०६/२०
बाबु : श्री लक्ष्मेश्वर साह, श्रीमान : श्री नन्द कुमार साह तेली, ससुरा : खेलावन साह
ठेगाना : जिल्ला धनुषा लक्ष्मीपुर बगेवा गा.वि.स. वडा नं. ०५, हाल जिल्ला महोत्तरी गौसाला न.पा. वडा नं. ०९
कर्जा : विपन्न वर्ग कर्जा

धितो सुरक्षणको विवरण : जुगेश्वर साहको नाति, खेलावन साहको छोरा, जिल्ला महोत्तरी गौसाला गा.वि.स. वडा नं. ०९ (टोल) हाल जिल्ला महोत्तरी गौसाला न.पा. वडा नं. ०९ बस्ने वर्ष ३९ को नन्द कुमार साह तेलीलाई ऋणी कायम गरी जनकपुर अन्चल यातायात कार्यालयमा दर्ता कायम रहेको सवारी दर्ता नं. प्र २ ०२ ००१ह ०९५२, कम्पनीको नाम मोडेल PIAGGIO APE CITY इन्जिन नं. TBPEMhW3020758, च्यासिस नं. MBX0002JFWh706972 बनेको साल २०१८ हर्षपावर/सि.सि. १९६.९ क्षमता।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com

४५ जिल्लामा पुग्यो पाठ्यपुस्तक

२५ चैतसम्म सबै जिल्लामा पुऱ्याउने योजना, काठमाडौंमा मंगलबार वितरण गरिँदै



■ **अनिल भा**, प्रबन्ध सञ्चालक, जनक शिक्षा सामग्री केन्द्र

हामीले अधिकांश जिल्लामा पाठ्यपुस्तक पठाइसकेका छौं । सोमबारसम्म दुर्गम तथा उपत्यकाबाहिरका अधिकांश जिल्लामा पाठ्यपुस्तक पुगिसक्छ । जिल्ला शिक्षा समन्वय एकाइ, स्थानीय तहसँगको समन्वयमा हामीले डिपो तथा विक्रेतालाई ढुवानी गर्न लगाउँछौं, त्यहाँबाट विद्यालयले लैजान्छन्, कतिपय विद्यालय आफैं पनि लिन आउने गरेका छन् ।



■ **वैकुण्ठप्रसाद अर्याल**, महानिर्देशक, पाठ्यक्रम विकास केन्द्र

भौगोलिक हिसाबले असहज र अप्ठ्यारो हुने जिल्लामा हामीले पाठ्यपुस्तक पठाइसकेका छौं । अब सहरी र तराईका जिल्लामा ढुवानी तथा वितरण गर्न सहज हुन्छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका



बाजुराको कोल्टी क्षेत्रका लागि व्यवसायी नरेशजंग शाहीलाई पाठ्यपुस्तक हस्तान्तरण गर्दै जनक शिक्षा केन्द्र प्रादेशिक कार्यालय, सुदूरपश्चिम प्रमुख रामबहादुर कुँवर । तस्बिर : तेजराज भट्ट/नयाँ पत्रिका

शैक्षिक सत्र सुरु हुनअगावै अधिकांश जिल्लामा पाठ्यपुस्तक पुगेका छन् । जनक शिक्षा केन्द्रले समयमै पाठ्यपुस्तक ढुवानी सुरु गरेपछि दुर्गम तथा सहरी क्षेत्रका विद्यालयमा पाठ्यपुस्तक पुग थालेको हो ।

विगतमा भन्दा यो वर्ष केही छिटो पाठ्यपुस्तक ढुवानी सुरु भएको जनक शिक्षा सामग्री केन्द्रले जनाएको छ । गत वर्ष १५ चैतबाट मात्रै पाठ्यपुस्तक ढुवानी थालिए पनि यस वर्ष ८ चैतबाटै पाठ्यपुस्तक ढुवानी थालिएको हो । केन्द्रका प्रबन्ध सञ्चालक अनिल भाका अनुसार २५ गतेसम्म सबै जिल्लामा पाठ्यपुस्तक पुगिसक्नेछ । 'हामीले अधिकांश जिल्लामा पाठ्यपुस्तक पठाइसकेका छौं, सोमबारसम्म दुर्गम तथा उपत्यकाबाहिरका अधिकांश जिल्लामा पाठ्यपुस्तक पुगिसक्छ,' उनले भने, 'जिल्ला शिक्षा समन्वय एकाइ, स्थानीय तहसँगको समन्वयमा हामीले डिपो तथा विक्रेतालाई ढुवानी गर्न लगाउँछौं, त्यहाँबाट विद्यालयले लैजान्छन् । कतिपय विद्यालय आफैं पनि लिन आउने गरेका छन् ।' पाठ्यपुस्तकको खरिदको रकम स्थानीय तहले पाठ्यक्रम विकास केन्द्रलाई दिनुपर्छ ।

हाल सरकारी विद्यालयको बालविकास तहदेखि कक्षा १२ सम्म ५६ लाखभन्दा बढी विद्यार्थी छन् केन्द्रले सोही परिमाणमा पाठ्यपुस्तक छापेको छ । यसपटक १ देखि ४ कक्षासम्मको पाठ्यपुस्तक निजी छापाखाना र त्यसभन्दा माथिल्लो तहको पाठ्यपुस्तक जनक शिक्षालाई छाप्न जिम्मा दिइएको थियो । पाठ्यक्रम विकास केन्द्रसँगको समन्वयमा जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक छापेर डिपोहरूमा पठाउने गरेको छ । डिपोहरूले पाठ्यपुस्तक ढुवानीबापतको न्यूनतम शुल्क जनक शिक्षासँग लिन्छन् । यस वर्ष १ देखि १२ कक्षासम्मको पुस्तक छपाइमा साढे दुई अर्ब रुपैयाँ खर्च हुने अनुमान छ भने सो तहमा दुई करोड ६० प्रति थान किताब प्रकाशन गरी वितरण गरिँदै छ । जनक शिक्षा सामग्री केन्द्रका अनुसार अब करिब चार लाख थान पाठ्यपुस्तक छपाइको काम बाँकी छ, तर गत वर्षको पनि पाठ्यपुस्तक बाँकी भएकाले माग आएमा मात्रै छापिने केन्द्रले जनाएको छ ।

आइतबारसम्म केन्द्रले ४५ जिल्लामा पाठ्यपुस्तक ढुवानी गरिसकेको छ । खोटाङ, ओखलढुंगा, सिन्धुली, दोलखा, रामछोप, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, तनहुँ, हुम्ला, जुम्ला, दैलेख, कालीकोट, डोल्पा, रुकुम पूर्व, रुकुम पश्चिम, रौतहट, बारा, महोत्तरी, प्युठान, रोल्पा, गुल्मी, अर्घाखाँची, बाजुरा, दार्चुला, बझाङ, बैतडी, जाजरकोट, सुर्खेत, कैलाली, संखुवासभा, ताप्लेजुङ, इलाम, तेह्रथुम, मोरङ, सुनसरी, भोजपुर, मनाङ, मुस्ताङ, लमजुङ, गोरखा, म्यादी, पर्वत र बागलुङ जिल्लामा पाठ्यपुस्तक ढुवानी भइसकेको छ । जिल्लामा पुगेको पाठ्यपुस्तक मागअनुसार जिल्ला शिक्षा समन्वय एकाइले विद्यालयलाई प्रदान गर्नेछ । कतिपय विद्यालय आफैं आएर पनि जनक शिक्षाबाट पाठ्यपुस्तक लैजाने गरेका छन् । पाठ्यक्रम विकास केन्द्रले जिल्लामा पुग्नासाथ विद्यालयहरूलाई पाठ्यपुस्तक लैजान अनुरोधसमेत गरेको छ । केन्द्रका अनुसार सोमबार काभ्रेपलाञ्चोक जिल्लामा पाठ्यपुस्तक ढुवानी हुनेछ ।

जनक शिक्षाले सुदूरपश्चिममा विद्यालय तहका पाठ्यपुस्तकको बिक्री-वितरण सुरु गरेको छ । जनक शिक्षाको प्रादेशिक कार्यालय धनगढीबाट प्रदेशका पुस्तक व्यवसायीलाई गत मंगलबारबाट पाठ्यपुस्तक बिक्री सुरु भएको हो । पहाडी जिल्लामा पुस्तक ढुवानी सुरु गरिएको जनक शिक्षाको प्रादेशिक कार्यालय धनगढीका प्रमुख रामबहादुर कुँवरले बताए ।

विगतमा शैक्षिक सत्र सुरु भइसक्दा पनि पाठ्यपुस्तक अभावमा खाली झोला बोकेर विद्यालय जान बाध्य बालबालिका यसपटक भने विद्यालय खुल्नासाथ झोलाभरि पाठ्यपुस्तक बोकेर जान पाउने भएका छन् । सरकारले यस वर्षको शैक्षिक सत्र सुरु हुनअगावै सबै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने घोषणा गरेसँगै रामेछापमा शैक्षिक सत्र सुरु हुनअगावै सबै कक्षाका पाठ्यपुस्तक पुगेका छन् । ताप्लेजुङका सामुदायिक विद्यालयका पाठ्यपुस्तक विगतमा भन्दा दुई साताअगाडि आइपुगेको छ । शुक्रबार र शनिबार गरी दुई ट्रक पाठ्यपुस्तक ल्याएको पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका अध्यक्ष ज्ञानप्रसाद मिश्रले बताए ।

■ ३२ जिल्लामा २५ गतेसम्म पुग्नेछ पाठ्यपुस्तक

आइतबारसम्म ४५ वटा जिल्लामा पाठ्यपुस्तक पुगे पनि ३२ जिल्लामा भने अझै पुग्न सकेको छैन । त्यसमध्ये सोमबार काभ्रेपलाञ्चोक र छुटेका पहाडी जिल्लामा पाठ्यपुस्तक ढुवानी हुनेछ । त्यस्तै, मंगलबार काठमाडौं उपत्यकामा पाठ्यपुस्तक विवतरण हुनेछ । हाल पाठ्यपुस्तक पुग्न बाँकी रहेका अधिकांश जिल्ला तराई र सहरी क्षेत्रका छन् । यी क्षेत्रमा पाठ्यपुस्तक पठाउन सहज र छिटो हुने भएकाले जनक शिक्षा सामग्री केन्द्रले पहाडी, दुर्गम र हिमाली क्षेत्रलाई प्राथमिकता राखेर पाठ्यपुस्तक ढुवानी थालेको थियो । दुर्गम, पहाडी र हिमाली जिल्लामा ढुवानी गर्न समय लाग्ने र अन्य समस्या आउने भएकाले छिटो पाठ्यपुस्तक वितरण भएको पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक बैकुण्ठप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार हाल पाठ्यपुस्तक पुग बाँकी जिल्लामध्ये सबैजसो सहरी र तराई क्षेत्रका जिल्ला छन् । यी जिल्लामा ढुवानी छिटो हुने भएकाले पहिलो चरणमा दुर्गम, हिमाली र पहाडी जिल्लामा पाठ्यपुस्तक ढुवानी भएको हो । 'भौगोलिक हिसाबले असहज र अप्ठ्यारो हुने जिल्लामा हामीले पाठ्यपुस्तक पठाइसकेका छौं,' उनले भने, 'अब सहरी र तराईका जिल्लामा ढुवानी तथा वितरण गर्न सहज हुन्छ ।'

जनक शिक्षा सामग्री केन्द्रले मंगलबार उपत्यकाका तीन जिल्लामा पाठ्यपुस्तक वितरण गर्नेछ । यद्यपि, काठमाडौंको चावहिल महांकालमा रहेको जनकल्याण मावि‍मा भने आइतबार नै पाठ्यपुस्तक पुगेको छ । काठमाडौं उपत्यकाका जिल्लामा पनि डिपो तथा विक्रेताहरूसँग विद्यालयले पाठ्यपुस्तक खरिद गर्न सक्नेछन् । केन्द्रका प्रबन्ध सञ्चालक भाका अनुसार चार लाख थान किताब छाप्न बाँकी छ । तर, निजी स्कुलबाट माग भयो भने मात्रै छापिनेछ । कतिपयले गत वर्ष पुगेर बाँकी रहेको पुस्तकले पनि काम चलाउने भएकाले चार लाख पुस्तक आवश्यकता भएपछि मात्रै छापिनेछ ।

त्रिवि सेवा आयोगमा राजनीतिक हस्तक्षेप अन्त्य गरिनेछ : शिक्षामन्त्री

नयाँ पत्रिका



त्रिभुवन विश्वविद्यालय सेवा आयोगको रिक्त सदस्य पदका लागि दरखास्त आह्वान खुलेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आइतबार आयोगको रिक्त सदस्य पदका लागि आवेदन खुलाएको हो । यसअघि आयोगमा राजनीतिक दबदबा हुँदा कामकारबाही प्रभावित भएको भन्दै शिक्षामन्त्री सुमना श्रेष्ठले विनाराजनीतिक हस्तक्षेप त्रिवि आयोगमा सदस्य नियुक्ति गर्ने दाबी गरेकी छिन् ।

सोमबार राष्ट्रिय सभाको 'संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति'को बैठकमा बोल्दै मन्त्री श्रेष्ठले शिक्षा क्षेत्रको दलीय राजनीति अन्त्य गर्ने अभियान थाल्ने बनाइन् । उनले यसको सुरुवात त्रिविबाट गर्नुपर्ने भन्दै आफूले त्रिवि सुधारमा बढी ध्यान दिएको बताइन् ।

शिक्षा मन्त्रालयले आयोगको सदस्य पदमा नियुक्तिका लागि सिफारिस समिति बनाएको छ भने त्रिवि सेवा आयोगको सदस्य छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८० जारी भइसकेको छ । सिफारिस समितिको संयोजकका शिक्षामन्त्री श्रेष्ठ छिन् । कार्यविधि बन्न ढिलो भएकाले पनि सदस्य नियुक्तिमा ढिलो भएको शिक्षा मन्त्रालयले जनाएको छ । आवेदन खुलेसँगै इच्छुक तथा योग्य व्यक्तिले २८ चैतसम्म आवेदन फाराम भर्न सक्नेछन् । शिक्षामन्त्री श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति बनेको छ ।

गत मंसिरमा सेवा आयोगको सदस्य पद रिक्त भएको थियो । आयोगको सदस्य छनोट तथा सिफारिसमा आफ्नो मुख्य भूमिका हुने भएकाले शिक्षामन्त्री श्रेष्ठले तटस्थ र योग्यताका आधारमा छनोट हुने बताउँदै आएकी छिन् । 'शिक्षा क्षेत्रको लगानी परिणाममुखी हुन नसक्नुका कारण दलीय भागबन्डा हो,' उनले भनिन्, 'मेरो पहिलो प्रयास त्रिविको सेवा आयोगमा भागबन्डा नगरी नियुक्त गर्न सुरु गरेकी छु ।'

त्रिवि सेवामा सदस्य नहुँदा कामकारबाही प्रभावित भइरहेको छ भने मंसिरदेखि सदस्य पद रिक्त थियो । त्रिविका स्थायी शिक्षकको कार्यकाल सकिएपछि दरबन्दी खाली रहँदै आएको छ भने स्थायी शिक्षक राख्ने प्रक्रिया अघि बढेको छैन । हाल त्रिविका अधिकांश क्याम्पस र विभागमा करार र आंशिक शिक्षकका भरमा पठनपाठन हुँदै आइरहेको छ ।

संक्षेप

११ सचिवको सरुवा

काठमाडौं/ सरकारले केही सचिवहरूको सरुवा गरेको छ । गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न मन्त्रालय र प्रदेशका प्रमुख सचिवहरूको सरुवा गरेको हो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव कृष्णबहादुर राउतलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा उद्योग सचिवका रूपमा सरुवा गरिएको छ । आपूर्ति मन्त्रालयका सचिव मुकुन्द निरौलालाई उपराष्ट्रपतिको कार्यालयमा पठाइएको छ । उपराष्ट्रपतिको कार्यालयका सचिव मधुसूदन बुर्लाकोटीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा प्रशासनतर्फको सचिव बनाएर ल्याइएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मालाई ऊर्जा सचिवमा सरुवा गरिएको छ । ऊर्जाका गोपालप्रसाद सिग्देललाई भौतिकमा ल्याइएको छ । जल तथा ऊर्जा आयोगको सचिवालयकी सचिव सरिता दवाडीलाई सिँचाइमा लगेर त्यहाँका सुशीलचन्द्र तिवारीलाई सचिवालयमा ल्याइएको छ । मधेश प्रदेशका प्रमुख सचिव दिनेशकुमार घिमिरे वाणिज्य सचिव बनेर आएका छन् । वाणिज्य सचिव नारायणप्रसाद शर्मा दुवाडीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लगिएको छ । बागमती प्रदेश प्रमुख सचिव घनश्याम उपाध्याय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा सरुवा भएका छन् । युवा तथा खेलकुद मन्त्रालयका सचिव रविलाल पन्थलाई निर्वाचन आयोगमा सरुवा गरिएको छ ।

कोरोनाविरुद्धको औषधिको क्लिनिकल परीक्षण हुँदै

भरतपुर/ कोरोना भाइरस (कोभिड-१९) विरुद्धको औषधि भरतपुर अस्पतालमा क्लिनिकल परीक्षण गरिने भएको छ । अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालय र हिमालयन ट्रस्ट नेपालको सहकार्यमा कोरोनाविरुद्ध मुखबाट दिइने एमेटिन औषधिको प्रभावकारिता मूल्यांकन गर्न क्लिनिकल परीक्षण गर्न लागिएको हो । ५० वर्ष वा सोभन्दा माथि उमेर भएका, कोरोना पोजेटिभ भएको पाँच दिनभित्र कोभिडको लक्षण अनुभव गर्दै गरेको व्यक्तिमा यो परीक्षण गरिनेछ । भरतपुर अस्पतालमा कार्यरत चिकित्सक एवं प्रमुख अनुसन्धानकर्ता डा.कल्याण सापकोटाका अनुसार चार सयदेखि पाँच सयजनासम्म एक वर्षभित्र यो परीक्षण गर्ने लक्ष्य लिइएको छ । यो औषधि दिएपछि ९० दिनसम्म क्लिनिकल मूल्यांकन र प्रयोगशाला परीक्षणसहित फलोअप मूल्यांकन गरिन्छ ।

यसअघि यो औषधिको परीक्षण मुसामा गरिएको थियो । 'मुसामा परीक्षण प्रभावकारी देखिएपछि मानिसमा गर्न लागिएको हो । परीक्षणबाट कोभिडको औषधिले प्रभावकारी ढंगले काम गर्छ वा गर्दैन, हस्पिटल आउनुपर्छ कि पर्दैन ? वा मृत्युलाई रोक्न सक्छ कि सक्दैन भन्ने पत्ता लाग्नेछ,' डा. सापकोटाले भने । क्लिनिकल परीक्षणका लागि नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आचारसंहिता पुनरावलोकन समिति र जोन्स हप्किन्स विश्वविद्यालयको इथिकल रिभ्यु कमिटीले स्वीकृतिसमेत दिइसकेको बताइएको छ । यसअघि जिका भाइरस (झाडापखालाका विरामी) विरुद्ध दिने गरिएको एमेटिन औषधिको डोज १० गुणा कम गरेर कोरोनाविरुद्ध दिन लागिएकोसमेत सापकोटाले बताए । यो औषधि ५० वर्षअघि ६० एमजीसम्म मानिसमा खुवाउने गरिएको थियो ।

सीमाक्षेत्रका बालबालिकालाई सशस्त्र प्रहरीको छात्रवृत्ति र शैक्षिक सामग्री

काठमाडौं/ सीमावासीसँग सशस्त्र प्रहरी' कार्यक्रमअन्तर्गत सशस्त्र प्रहरीले झापामा छात्रवृत्ति प्रदान तथा शैक्षिक सामग्री वितरण सञ्चालन गरेको छ । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले झापाको गौरीगंज गाउँपालिका- ६ स्थित खजुरगाछीमा सोमबार आयोजित एक कार्यक्रमबीच स्थानीय गौरिया प्राथमिक विद्यालयमा अध्ययनरत छात्रा रानी ऋषिदेवलाई छात्रवृत्ति प्रदान गरेका छन् । उनलाई नेपाल एपिएफ स्कुलमा कक्षा १० सम्म निःशुल्क पढाइने सशस्त्र प्रहरी बलले जनाएको छ । एआइजी पौडेलले सीमा इलाकामा बसोवास गर्ने नगरिकका करिब एक सयजना सन्ततिलाई शैक्षिक सामग्रीसमेत वितरण गरेका छन् ।

घाँटीमा गम्भीर चोट लागेको अवस्थामा रावतदम्पती कोठामा फेला

बाँके/ खजुरामा घाँटीमा गम्भीर चोट लागेको अवस्थामा एक दम्पती फेला परेका छन् । खजुरा गाउँपालिका- ३ वि गाउँमा घाँटीमा गम्भीर चोट लागेको अवस्थामा भेटिएको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए । पतिपत्नीबीच विवाद हुँदा एक-आपसमा धारिलो हतियार हानाहान गरेको उनले बताए ।

घाँटीमा गम्भीर चोट लागेको अवस्थामा फेला पर्नेमा २९ वर्षीय महेन्द्र रावत र उनकी २७ वर्षीया पत्नी रितासिंह ठकुरी रहेको प्रहरीले जनाएको छ । रगताम्य भएको अवस्थामा प्रहरीले उनीहरूको उद्धार गरेको थियो । उनीहरू भित्रबाट कोठाको चुकुल लगाएर धारिला हतियार एक-आपसमा हानाहान गरिरहेको खबर पाउनेबित्तिकै इलाका प्रहरी कार्यालय धनौलीबाट गएको प्रहरीले उद्धार गरी उपचारका लागि नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल ल्याएको डिएसपी डाँगीले बताए । 'ढोका फुटाएर भित्र पस्दा महेन्द्र र रिता रगताम्य भएर भुइँमा लडेका थिए,' उनले भने । उनीहरूको अवस्था गम्भीर रहेको अस्पताल स्रोतले जनाएको छ । घाँटी नै छुटिने गरी भएको घटनाको अनुसन्धान भइरहेको उनले बताए ।

रुसी सेनामा कार्यरत परिवारका आफन्तको प्रदर्शन



काठमाडौं/ रुसमा रहेका आफन्तको जीवनरक्षाको माग गर्दै रुसी सेनामा आबद्ध नेपालीको जीवन रक्षार्थ अभियानले सोमबार सिंहदरबार अगाडि प्रदर्शन गरेको छ । निषेधित क्षेत्रमा प्रदर्शनका क्रममा अभियानका संयोजक कृतु भण्डारीसहित १६ जनालाई प्रहरीले पक्राउ गरी साँझ रिहा गरेको छ । उनीहरूलाई प्रहरी हिरासतमै भेटेर उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले पीडित परिवारको माग पूरा गर्न सरकार लागिपरेको बताएका छन् । चीनबाट फर्केलगत्तै श्रेष्ठ परिवारजनलाई भेट्न सिंहदरबार प्रहरी कार्यालय पुगेका थिए ।

रुसी सेनामा भर्ती भएका परिवारका सदस्यले उनीहरूलाई फिर्ता, क्षतिपूर्तिलगायतका माग राख्दै प्रदर्शन गर्ने क्रममा प्रहरीले पक्राउ गरेको थियो । भण्डारीका अनुसार एकजना १८ महिनाका बालकसहित १६ जना पक्राउ परेका थिए । उनीहरूलाई अपराह्न प्रहरीले छाडेको हो ।

राष्ट्रिय सभाको गल्ती प्रतिनिधिसभामा दोहोरियो

विधेयक एउटा, छलफल अर्कै

विद्युतीय व्यापार विधेयकमा एमाले सांसद साहले गरे जलविद्युत्बारे व्याख्या

कमलराज भट्ट/नयाँ पत्रिका

विद्युतीय व्यापार विधेयकमा राष्ट्रिय सभाले गरेको त्रुटि प्रतिनिधिसभामा दोहोरिएको छ । सोमबार प्रतिनिधिसभामा विद्युतीय व्यापार विधेयकमा सैद्धान्तिक छलफलका क्रममा एकजना सांसदले जलविद्युत् व्यापारबारे धारणा राखेका हुन् ।

गत १२ असारमा सरकारले राष्ट्रिय सभामा दर्ता गरेको विद्युतीय व्यापार विधेयकमा २८ असारमा राष्ट्रिय सभाले सैद्धान्तिक छलफल गर्दा सांसद र मन्त्री सबैले जलविद्युत् व्यापारबारे चर्चा गरेका थिए । छलफलमा भाग लिएका भगवती न्यौपाने, तुलसाकुमारी दाहाल, जितेन्द्रनारायण देव, विमला घिमिरेले विद्युत् विधेयक सम्भिएर जलविद्युत् व्यापारबारे व्याख्या गरेका थिए । त्यति मात्रै होइन, विधेयक प्रस्तुतकर्ता तत्कालीन उद्योगमन्त्री रमेश रिजालले आफूले कुन विधेयक पेस गरेको हो भन्ने हेक्का नराखी विद्युत् व्यापारकै विषयमा जवाफ दिएका थिए । अन्तिममा राष्ट्रिय सभा अध्यक्षले यो विद्युत् व्यापारसँग सम्बन्धित होइन, विद्युतीय व्यापार ई-कमर्ससँग सम्बन्धित विधेयक हो भनेर सम्झाएका थिए ।

राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विद्युतीय व्यापार विधेयकमा सोमबार प्रतिनिधिसभामा छलफल हुँदा उक्त गल्ती आंशिक रूपमा दोहोरिएको छ । विधेयकको सैद्धान्तिक छलफलमा ३४ सांसदले

● **सूर्यकिरण गुरुङ**, पूर्वमहासचिव, संसद् सचिवालय



सांसदहरूले कार्यसूचीमा के छलफल हुँदै छ भन्ने ख्याल गर्नुपर्‍यो । सहयोगीले उहाँहरूलाई अपडेट गराउनुपर्‍यो । तर, यहाँ आफ्नो पदीय जिम्मेवारी निर्वाह नगरेको देखियो । यसले विधि निर्माणमा उहाँहरूको ध्यान नै छैन भन्ने स्पष्ट हुन्छ ।

भाग लिँदा २२औं नम्बरमा एमालेका किरणकुमार साहले तीन मिनेट जलविद्युत् व्यापारबारे व्याख्या गरे ।

नेपालमा जलविद्युत्को अपार सम्भावना रहे पनि पूर्ण उपयोग नभएको भन्दै सांसद साहले यो विधेयक देशको ऊर्जा क्षेत्रका लागि महत्त्वपूर्ण रहेको बताए । 'विधेयकले निजी कम्पनीलाई विद्युत् व्यापारमा भाग लिन अनुमति लिन्छ, जसले गर्दा प्रतिस्पर्धालाई बढावा दिएर हाम्रो विद्युत् उत्पादनलाई बढाउनेछ,' उनले भने, 'एक प्रतिस्पर्धी र जीवन्त बजारले लगानी आकर्षित गर्दछ, जसले राम्रो पूर्वाधारको निर्माण मात्र नभई नेपाली उपभोक्ताले न्यून लागतमा बिजुली उपभोग गर्न पाउने सम्भावना बढ्दै जानेछ ।' विधेयकले सीमापार विद्युत् व्यापारमा संलग्न हुन चाहने निजी संस्थाका लागि पनि नवीन सम्भावनाको ढोका खोलेको उनको भनाइ थियो । 'हामीले मनसुन सिजनमा जुन अतिरिक्त ऊर्जा निर्यात गर्न सक्छौं, त्यसबाट यस विधेयकले थप राजस्व आर्जन गर्न मद्दत पुग्नेछ भने हाम्रो क्षेत्रीय सम्बन्ध पनि सुदृढ हुनेछ,' उनले भने । भारत र बंगलादेशसँग भएका विद्युत् व्यापार सम्झौताको कार्यान्वयन र त्यसको पूर्ण लाभ लिनसमेत यो विधेयक आवश्यक रहेको उनको भनाइ थियो ।


विधेयकले परिकल्पना गरेको आधुनिकीकरण प्रणालीले नेपाल विद्युत् प्राधिकरणमा मात्र निर्भर रहेको वर्तमान ढाँचालाई थप विस्तार गर्न मद्दत पुग्ने बताए । 'विधेयकले निजी कम्पनीहरूलाई उनीहरूको विशेषज्ञता र स्रोत अनुदान गर्न अनुमति दिएर विद्युत् उत्पादन र व्यापारको क्षेत्रमा गतिशीलता प्रदान गर्ने निश्चित छ । यसले उपभोक्ता र उत्पादन दुवैलाई लाभान्वित गर्दै प्रभावकारी र उत्तरदायी विद्युत् बजारको विकास गर्न मद्दत पुग्ने देखिन्छ,' उनले भने । विधेयकले एकाधिकार रोक्न, उपभोक्ताको अधिकार रक्षा गर्न निष्पक्ष र पारदर्शी इजाजतपत्र सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए । बढ्दो जलविद्युत् विकाससँग सम्बन्धित सम्भाविता वातावरणीय सरोकारलाई सम्बोधन गर्न र उपयुक्त प्रावधान समेट्न आवश्यक रहेको उनको भनाइ थियो । 'समग्रमा विद्युत् व्यापार विधेयकले नेपालको ऊर्जा व्यापार परिदृश्यलाई परिवर्तन गर्ने सुनौलो अवसर प्रस्तुत गरेको छ । देशलाई आत्मनिर्भर ऊर्जा हब र यस क्षेत्रमा स्वच्छ ऊर्जाको भरपर्दो आपूर्तिकर्ता बन्ने निश्चित गर्न यस विधेयकले अवसर प्रदान गरेको छ,' उनले भनेका थिए ।

साहले रोस्ट्रममा उभिएर जलविद्युत् व्यापारबारे निरन्तर धारणा राख्दा सदनमा सांसदहरूले कानेखुसी गरेका थिए । तर, सभामुख देवराज घिमिरेले छलफलको विषय विद्युतीय व्यापार विधेयक हो भनेर स्मरण गराएनन् । साह निर्धक्कसँग लिखित रूपमा आफ्नो धारणा राखेर फर्किए ।

राष्ट्रिय सभापछि प्रतिनिधिसभामा पनि यो विषय दोहोरिनुमा संसद्का पदाधिकारी जिम्मेवार हुनुपर्ने संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङ बताउँछन् । 'यसले विधि निर्माणमा उहाँहरूको ध्यान नै छैन भन्ने देखायो,' उनले भने । विधायिकी कार्यमा सांसदहरूलाई संसद् सचिवालयले सहयोगी प्रदान गरेको भन्दै गुरुङले त्यसको पनि दुरुपयोग गरेर आफन्त राख्दा समस्या दोहोरिएको उनको भनाइ छ । 'कार्यसूचीमा के छलफल हुँदै छ भन्ने ख्याल गर्नुपर्‍यो । सहयोगीले अपडेट गराउनुपर्‍यो । यहाँ आफ्नो पदीय जिम्मेवारी निर्वाह नगरेको देखियो,' उनले भने । सभामुख, दलका नेता, प्रमुख सचेतक तथा कार्यव्यवस्था परामर्श समितिले यस्ता गतिविधि नदोहोरिने वातावरण बनाउनुपर्ने उनको सुझाव छ । 'संसद् सचिवालयले पनि बोलाएर पदीय जिम्मेवारी सम्झाउनुपर्छ,' उनले भने ।

■ नागरिक उन्मुक्तिमा रञ्जिता र रेशम पक्षको विवाद सतहमा

संस्थापक केन्द्रीय समिति बैठकमै हात हालाहाल



● **रमेश विक,** केन्द्रीय सदस्य
नागरिक उन्मुक्ति पार्टी

सरकारमा सहभागिताबारे छलफल गर्न बिहान संस्थापक केन्द्रीय सदस्यको बैठक बोलाइएको थियो । अध्यक्ष बैठकमा आउन केही ढिलो भयो, अध्यक्ष आउनुअघि केही अनौपचारिक छलफल हुँदा ढोका थुनेर ममाथि भौतिक आक्रमण भयो, अरू चारजना नेतालाई धकेलधाकल गरियो ।



धनगढीमा **तेजराज भट्ट**

केन्द्र र प्रदेश सरकारमा सहभागितालाई लिएर नागरिक उन्मुक्ति पार्टीभित्र विवाद हात हालाहालसम्म पुगेको छ । सोमबार अनामनगरस्थित पार्टी कार्यालयमा डाकिएको संस्थापक केन्द्रीय सदस्यको बैठकमा अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशमलाल चौधरी पक्षबीच हात हालाहाल भएको हो ।

पार्टीका संरक्षक चौधरीको निर्देशनमा पार्टी कार्यालयमा ढोका थुनेर आफूमाथि कुटपिट भएको र अन्य चारजना नेतामाथि हातपात भएको संस्थापक केन्द्रीय सदस्य रमेश विकले बताए । 'सरकारमा सहभागिताबारे छलफल गर्न बिहान संस्थापक केन्द्रीय सदस्यको बैठक बोलाइएको थियो,' विकले नयाँ पत्रिकासँग भने, 'अध्यक्ष बैठकमा आउन केही ढिलो भयो, अध्यक्ष आउनुअघि केही अनौपचारिक छलफल हुँदा ढोका थुनेर ममाथि भौतिक आक्रमण भयो, अरू चारजना नेतालाई धकेलाधकेल गरियो ।'

तर, रेशम पक्षमा खुलेका महासचिव गंगाराम चौधरीले भने बैठक संस्थापक केन्द्रीय सदस्यबीच मात्र नभई प्रथम महाधिवेशनबाट निर्वाचित एक सय ९५ केन्द्रीय सदस्यको बस्नुपर्ने विषयमा बहस भएको बताए । 'म पनि संस्थापकमध्ये हो । तर, प्रथम महाधिवेशनबाट १९५ केन्द्रीय सदस्यीय कार्यसमिति छ । संस्थापकले मात्र बस्ने हो, संस्थापकले मात्र काम गर्ने हो भने हाम्रो के काम भनेर साथीहरूले बैठक अगाडि भन्नुभएको हो,' चौधरीले भने, 'कुटपिट भएको होइन । कुटपिट भएको भए त चोट लागेको हुन्थ्यो ।'

तर, सरकार गठनका क्रममा प्रधानमन्त्रीलाई भेट्न जाने विषयमा कुरा गर्दा रेशमले बालुवाटारबाहिरै पिट्छु भनेको र यही विषयमा विवाद सुरु भएको विकले बताए । 'महाधिवेशनमा २५-२५ हजार लिएर केन्द्रीय सदस्य बनाउनुभयो, तर त्यसलाई अद्यावधिक गर्न जानुभएन, पार्टी चुक्यो भनेपछि ममाथि भौतिक आक्रमण भयो,' उनले भने, 'हिजो मात्र संरक्षकलाई भेट्न जाँदा सुदूरपश्चिममा कमलबहादुर शाह नेतृत्वको सरकार ढल्यो भने तिमी चारैजनाको हत्या हुन सक्छ भन्नुभएको थियो, आज भौतिक आक्रमण हुँदा असुरक्षित महसुस भएको छ ।'

संरक्षकले एकलौटी ढंगले पार्टी सञ्चालन गर्न खोजेपछि पार्टीभित्र विवाद बढेको टीकापुर नगरपालिकाका मेयरसमेत रहेका संस्थापक केन्द्रीय सदस्य रामलाल डगौराले बताए । पार्टी संस्थागत रूपमा चल्नुपर्छ भन्ने आफूहरूको माग रहेको उनले बताए । 'उहाँले पार्टीलाई प्राइभेट कम्पनीजसरी चलाउन खोज्नुभयो,' चौधरीले भने, 'हामीले संस्थागत रूपमा चल्नुपर्छ भनिरहेका छौँ ।' हात हालाहाल भएपछि बैठक बस्न नसकेको बताइएको छ ।

सुदूरपश्चिम सरकारमा सहभागिताको विषयलाई लिएर पार्टी अध्यक्ष श्रेष्ठ र उनका पतिसमेत रहेका संरक्षक चौधरीबीच विवाद छ । यही विवादले नेताहरू दुई कित्तामा उभिएका छन् । अध्यक्ष श्रेष्ठले प्रदेश सरकारबाट बाहिरिन पार्टीको प्रदेश संसदीय दलका नेता घनश्याम चौधरीलाई यसअघि नै लिखित निर्देशन दिइसकेकी छिन् । तर, बहुमत प्रदेश सांसद रेशमको पक्षमा भएपछि संसदीय दलले सरकारको समर्थन कायम राख्ने निर्णय गरेको छ । गत पुसमा महाधिवेशन गराएर रेशम आफैँ अध्यक्ष बनेका थिए । तर, निर्वाचन आयोगले उनको अध्यक्षको कार्यसमितिलाई मान्यता दिएन । आयोगको निर्णयअनुसार रञ्जिताको अध्यक्षतामा रहेको पुरानै कार्यसमिति ब्युँतिएको छ ।

■ नाउपाभित्रको विवादले सुदूरपश्चिम सरकार झन् अन्योलमा

नाउपाको विवादले सुदूरपश्चिममा वर्तमान सरकार रहन्छ वा गठबन्धनको नयाँ सरकार बन्छ, अन्योल छ । मुख्यमन्त्री कमलबहादुर शाह नाउपाका सबै सांसदले विश्वासको मत दिनेमा ढुक्क हुन सकेका छैनन् । कांग्रेस र गठबन्धन दुवैतर्फ सरकार गठनका लागि निर्णायक अवस्थामा रहेको नागरिक उन्मुक्तिका सांसद सरकारको समर्थनबारे एकमत छैनन् ।

प्रदेश सभामा उसका सात सदस्यमध्ये चार मन्त्री र एक राज्यमन्त्री छन् । अध्यक्ष रञ्जिता श्रेष्ठनिकट दुई सांसद नयाँ गठबन्धनमा आबद्ध हुनुपर्ने पक्षमा छन् । सांसद कैलाश चौधरीले शाह नेतृत्वको सरकारलाई आफूले कुनै हालतमा विश्वासको मत नदिने अडानमा छन् । माओवादी र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री शाहले २३ चैतभित्र विश्वासको मत लिइसक्नुपर्नेछ ।

मुख्यमन्त्री शाहले कांग्रेसका १८, नाउपाका सात, राप्रपाका एक र एक स्वतन्त्र सांसदको समर्थनमा बहुमतका लागि आवश्यक २७ मत पुर्‍याउन खोजेका छन् । नागरिक उन्मुक्तिका एकजना मात्र अनुपस्थित भए सरकार ढल्नेछ ।

रेशमले डाके प्रथम महाधिवेशनबाट निर्वाचित समितिको बैठक

विवादपछि रेशम पक्षले महाधिवेशनको कार्यसमितिको बैठक बोलाएको छ । पार्टीको महत्त्वपूर्ण निर्णय गर्नुपर्ने भन्दै यही २३ र २४ चैतमा बोलाइएको बैठकमा पहिलो महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यलाई अनिवार्य उपस्थित हुन भनिएको छ । महाविधेशनबाट महासचिवमा निर्वाचित प्रतिनिधिसभा सदस्य गंगा चौधरीले पार्टीको महत्त्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएकाले सक्कल नागरिकता र मतदाता परिचयपत्रसहित उपस्थित हुन भनेका छन् ।

महासचिव गंगाराम चौधरीले बैठकमा संस्थापक र प्रथम महाधिवेशनबाट निर्वाचित कार्यसमिति उपस्थिति हुने र सोही बैठकले सरकारमा सहभागी हुने वा प्रतिपक्षमा बस्ने भन्नेमा निर्णय गर्ने बताए । उनले निर्वाचन आयोगको निर्णय प्रतिपनि असन्तुष्टि जनाए । 'हामीले प्रमुख निर्वाचन आयुक्तलाई भेट्दा अध्यक्षबारे निर्णय लिन ५-६ महिना लाग्छ भन्नुभएको थियो । तर, हामीले सरकारमा नजाने निर्णय गर्नेबित्तिक्कै आयोगको निर्णय आएको हो,' चौधरीले भने, 'आयोगको निर्णय फरक पाटो हो । हामी अहिलेको अवस्थामा रञ्जिता र रेशम दुवैको हस्ताक्षर चल्ने गरी अगाडि बढौँ भन्ने पक्षमा छौँ । तर, उहाँहरूले मान्नुभएको छैन ।'

रेशमले भने सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी केन्द्रीय समिति बैठकले 'गलत गर्ने सबैलाई छानीछानी कारबाही गरेर पार्टी शुद्धीकरण' गरिने बताए । 'पार्टीमा बाहिरबाट हस्तक्षेप भएर त यस्तो भएको छ । अहिलेको वर्तमान सरकारले चलाइरहेको छ र त यस्तो भइरहेको छ नि । जुन जगजाहेर नै कुरा छ । पार्टी नागरिक उन्मुक्ति पार्टी हो । अर्काको निर्णयमा हामी किन चल्ने ?' उनले प्रश्न गरे ।

■ कांग्रेस रणनीति :

तत्काल संसद् अवरुद्ध नगर्ने, संसदीय छानबिन समिति मागिरहने

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा तत्काल संसद् अवरुद्ध नगर्ने नीति लिएको छ । सहकारी ठगीमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको दाबी गर्दै कांग्रेसले २४ फागुनदेखि नैतिकताका आधारमा राजीनामा र छानबिनका लागि संसदीय समिति गठनको माग गरिरहेको छ । माग पूरा नभए संसद् अवरुद्ध गर्ने चेतावनी पनि दिँदै आएको छ, तर अवरुद्ध गरिरहेको छैन ।

२४ फागुनमा कांग्रेसले गृहमन्त्रीमा लामिछानेको नियुक्ति स्वार्थको द्वन्द्व हुने, आरोप लागेका व्यक्ति मन्त्रीमा रहन नहुने भन्दै विगतमा संसद् अवरुद्ध भएको र प्रधानमन्त्रीले हटाएको स्थापित सिद्धान्त देखाउँदै प्रधानमन्त्रीको जवाफ मागेको थियो । ६ चैतमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सहकारी प्रकरणमा लामिछाने कतै नजोडिएको भन्दै अनावश्यक उछालेर राजनीतिकरण गर्न नहुने जवाफ कांग्रेसलाई दिए ।

तर, प्रधानमन्त्रीले संसद्बाटै 'क्लिन चिट' दिएको कांग्रेसले चित्त बुझाएन । आफूहरूले सहकारी अपचलनमा संलग्नता देखेको र प्रधानमन्त्रीले कुनै संलग्नता नदेखेकाले अब यो विषयको निरूपण संसदीय छानबिनबाट हुनुपर्ने माग राख्यो । यसअघि २ चैतमा गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी ऐन संशोधन विधेयक सभामा प्रस्तुत गर्ने कार्यसूची अगाडि बढाउन खोज्दा कांग्रेसले बेल घेराउ गरेर संसद् अवरुद्ध गरेको थियो ।

६ चैतमा प्रधानमन्त्री प्रचण्डको जवाफपछि कांग्रेसले प्रतिनिधिसभा बैठकको सुरुवातमा सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेको राजीनामा र संसदीय छानबिन समिति गठनको माग गर्दै आएको छ । तर, बैठक कार्यसूचीमा प्रवेश हुने गरी चल्न दिएको छ । कांग्रेसले आगामी बजेटका सिद्धान्त र प्राथमिकतामाथिको छलफल हुन दिएको छ भने बीचमा १० दिन बन्द भएर आइतबारदेखि सञ्चालन भएको बैठकमा आफ्नो कुरा राखेर नियमित कार्यसूचीमा प्रवेश गर्न दिएको छ । सोमबारको बैठकमा कांग्रेस सांसद प्रतिमा गौतमले आरोप लागेको विषयमा छानबिन हुँदा दोषी वा निर्दोष भन्ने स्पष्ट हुने भन्दै संसदीय छानबिनका लागि सत्तारूढ दलहरू तयार नहुनु आफैँमा शंकास्पद रहेको बताइन् । यसबाट सरकार सहकारी ठगको पक्षमा रहेको देखिएको उनको तर्क थियो । गौतमले छानबिन समिति गठन नगरे संसद् अवरुद्ध गर्ने चेतावनी पनि दोहोर्‍याइन् ।

संसद्मा दैनिक सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेको राजीनामा र संसदीय छानबिनको माग गर्ने र संसद् चल्न नदिने चेतावनी दिएर बैठक सञ्चालन हुन दिइरहेको कांग्रेसको रणनीति तत्काल अवरुद्ध नगर्ने देखिन्छ । 'हामीले निरन्तर खबरदारी गर्दै सरकारलाई दुई चार दिन अल्टिमेटम दिएका हौँ । हाम्रो कुरा सरकारले सुनुवाइ गरेन भने संसद् बन्द गर्न बाध्य हुन्छौँ, यसमा सरकार जिम्मेवार हुनेछ,' कांग्रेस सचेतक सुशीला थिङले भनिन् ।



● **सुशीला थिङ**
सचेतक, कांग्रेस

हामीले निरन्तर खबरदारी गर्दै सरकारलाई दुई-चार दिन अल्टिमेटम दिएका हौँ । हाम्रो कुरा सरकारले सुनुवाइ गरेन भने संसद् बन्द गर्न बाध्य हुन्छौँ, यसमा सरकार जिम्मेवार हुनेछ ।

कानुन निर्माणमा असर नहोस्, महत्त्वपूर्ण विधेयक कांग्रेसले रोकेको नपरोस्, छानबिन समिति पनि गठन होस् भनेर समय दिएको उनको भनाइ छ । 'समिति बनाएन भने विधेयक निर्माण रोक्ने काम सरकारले गरेको भन्ने बुझ्नुपर्छ,' उनले भनिन् ।

कांग्रेसबाट कार्यव्यवस्था परामर्श समिति सदस्य रामहरि खतिवडाले गृहमन्त्रीमाथि छानबिनको विषयमा प्रधानमन्त्रीसँग कुरा भइरहेको भन्दै प्रधानमन्त्री तयार नभए केही दिनमै कडा कदम चाल्ने बताए । 'सरकारले गर्दै नगरेर प्रतिपक्षीलाई बाइपास गर्‍यो भने बजेट आउन दिँदैनौँ । प्रतिपक्षीको संयमता उग्रतामा जानुपर्‍यो भने राम्रो हुँदैन । हामी संयमताका साथ प्रस्तुत भइरहेका छौँ, माग पूरा नभएसम्म मान्दैनौँ,' उनले भने ।

नेताहरूका अनुसार छानबिन समिति बनाउँदा गृहमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने र गठबन्धन नै तलमाथि हुने बाध्यतामा प्रधानमन्त्री रहेको र १५ वैशाखको उपनिर्वाचनपछि नयाँ गठबन्धनको गृहकार्य भइरहेकाले कांग्रेस लचिलो बनेको बताइन्छ ।

हिउँदे अधिवेशन चैत अन्त्यसम्म चल्ने र सभामा भएका विधेयकहरू समितिमा पठाएर अधिवेशन अन्त्य गर्ने तयारी छ । सदनमा कानुन निर्माण नरोकिने, उपनिर्वाचनपछि गठबन्धन फेरिने सम्भावनालाई मध्यनजर गरेर कांग्रेस 'पर्ख र हेर'को रणनीतिमा अवरोध नगरी मुद्दा उठाइरहेको एक पदाधिकारी बताउँछन् ।

आज उम्मेदवार टुंगो लगाउँदै कांग्रेस

कांग्रेसले आगामी १५ वैशाखमा हुने उपनिर्वाचनको उम्मेदवार टुंगो लगाउन बैठक बोलाएको छ । कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलका अनुसार मंगलबार सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाइएको हो । कांग्रेस सभापति देउवाले सोमबार पदाधिकारी र पूर्वपदाधिकारीहरूसँग परामर्श गरेका छन् । बैठकमा इलाम-२ को वस्तुस्थिति बुझेर फर्किएका महामन्त्री विश्वप्रकाश शर्माले प्रतिवेदनबारे 'ब्रिफिङ' गरेका थिए । कांग्रेसले महामन्त्री शर्मा र सहमहामन्त्री भीष्मराज आङदेम्बेलाई इलाम र बझाङको वस्तुस्थिति बुझेर उम्मेदवारबारे प्रतिवेदनसहित सुझाव दिने जिम्मेवारी दिएको थियो ।

महामन्त्री शर्माले पार्टी एकढिक्का र सक्रिय भएर लाग्दा चुनाव जित्ने अवसर आएको 'ब्रिफिङ' गरेको बैठकमा सहभागी एक नेताले बताए । विगतमा संविधानसभा अध्यक्ष सुवास नेम्वाङले व्यक्तित्वकै कारण चुनाव जित्दै आएको र प्रतिस्पर्धी एमालेले उनकै छोरा सुहाङलाई उम्मेदवार बनाउँदा 'युवराज'को आरोप लागेर गलत सन्देश गएकाले पनि प्रतिस्पर्धाबाट चुनाव जित्न सहज रहेको उनको रिपोर्टिङ थियो । शर्माले रास्वपाले पत्रकारिता पृष्ठभूमिका मिलन लिम्बूलाई उम्मेदवार उठाए पनि प्रतिस्पर्धा एमालेसँगै रहेको बताएका थिए ।

कांग्रेसबाट डम्बर खड्का, नगेन्द्र कुमाल, केशव थापा, भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम केन्द्रमा आइपुगेको छ ।

लिलाम विक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/२० गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/०४/३०, मिति २०८०/१०/२९ र मिति २०७७/०७/१६ गतेको कारोबार, आर्थिक, अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम विक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

चन्द्रनिगाहपुर शाखा

(१) ऋणी : श्री जफिर आलम
साबिकको ठेगाना : जिल्ला रौतहट, सिम्राभवानिपुर गा.वि.स. वडा नं. ०५, हालको ठेगाना : जिल्ला रौतहट, गुजरा न.पा. ०९
बाबु : सलिम मिया, बाजे : फर्मुद मिया

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री जफिर आलम, बाबु : सलिम मिया मंसुरी, बाजे : फर्मुद मिया
साबिकको ठेगाना : जिल्ला रौतहट, सिम्राभवानिपुर गा.वि.स. वडा नं. ०५, (हालको ठेगाना : जिल्ला रौतहट, गुजरा न.पा. ०९)
ख) श्री सरफुन नेसा, बाबु : बुधन मिया, पति : सलिम मिया मंसुरी, ससुरा : फर्मुद मिया
साबिकको ठेगाना : जिल्ला रौतहट, सिम्राभवानिपुर गा.वि.स. वडा नं. ०५, (हालको ठेगाना : जिल्ला रौतहट, गुजरा न.पा. ०९)
ग) श्री नसिमा खातुन, बाबु : नइम धुनिया, पति : जफिर आलम, ससुरा : सलिम मिया
साबिकको ठेगाना : जिल्ला रौतहट, सिम्राभवानिपुर गा.वि.स. वडा नं. ०५, (हालको ठेगाना : जिल्ला रौतहट, गुजरा न.पा. ०९)
घ) श्री महम्मद इस्तेखार मंसुरी, बाबु : जफिर आलम, बाजे : सलिम मिया
साबिकको ठेगाना : जिल्ला रौतहट, सिम्राभवानिपुर गा.वि.स. वडा नं. ०५, (हालको ठेगाना : जिल्ला रौतहट, गुजरा न.पा. ०९)

कर्जा : महालक्ष्मी होम ईक्युटी कर्जा टर्म

धितो सुरक्षणको विवरण : ऋणी स्वंयम्को आमा महमुद मिया मंसुरीको बुहारी, श्री बुधन मियाको छोरी, श्री सलिम मिया मंसुरीको पत्नी, जिल्ला रौतहट गा.वि.स. सिम्राभवानिपुर, वडा नं. ५, स्थायी ठेगाना भई (हाल:- जिल्ला रौतहट, गुजारा नगरपालिका वडा नं.-९) मा बस्ने, वर्ष ८० को ना.प्र.न. ३२२०७१/१२४२, जारी मिति २०६५/०२/२६ जि.प्र.का. रौतहट भएको सरफुन नेसाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रौतहट, गा.वि.स. सिम्राभवानिपुर वडा नं. २ स्थित कित्ता नं ६७५ को क्षेत्रफल ०११२०, जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

भैरहवा शाखा

(१) ऋणी : श्री एभरेष्ट इट्टा उद्योग (प्रो. मोहम्मद शाहिद खाँ)
प्रा.फ.र.नं. ४३५३/०६८ दर्ता मिति २०६८/०६/२३ स्थायी लेखा नं. ३०५२९५७७४
फर्मको ठेगाना : नन्दनगर गा.वि.स. वडा नं. १, कपिलवस्तु

व्यक्तिगत जमानीकर्ताहरु :
क) अबु हरेरा मुसलमान (ना.प्र.प.नं. ५२४५ जारी मिति र जिल्ला २०३४/०३/१६, रुपन्देही)
बाबु : तजमुल मुसलमान, बाजे : इस्माइल मुसलमान
ठेगाना : बसन्तपुर गा.बि.स. वडा नं. ६ रुपन्देही ।
ख) श्रीमती खलकुन निसा खाँ (ना.प्र.प.नं. १/३२२ जारी मिति र जिल्ला २०४६/०१/१४, रुपन्देही)
बाबु : अब्दुल हई खाँ, पति : अबु हरेरा खाँ, ससुरा : तजमुल मुसलमान
ठेगाना : बगाहा गा.बि.स. वडा नं. ७ रुपन्देही ।
ग) मोहम्मद शाहिद खाँ (ना.प्र.प.नं. ११८६० जारी मिति र जिल्ला २०५५/१०/१, रुपन्देही)
बाबु : अबु हरेरा खाँ, बाजे : तजमुल मुसलमान
ठेगाना : बगाहा गा.बि.स. वडा नं. ७ रुपन्देही ।
घ) मोहम्मद कादिर खाँ (ना.प्र.प.नं. २१०२० जारी मिति र जिल्ला २०५९/०२/२२, रुपन्देही)
बाबु : अबु हरेरा खाँ, बाजे : तजमुल मुसलमान
ठेगाना : बगाहा गा.बि.स. वडा नं. ७ रुपन्देही ।

कर्जा शिर्षक : औद्योगिक कर्जा ओडी
कर्जा शिर्षक : औद्योगिक कर्जा टर्म

धितो सुरक्षणको विवरण :
क) श्री इस्माइल मुसलमानको नाति तजमुल मुसलमानको छोरा रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. ५२४५ जारी मिति २०३४/०३/१६ भएको वर्ष ६९ को श्री अबु हरेरा मुसलमानको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १००, ४३०, ३२०, ४९, ४२५, ४३४, २४०, ४२६ को क्षेत्रफल क्रमशः ०-३-३-०, ०-३-१०-०, ०-४-८-०, ०-४-१५-०, ०-२-०-०, ०-२-०-०, ०-१०-०-०, ०-२-४-० र २९८.५० व.मी. भएको जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

ख) श्री इस्माइल मुसलमानको नाति तजमुल मुसलमानको छोरा रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. ५२४५ जारी मिति २०३४/०३/१६ भएको वर्ष ६९ को श्री अबु हरेरा मुसलमानको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ४२ को क्षेत्रफल २९८.५० व.मी. भएको घर, जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

ग) श्री इस्माइल मुसलमानको नाति तजमुल मुसलमानको छोरा रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. ५२४५ जारी मिति २०३४/०३/१६ भएको वर्ष ६९ को श्री अबु हरेरा मुसलमानको नाममा मालपोत कार्यालय तौलिहवामा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला ठु. नन्दनगर गा.वि.स. वडा नं. १/ग स्थित कित्ता नं. १८८ र १९४ को क्षेत्रफल क्रमशः १-७-१२-० र ०-८-०-० भएको जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

घ) श्री तजमुल मुसलमानको बुहारी, श्री अबु हरेरा खाँको श्रीमती रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. १/३२२ जारी मिति २०४६/०१/१४ भएको वर्ष ६५ को श्रीमती खलकुन निसा खाँको नाममा मालपोत कार्यालय तौलिहवामा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला ठु. नन्दनगर गा.वि.स. वडा नं. १/ग स्थित कित्ता नं. २७३ को क्षेत्रफल क्रमशः ०-१७-१६-० भएको जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

ङ) श्री तजमुल मुसलमानको बुहारी, श्री अबु हरेरा खाँको श्रीमती रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. १/३२२ जारी मिति २०४६/०१/१४ भएको वर्ष ६५ को श्रीमती खलकुन निसा खाँको नाममा मालपोत कार्यालय तौलिहवामा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला ठु. नन्दनगर गा.वि.स. वडा नं. १/ग स्थित कित्ता नं. १५१ को क्षेत्रफल १-९-१५-० भएको घर, जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

च) श्री तजमुल खाँको नाति श्री अबु हरेरा खाँको छोरा रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. ११८६० जारी मिति २०५५/१०/१ भएको वर्ष ४३ को श्री मोहम्मद शाहिद खाँको नाममा मालपोत कार्यालय तौलिहवामा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला ठु. नन्दनगर गा.वि.स. वडा नं. १/ग स्थित कित्ता नं. १९१ को क्षेत्रफल १-०-२-० भएको जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

छ) श्री तजमुल खाँको नाति श्री अबु हरेरा खाँको छोरा रुपन्देही जिल्ला बगाहा गा.वि.स. वडा नं. ७ बस्ने ना.प्र.प.नं. २१०२० जारी मिति २०५९/०२/२२ भएको वर्ष ३८ को श्री मोहम्मद शाहिद खाँको नाममा मालपोत कार्यालय तौलिहवामा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला ठु. नन्दनगर गा.वि.स. वडा नं. १/ग स्थित कित्ता नं. १९३ र १९२ को क्षेत्रफल : ०-७-०-० र ०-१-१०-० भएको जग्गा तथा उक्त कित्ताले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

सातदोबाटो शाखा

(१) ऋणी : सेरिन रिभर रिर्सोट प्रा.लि. (अध्यक्ष/संचालक : कृष्ण बहादुर कुँवर)
ठेगाना : चितवन जिल्ला, दारेचोक गा.वि.स./न.पा. वडा नं. ०३
दर्ता नं. १२७२३०/०७१/०७२, स्थायी लेखा नं. ६०२४२२७९६
ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. स्थित वडा नं. ०२

व्यक्तिगत जमानीकर्ताहरु :
क) कृष्ण बहादुर कुँवर, बाबु : धन बहादुर कुँवर, बाजे : वीर बहादुर कुँवर
ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. स्थित वडा नं. ०२
ख) शारदा कुँवर, पति : कृष्ण बहादुर कुँवर, ससुरा : धन बहादुर कुँवर
ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. स्थित वडा नं. ०२
ग) दिपेश कुँवर, बाबु : कृष्ण बहादुर कुँवर, बाजे : धन बहादुर कुँवर
ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. स्थित वडा नं. ०२

कर्जा : हायरपर्चेज कर्जा

धितो सुरक्षणको विवरण : सेरिन रिभर रिर्सोटलाई ऋणी कायम गरी बागमती अञ्चल यातायात व्यवस्था कार्यालय, एकान्तकुना ललितपुर अन्तर्गत यस महालक्ष्मी विकास बैंक लिमिटेडका नाममा दर्ता कायम रहेको Mitsubishi Motors-V98WLYXZAR6S सवारी साधन नं. बा.१९.च.८८८, च्यासिस नं. JMYLYV98WJJ000343 ईन्जिन नं. 4M41UAT 1194 भएको गाडी थान १ ।

शर्तहरु :
१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणवस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/०१/०४ गते मंगलबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८१/०१/०६ गते बिहीबार दिनको २:०० बजे (मिति २०८१/०१/०५ गतेका दिन सार्वजनिक बिदा परेकोले)
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयहरुमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)


केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक सफल सहकार्य
www.mahalaxmibank.com

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक छिट्टै निष्कर्षमा पुग्छ : कानुनमन्त्री

काठमाडौं/ कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सरकारले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई छिट्टै निष्कर्षमा पुर्‍याउनका लागि अध्ययन गरिराखेको बताएका छन् । जवाफदेहिता निगरानी समितिका संयोजक राजुप्रसाद चापागाईंसहित विभिन्न संघसंस्थाका तर्फबाट बुझाएको मागपत्र सोमबार ग्रहण गर्दै उनले सर्वोच्च अदालतको फैसला, पीडितको भावना, अन्तर्राष्ट्रिय सन्धि सम्झौता सबैलाई मान्य हुने गरी संक्रमणकालीन ऐन संशोधन गर्ने र यसका लागि सबैसँग छलफल र संवादबाटै निष्कर्ष निकालिने जानकारी दिए ।



मागपत्रमा सिफारिस समितिको गठन तथा पदाधिकारी छनोट प्रक्रियाको सवालमा संशोधनको प्रस्ताव समेटिएको विधेयक अहिले प्रतिनिधिसभामा विचाराधीन रहेको भन्नेलगायत विधेयकको विद्यमान हैसियतका बारेमा जानकारी गराउने रहेको छ । सर्वोच्च अदालतकै पूर्ण इजलासले सुमन अधिकारीको मुद्दामा गरेको आदेशले निर्दिष्ट गरेअनुरूप कानुन संशोधनको उद्देश्यले सरकारले संसद्मा दर्ता गराएको विचाराधीन संशोधन विधेयक संसद्बाट टुंगो लागेपछि अविलम्ब आयोगका पदाधिकारी छनोटको प्रक्रिया प्रारम्भ गर्न सरकार तयार रहेको जानकारी गराउने भन्ने रहेको छ ।

एमाले सल्यानको अधिवेशनमा नाराबाजी

सल्यान/ एमाले सल्यानको १०औँ अधिवेशनको बन्दसत्रमा कार्यकर्ताले नाराबाजी गरेका छन् । विधानविपरीत कार्य गर्न लागिएको भन्दै कार्यकर्ताले जिल्ला समन्वय समितिको हलमा जारी अधिवेशनमा नाराबाजी गरेका हुन् । पार्टीको विधानविपरीत पार्टीको जिल्लासचिव पदमा महिला मात्र हुनुपर्ने प्रस्ताव हलमा आएपछि असन्तुष्ट समूहले त्यसको विरोध जनाउँदै नाराबाजी गरेका हुन् ।

एमाले पोलिटब्युरो सदस्य तथा जिल्ला इन्चार्ज भैरवबहादुर श्रेष्ठ र प्रदेश कमिटी अध्यक्ष गुलाबजंग शाहको निर्देशनमा यस्तो प्रस्ताव आएको अर्को समूहले आरोप लगाएको छ । आफूनिकट नेतृलाई सचिव पदमा सर्वसम्मत गर्न खोजेपछि त्यसको प्रतिकारस्वरूप नाराबाजी गरेको उनीहरूको भनाइ छ । आइतबार सुरु भएको एमाले सल्यानको अध्यक्षमा कुलबहादुर गिरी र भीमबहादुर सेनको दाबी छ ।



ज्वाइँसाबमा जितु

वसन्त निरौलाको निर्देशनमा बन्ने 'ज्वाइँसाब'मा जितु नेपाल मुख्य भूमिकामा अनुबन्धित भएका छन् । फिल्मको कथा सविन अधिकारी र पटकथा शंकर धितालले लेखेका हुन् । राजकुमार पण्डितले निर्माण गर्ने यस फिल्मलाई आउँदो वर्षको तिहारमा रिलिज गर्ने योजना छ । वैशाख १५ गतेबाट फिल्मको सुटिङ सुरु हुनेछ ।



अप्रिलमा रामायणको सुटिङ

नीतीश तिवारीको निर्देशनमा बन्ने रामायणको सुटिङ अप्रिल २ तारिखदेखि सुरु हुने भएको छ । सुरुवातमा रामको बाल्यकालका दिनहरू सुट गर्ने निर्माण पक्षको योजना छ । तर, बालकलाकारका विषयमा भने निर्माण पक्षले केही खुलाएको छैन । फिल्ममा रणवीर कपुरले युवावस्थाका राम र साई पल्लिकाले सीताको भूमिका निर्वाह गर्नेछन् ।

चिसो कपालमा तेल लगाउँदा...



विवेक राई,
हेयर स्टाइलिस,
हेयर क्राफ्ट

- कतिपयले नुहाएपछि चिसो कपालमै तेल लगाएर बाहिर निस्कने गरेको देखिन्छ । तर, चिसो कपालमा तेल लगाउँदा नकारात्मक असर गर्छ ।
- नुहाएर वा बाहिर आकाशको पानीले भिजेको कपालमा तेल लगाउनु हुँदैन । चिसो कपालमा तेल लगाउँदा चाया फैलिन सक्छ । त्यसैले तेल लगाउनुपरेमा कपाल राम्रोसँग सुकेपछि मात्रै लगाउँदा राम्रो हुन्छ ।
- नुहाएपछि कपाल चाँडो सुकाउन टाबेलले कपाल झड्कार्ने धेरैको बानी हुन्छ । प्रायः लामो कपाल हुनेले यस्तो गर्छन् । तर, यसले कपालमा नकारात्मक असर पुग्न सक्छ । नुहाएका वेला कपाल जरादेखि नरम हुने हुन्छ । स्याम्पु वा कन्डिसनर गरेको कपाल अझै नरम हुन्छ । यसरी टाबेलले झड्कार्दा कपाल टुक्रिन सक्छ । झर्ने समस्या पनि हुन सक्छ ।
- कपालमा जुनसुकै स्याम्पु प्रयोग गर्नुहुँदैन । कपालको प्रकृति हेरेर स्याम्पु चयन गर्नुपर्छ । सुक्खा कपालका लागि अलग, सिल्की कपालका लागि अलग, कलर गरेको कपालका लागि अलग, केराटिन गरेको कपालका लागि अलग स्याम्पु पाइन्छ ।
- सुक्खा कपाल हुनेले नुहाउनुभन्दा ४५ मिनेटअघि तेल लगाउने र त्यसपछि नुहाउनु राम्रो हुन्छ । नुहाउनुअघि तोरीको तेल वा ओलिभ ओइल प्रयोग गर्दा राम्रो हुन्छ । कपाल नुहाएपछि कन्डिसनर, हेयर ट्रिटमेन्ट वा हेयर स्पा गर्दा राम्रो हुन्छ ।

किशोरावस्थामा चाहिन्छ अभिभावकको यस्ता मार्गदर्शन

सानो छँदा बालबालिकाले आमाबुबाले भनेका हरेक कुरालाई मान्छन् । तर, टिनएजमा उनीहरू आफैँ जिम्मेवारी लिन, सही र गलत विश्लेषण गर्न खोज्ने भइसकेका हुन्छन् । यद्यपि, उनीहरूमा परिपक्वताको कमी हुन्छ । साथै, किशोरावस्थामा पुगेपछि उनीहरूले अभिभावकलाई खतराका रूपमा लिन सक्छन् र दूरी राख्न चाहन्छन् । त्यो मनोविज्ञानलाई बुझ्नेर अभिभावक तथा शिक्षकहरूले विशेष सल्लाह तथा मार्गदर्शन दिन जरुरी हुन्छ ।

मस्तिष्क विकास

जसरी शरीरका अंगहरू विकास गर्न पौष्टिक तत्त्वहरूको आवश्यक पर्छ, त्यस्तै मस्तिष्क विकासका लागि विभिन्न तत्त्व चाहिन्छ । टिनएजमा मनोसामाजिक विकासको प्रभाव पर्छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमा कस्ता कुरा आउँछन् र घरपरिवारमा कस्ता गफगाफ हुन्छन्, छिमेकमा कस्ता क्रियाकलाप हुन्छन्, यस्ता कुराले टिनएजरलाई प्रभाव पारिरहेको हुन्छ । त्यसैले उनीहरू कस्तो कुरामा रमाउँछन्, कस्तो खेल्छन्, कतिखेर सुत्छन्, अभिभावकको व्यवहार कस्तो छ भन्नेले विशेष अर्थ राख्छ । यस्ता कुरालाई अभिभावकले बुझ्नुपर्ने हुन्छ । बच्चालाई निर्देशन दिने मात्रै नभएर उनीहरूका कुरा पनि गम्भीरतापूर्वक सुन्ने गर्नुपर्छ ।

मनोविद्को सल्लाह



डा. विजय ज्ञवाली,
मनोविद् अमोहा क्लिनिक,
काठमाडौं

किशोरावस्थाका व्यक्तिहरू आफ्नै ढंगले जीवन जिउन चाहन्छन् । त्यहीकारण, उनीहरू बाबु-आमासँग दूरी पनि बनाउँछन् । तपाईंले यो विश्वास दिलाउन जरुरी छ कि आफ्नो बच्चाले सबै विचारहरू निसंकोच आमा-बुबासँग प्रकट गर्न सक्छ । उनीहरूलाई निडर र उत्साही बनाउनु तपाईंको कर्तव्य हो ।

पछिल्लो समय टिनएजरमा जिद्दीपन पनि देखिन्छ । जे कुरा चाहेको हो, त्यो नपाउँदा निराश हुन सक्छ । सामाजिक सञ्जालको प्रभावले गर्दा पनि यस्तो हुन्छ । जस्तो फेसबुक, टिकटक, इन्स्टाग्रामजस्ता डिजिटल दुनियाँले उनीहरूलाई बाहिरी संसार देखाइरहेको हुन्छ । यो उमेरमा त्यस्तो कुरा महसुस हुनु स्वाभाविक हो । तर, उनीहरूलाई गलत वा सही थाहा हुँदैन । त्यस्ता कुरामा परिवार सचेत हुनुपर्छ ।



संघर्ष सिकाउनुस्

जो चाँडै भाइरल हुन्छ, जसले चर्चाका लागि काम गर्छ, चाँडै पैसा कमाउँछ, ती कुरा नै उनीहरूको आइडल भइदिन पनि सक्छ । यस विषयमा परिवार सजग रहनुपर्छ र उनीहरूलाई सही मार्गदर्शन दिनुपर्छ । टिनएजरलाई सफलता प्राप्त गर्नका लागि संघर्ष गर्न पनि सिकाउनुपर्छ । जीवनको कुनै पनि हारलाई एप्रिसिएट गर्न हाम्रो शिक्षाले सिकाएको छैन । जीवनमा विजय हुन मात्रै तयार हुनुपर्छ भन्ने मनोविज्ञानको विकास हाम्रो समाजले गरिरहेको हुन्छ । टिनएजरलाई पनि त्यसले प्रभाव पारेको हुन्छ । स्कुल तथा कलेजमा पढ्दा पनि जहिल्यै प्रथम हुनुपर्छ भन्ने दबाबले उनीहरू थिचिएका हुन्छन् । उनीहरूलाई हार पनि जीवनको एउटा पक्ष हो र यसमा अभ्यस्त हुन सक्नुपर्छ भनेर सिकाउनुपर्छ । कतिपयले सानो असफलताबाटै कुलतमा लाग्ने, हात काट्ने, डिप्रेसन हुने, आत्महत्या गर्नेजस्ता व्यवहार पनि देखाइरहेका हुन्छन् । त्यसैले पनि हामीले असफलतामा खुसी हुने र विचलित नहुने उपाय टिनएजरलाई सिकाउन जरुरी छ ।

भावना बुझ्नुस्

रिसलाई कसरी प्रकट गर्ने, खुसीलाई कसरी व्यक्त गर्ने, इर्ष्या लाग्दा के गर्ने, आफ्ना मनोभावलाई कसरी नियन्त्रण गर्ने, कसरी सिर्जनशील बन्ने भन्ने विषय पनि अभिभावकले सिकाउनुपर्छ । यसका लागि अभिभावकले पहिले बालबच्चाका भावनालाई ध्यानपूर्वक सुन्नुपर्छ । उनीहरूलाई बेवास्ता गर्नुहुँदैन । अभिभावकले बच्चालाई पढ्न, खेल्न उत्प्रेरित गर्नुपर्छ । उनीहरूले पढ्ने पुस्तक, हेर्ने सिनेमाजस्ता कुरामा अभिभावकले पनि अभिरुचि देखाउनुपर्छ । उनीहरूसँग हलसम्म जाने, उनीहरूले पढेका पुस्तकका विषयमा छलफल गर्नेलगायत गर्नुपर्छ । यस्तो हुँदा उनीहरूले पनि सम्मान महसुस गर्छन् ।

कतिपयलाई स्वतन्त्रता दिँदा बच्चा बिग्रन्छ भन्ने पनि लागिरहेको हुन्छ । तर, टिनएजमा स्वाभाविक रूपमा बच्चाहरूले आमा-बुबाबाट केही स्वतन्त्रताको अपेक्षा गरेका हुन्छन् । आफैँलाई बुझ्न, खोज्न र जिम्मेवार बन्नका लागि यो जरुरी पनि छ । बाबु-आमाले बच्चालाई अनावश्यक हस्तक्षेप वा कडाइ गर्ने होइन, अनुशासित र जिम्मेवार बन्न प्रेरित गर्नुपर्छ ।

अध्ययन कोठा सजाउने तरिका



मानिसलाई पढ्नका लागि शान्त वातावरण आवश्यक पर्छ । आफ्नो अध्ययन कक्षलाई चिटिक्क र सफा राख्दा अध्ययनमा ज्यादा केन्द्रित हुन र नतिजा निकाल्न सहयोग पुग्छ । चिटिक्क कोठाले शान्तिसँगै प्रेरणा र ऊर्जा पनि दिन्छ । यसले पढ्ने र काम गर्ने जाँगरलाई बढाउँछ ।

प्रशस्त प्रकाश : अध्ययन कक्षमा प्रकाश प्रशस्त हुनुपर्छ । दिउँसोको समय प्राकृतिक प्रकाश आउने ठाउँमा अध्ययन कक्ष बनाउनु राम्रो हुन्छ । यसले बेग्लै ऊर्जा दिन्छ ।

हरियाली : कोठामा इन्डोर प्लान्ट्सहरू रोप्दा ताजगी मिल्छ । यसले हावा शुद्धीकरण गर्छ र वातावरणलाई शान्त राख्छ । जसकारण, तपाईंको मुड राम्रो हुन्छ ।

संयोजन : कोठामा रहेका सामग्रीहरूलाई भद्रगोल हुन दिन हुँदैन । राम्रोसँग सामानहरू सजाएर राख्नुपर्छ । किताब राख्ने च्याक, त्यसमा पनि फाइल, पुस्तक, कापीलगायत राख्ने स्थान सबैलाई संयोजित गर्नुपर्छ । यसले गर्दा चाहेको समयमा आवश्यक पुस्तक वा कपी सहजै फेला पार्न सकिन्छ र अलमल हुँदैन ।

प्रेरक सामग्री : अध्ययन कक्षमा ऊर्जा भर्ने खालका प्रेरक सामग्रीहरू राख्नुपर्छ । तपाईंको लक्ष्यमा ऊर्जा भर्ने प्रेरणादायी पुस्तक, जर्नललगायतलाई मिलाएर राख्नुस् । भित्तामा पनि प्रेरक भनाइहरू लेखेर टाँस्न सकिन्छ ।

रंग : त्यस्ता रंगको चयन गर्नुस् जसले तपाईंको ध्यानलाई बढावा दिन्छ । हल्का निलो, हल्का पहेँलो वा न्युट्रल कलर राम्रो हुन्छ । पहेँलो र सुन्तला रंगले ऊर्जा दिन्छ ।

प्रविधि : कम्प्युटर, प्रिन्टर्स, चार्जिङ स्टेसनलगायत आवश्यक पर्ने प्रविधिहरूलाई संयोजित रूपमा राख्नुपर्छ ।

प्रमाणपत्र : आफूले हासिल गरेका प्रमाणपत्र, अवार्ड वा पुराना दिन सम्झाउने फोटोलाई अध्ययन कक्षमा सजाएर राख्न सकिन्छ । यसो गर्दा पुराना दिनको स्मरण हुन्छ र ऊर्जा पनि मिल्छ ।

जुम्बा : मनोरञ्जनसँगै फिटनेस



जुम्बाका धेरै मानसिक तथा शारीरिक फाइदा छन् । यसले तपाईंको शरीरलाई स्वस्थ राख्छ । तपाईंलाई ऊर्जाशील बनाउँछ ।

दैनिक एक घण्टा जुम्बा गरेर शरीरलाई फिट र स्वस्थ राख्न सकिन्छ । यसमध्ये १० मिनेट वार्मअप र पाँच मिनेट कुलडाउन हुन्छ । बाँकी ४५ मिनेट संगीतको तालमा मनोरञ्जन गर्दै बित्छ । त्यही कारण यसले वर्कआउटभन्दा पनि एउटा डान्स पार्टीजस्तो महसुस गराउँछ । तपाईंको अनुहारमा हाँसो हुनेछ, यो नै महत्त्वपूर्ण कुरा हो । स्ट्रेसबाट बाहिर निस्कनका लागि र फिटनेसका लागि जुम्बा महत्त्वपूर्ण छ ।

सबै उमेर समूहकाले यो गर्न सक्छन् । १२ वर्षदेखि ६० वर्षसम्मका मानिस आउन सक्छन् । स्टेपहरू फलो गर्नलाई धेरै सहज छन् ।

'जे थर्टी-थ्री'को नाटकीय मञ्चन

काठमाडौं/ कुमार नगरकोटीको नयाँ ग्राफिक उपन्यास 'जे थर्टी-थ्री' मा आधारित रहेर काठमाडौंको बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा



शनिबार नाटक मञ्चन गरिएको छ । नाटकले दर्शकलाई वैकल्पिक संसारमा पुऱ्यायो, जहाँ जंगबहादुर राणा अझै पनि काठमाडौं सहरमुनिको काल्पनिक सहर वर्ल्ड हेरिटेज प्लाजामा जीवित छन् । हरेक वर्ष जंगबहादुर राणाका अंगरक्षक नयाँ ग्रेगोरियन क्यालेन्डर किन्न काठमाडौं आउने गर्छन् ।

यो उपन्यास लेख्नका लागि लामो समय लागेको नगरकोटीले बताए । 'नेपाली साहित्यमा ग्राफिक नोभलको पनि परिचय दिनुपर्छ भन्ने मलाई सधैं लाग्थ्यो । त्यसैले 'जे थर्टी-थ्री' लेख्न थालें,' उनले भने । आफूले प्रायः लेख्ने सरियल फ्यान्टासी विधालाई यसमा निरन्तरता दिएको उनले जनाए ।

नेपाल साईक्लिङ संघ
काठमाडौं, नेपाल
सूचना सूचना सूचना

यस नेपाल साईक्लिङ संघको मिति २०८०/१२/०२ मा प्रकाशित भएको वार्षिक साधारणसभा सम्बन्धी २०८० साल चैत्र २३ गते को सट्टा विशेष प्रवाधिक कारणले गर्दा उक्त साधारण सभा २०८० साल चैत्र २८ गते बुधबार सोही स्थान र समयमा हुने सूचना गर्दछु ।

रञ्जन राजभण्डारी
महासचिव
नेपाल साईक्लिङ संघ

धितोमा रहेको अचल सम्पति लिलाम विक्रि गर्न डाँक बढाबढ आह्वान सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाबाट ऋण लिएका तपशिलमा उल्लेखित ऋणीले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वकृतिपत्रको शर्तमा तोकीए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज र हर्जनाको रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उलङ्घन गरेको र यस संस्थाबाट पटक पटक मौखिक तथा लिखित सुचना दिई तर ताकेता गर्दा समेत आफ्नो ऋणको दायित्व फर्स्छ्यौट गर्न पुर्ण वेवास्ता गर्नु भएकोले धितो लिलाम विक्रि गर्न राष्ट्रिय स्तरको दैनिक पत्रिकामा यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपाई ऋणिले तिर्नु बुझाउन बाँकी रहेको रकम तिर्न बुझाउन आउनुहोला, नआएमा तपाई ऋणिले ऋण कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको अचल सम्पति/धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सहकारी ऐन २०७४ एवं सहकारी नियमावली ०७५ बमोजिम डाँक बढाबढको माध्यमबाट लिलाम विक्रि गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गरिलिने भएकोले डाँक बढाबढमा भाग लिन ईच्छुक व्यक्तिहरुले आजका मितिले ३६ (छतिसौं) दिन कार्यालय समय शुरु भएपछी दिनको १ बजे यस संस्थाको कार्यालय सानेपा, ललितपुरमा उपस्थित भई कायमी चलन चल्ती (न्युनतम मुल्य) मुल्यलाई आधार मानी आफुले बोल्न चाहेको डाँक अङ्क उल्लेख गरी खुल्ला रुपमा डाँक बढाबढको फारम भरी पेश गर्नुहुन आव्हान गरिन्छ । धितो लिलाम विक्रिका क्रममा धितोको सम्पति कसैले पनि डाँक बोलकबोल गरि नलिएमा सहकारी ऐन तथा नियमावली बमोजिम सो सम्पति संस्था आफैले सकार गरी स्वामित्व लिन सक्नेछ । यसरी लिलाम वा सकार हुँदा हाम्रो/मेरो सम्पति कम मुल्यमा वा यथोचित मुल्यांकन नगरी लिलाम/सकार गरि लियो भनि कहिं कतै उजुर वाजुर गर्न पाईने छैन । साथै धितो बन्धकीमा रहेको अचल सम्पति विक्रि गर्दा पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन, नियम अनुसार ऋणि तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल जायजेथा/श्रीसम्पतिबाट बाकी लेना रकम असुल गरिने व्योहोरा समेत सम्बन्धित सबैलाई यसै सुचनाबाट जानकारी गराईन्छ ।

तपसिल

क्र.स.	ऋणिको तिनपुस्ते नाम र ठेगाना	व्यक्तिगत जमानीकर्ताहरु	धितोको विवरण	ऋणिले बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना रकम (एकमुष्ट मिति २०८०।१२।१९ सम्मको)
१	नामः विमला दाहाल बाबुः कृष्ण प्रसाद रेग्मी बाजेः बाबुराम रेग्मी पतिः पुरुषोतम दाहाल ठेगानाः धादिङ जिल्ला साबिक गोगनपानी गा.वि.स. वडा नं. ६ हाल काठमाडौं जिल्ला नार्गाजुन न.पा. वडा नं. ९, काठमाडौं	१ नामः पुरुषोत्तम दाहाल बाबुः बद्री प्रसाद दाहाल बाजेः दिपुराज दाहाल ठेगानाः काठमाडौं जिल्ला साबिक रामकोट गा.वि.स. वडा नं. ३ हाल काठमाडौं जिल्ला नार्गाजुन न.पा. वडा नं. ९, काठमाडौं २ नामः आरती दाहाल बाबुः पुरुषोत्तम दाहाल बाजेः बद्री प्रसाद दाहाल ठेगानाः काठमाडौं जिल्ला नार्गाजुन न.पा. वडा नं. ९, काठमाडौं ३. नामः स्मृति दाहाल बाबुः पुरुषोत्तम दाहाल बाजेः बद्री प्रसाद दाहाल ठेगानाः काठमाडौं जिल्ला नार्गाजुन न.पा. वडा नं. ९, काठमाडौं	जिल्ला काठमाडौं डाडापौवा/रामकोट गा.वि.स./ न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ कित्ता नं. ४९२ क्षे.फ. ०-८-०-० (आठ आना) जग्गा सोमा बनेको घर र लिगलगापात समेत जिल्ला धादिङ गोगनपानी गा.वि.स./न.पा. वडा नं. १ नक्सा सिट न. १ञ कित्ता नं. १११ क्षे.फ. ४-०-०-० (चार रोपनी) जग्गा सोमा रहेको लिगलगापात समेत	रू. १५४,३६,१२०.८७ अक्षेरुपीः एक करोड चौवन्न लाख छत्तिस हजार एकसय बिस रुपैया सतासी पैसा मात्र । रू. ११०,२८,९६६.७८ अक्षेरुपी : एक करोड दश लाख अठ्ठाईस हजार नौंसय छैसट्ठी रुपैया अठहत्तर पैसा मात्र ।

शर्तहरु

१. डाँक बढाबढ आवेदन फाराम संस्थाको कार्यालय सानेपा, ललितपुर बाट रु ५०० (पाँचसय) (फिर्ता नहुने गरी) तिरि खरिद गर्न सकिनेछ ।
२. डाँक बढाबढ फारममा आफुले पहिलो पटक कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ भने क्रमश बढाबढ रकम समेत सोही फारममा थप गर्दै जानुपर्नेछ । डाँक बोल्नेले आफुले लिन चाहेको चल अचल सम्पतिको विवरण प्रकाशित सुचनाको आधारमा भर्नुपर्ने छ ।
३. सबैभन्दा बढी डाँक बोलकबोल गर्नेले आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम सोहि दिन यस संस्थामा जम्मा गरी उक्त भौचरको को प्रति वा संस्थाको नाममा जारी गरेको गुड फर पेमेन्ट चेकको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्रि हुने धितो निरिक्षण गर्न चाहेमा लिलाम गरिने दिन भन्दा अगावै संस्थाको कार्यालयमा सम्पर्क राखी धितो जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न सकिनेछ ।
५. डाँक बोली स्वीकार भएको पत्र पाएको मितिले ७ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई अचल सम्पति आफनो नाममा नामासारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. डाँक बोलपत्र दाखिल भईसकेपछि बोल कबोल गरिएको रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै डाँक बोलकबोल स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको देखिएमा त्यस्तो डाँक बोलकबोल स्वतः रद्द हुनेछ ।
८. डाँक बोलकबोल पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार संस्थामा नै निहित रहनेछ । बोलकबोल स्वीकृत भएमा उक्त सम्पति बोलकबोल वालाको नाममा नामासारी, दाखिल खारेज गर्दा लाग्ने सिफारिस/रजिष्ट्रेशन, लाभकर लगायतका सबै प्रकारको सरकारी शुल्क डाँक बोलकबोल कर्ता स्वयले तिर्नु व्होर्नु पर्नेछ ।
९. डाँक बोलपत्र सदर/बदर हुनु अगावै ऋणिले सम्पुर्ण रकम बुझाएमा प्राप्त डाँक बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।
१०. डाँक बोलकबोल गरिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोहि स्थानमा दिनको १.०० बजे उपस्थित प्रतिनिधिहरुको रोहबरमा डाँक बोलकबोल गरिनेछ , साथै सबै प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलकबोल गर्न बाधा पर्ने छैन ।

डाँक बोलकबोल गरिने मितिः २०८१/१/२५ गते
समयः दिनको १.०० बजे
स्थानः संस्थाको कार्यालय, सानेपा, ललितपुर

रेडियन्ट बहुउद्देश्यीय सहकारी संस्था लि.
ललितपुर म.न.पा.-२, सानेपा, ललितपुर, फोन : ०१-५४२६२९३, ५४२६३८१

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

प्रकाशित मिति २०८०/१२/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/१२/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/१२/०४ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम तोकिएको समायावधिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरुलाई यथावत राखि पुनः दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै यस सूचना प्रकाशित भएको ७ दिन भित्र यस बैंकको नक्सालमा केन्द्रिय कार्यालय रहि, हात्तीसार स्थित सिद्धार्थ बैंक लिमिटेडको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन पुनः आव्हान गरिन्छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	भक्तपुर	भक्तपुर	१७ घ	९०८	०-३-०-३ (रोपनि)
२	भक्तपुर	कटुन्जे	७ ख	१९७२	०-१०-१-३ (रोपनि)
३	भक्तपुर	कटुन्जे	७ क	५९५	०-११-०-० (रोपनि)
				६१३	०-६-०-१ (रोपनि)
				६१५	०-४-३-३ (रोपनि)
४	भक्तपुर	मध्यपुर ठिमी	५	२१४	१३.३५ (व.मी.)
				४३९	१०.५० (व.मी.)
				४४१	२७ (व.मी.)
				४४३	४०.६५ (व.मी.)
				४४६	४.२० (व.मी.)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको नक्सालमा केन्द्रिय कार्यालय रहि, हात्तीसार स्थित सिद्धार्थ बैंक लिमिटेडको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मिति २०८०/१२/२६ गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/१२/२७ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदातालै धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website: www.siddharthabank.com

राजनीतिमा सत्ताको प्रश्न

राजनीति गर्नेले सत्ता वितरित हुन्छ, आफूबाहेक अरूसँग पनि सत्ता र सरकार हुन्छ भन्ने जानेर आफूसँग भएको सत्ताको सामर्थ्य बुझ्न सक्नुपर्छ



अग्रलेख

● विदुरप्रसाद दाहाल

राजनीतिमा शक्ति भए सत्ता प्राप्त हुन्छ। सत्ता भए शक्ति आफैं बन्छ भन्ने भाष्य बनेको छ। आखिर सत्ता के हो ? शक्ति के हो ? सत्ता भनेको राजसत्ता, प्रभुसत्ता हो भने शक्ति भनेको तागत, पराक्रम र सामर्थ्य हो। दार्शनिक मिसेल फुकोको (डिस्कोर्स, पावर एन्ड नलेज, १९६१) दृष्टिमा शक्ति समाजमा व्याप्त छ र वितरित छ। उनी ज्ञानलाई सत्ता भन्थे र 'नलेज इज पावर' भनेर ज्ञानले सत्ता र शक्ति निर्माण गर्नेमा विश्वास राख्थे।

शक्ति प्रत्येक व्यक्तिमा छ। मानिसका हरेक कार्य, सोचाइ, व्यवहार र विमर्शमा शक्ति छ। शक्तिले वस्तु उत्पादन गर्छ, ज्ञान बनाउँछ र विमर्शको उत्पादन गर्छ। मान्छेको शरीरसमेत शक्तिको केन्द्र हो। यसर्थ शक्ति सत्ता पनि हो। सत्ताको स्वरूप वितरित हुन्छ। कुनै पनि सरकार मात्र सत्ता र शक्ति होइन। राज्यसत्ता बृहत् सम्प्रभु हो भने व्यक्ति पनि आफैंमा एउटा सत्ता हो। व्यक्ति आफैंमा सम्प्रभु हुनु आधुनिक राज्य व्यवस्थाको विशेष गुण हो। यद्यपि नेपालमा ६० लाख मान्छे आजपर्यन्त छुवाछुत र जातीय विभेदको चंगुलमा नराम्रोसँग पिल्सिएका छन्।

महिला पनि अनेक किसिमका दमनका सांस्कृतिक र परम्परागत हतियारद्वारा नियन्त्रणमा छन्। मधेश वर्णका कारण उपेक्षित छ। त्यसैले व्यक्ति सत्ता, क्षेत्रीय सत्ता, जातीय सत्ता, वर्गीय सत्ता, धार्मिक सत्ता, ज्ञानको सत्ता, राजनीतिको सत्तामा सरकार विभक्त छ। स्वतन्त्रता व्यक्ति सत्ताको नैसर्गिक अधिकार हो। व्यक्तिको नैसर्गिक सत्ता र स्वतन्त्रता वञ्चितीकरणमा छ, कतै लिंगका नाममा, कतै रंगका नाममा, कतै जातको र कतै भूगोलका नाममा।

समता, मर्यादा, शिष्टता, स्वतन्त्रता र आत्मसम्मानका विषयमा राज्य 'रिथिंक' र 'रिभिजिट' गर्ने स्थितिमा पुग्नैपर्छ। संविधान, कानुन, ऐन र नियमको खोस्टो देखाएर समानुभूति गर्न सक्ने स्थिति बन्दैन। किनकि व्यवहारतः संविधान सर्वत्र सक्रिय छैन। नियम र कानुनभन्दा समाजको आफ्नो धार्मिक विश्वासको कानुन सक्रिय छ। राज्यको कानुन निष्क्रिय छ। गलत ज्ञानलाई सही ज्ञानमा रूपान्तरण गर्न सकिएको छैन। सत्ताको सबैभन्दा माथि बस्नेलाई देखाएर सत्ताका विभिन्न सिँढी र शृंखलामा बस्नेलाई हामी सरकार होइनौं भन्ने छुट छैन। यसर्थ सत्ता र सरकार को हो ? को होइन यो विमर्श आजको विषय हो।

सरकार भनेको के हो ?

आममान्छेको धारणा छ, सरकार भनेको प्रधानमन्त्री र मन्त्री हुन्। भट्ट हेर्दा त्यो हो जस्तो पनि लाग्छ, किनभने सरकार बनाउने र भत्काउने खेल तिनैले गर्छन्। तर, यो भाष्य गलत छ, सरकार भनेको सेवा दिने अधिकार लिएर बसेका सेवाग्राहीको काम गरिदिने सरकारका अवयवमा काम गर्ने सबै कर्मचारी र प्रतिनिधि हुन्।


घाउ लागेर र टाउको दुखेर स्वास्थ्य केन्द्रमा जाँदा सिटामोल दिने र ब्यान्डेज गरिदिने स्वास्थ्यकर्मी पनि सरकार हुन्। एउटा वडाको कार्यालय सहयोगीदेखि वडासदस्य र प्राथमिक स्कुलका परिचरदेखि शिक्षकसमेत सबै सरकार हुन्।

विभिन्न तह र तप्काका कर्मचारीदेखि मुख्य सचिवसम्म र वडासदस्यदेखि गाउँपालिका, नगरपालिका हुँदै जिल्ला समन्वयदेखि प्रदेश र संघीय तहसम्मका जनप्रतिनिधि पनि सरकार हुन्। सरकार एउटा सांसद आफैं पनि सरकार हो। उसले पनि सरकारी शक्तिको अभ्यास गर्न पाउँछ।

विडम्बना ! यहाँ एउटा सांसद पनि अर्कातिर देखाएर त्यो मात्र सरकार हो भन्छ र सरकारको खोजी गर्छ। आफैं सत्ता र सरकार भएको बिर्सन्छ। या भनौं सत्ता र सरकार ऊ आफैं हो भन्ने न उसले पढेको छ, न उसलाई पढाइएको छ। राजनीतिक दलले आफ्ना जनप्रतिनिधिलाई तिमीहरू स्वयं सरकार हौ भनेर प्रशिक्षण दिएको छैन, त्यसैले सरकारहरू आफैं पनि सरकार को हो, को होइन भन्ने भ्रममा छन्। फरक यति हो, हरेक सरकारको काम कर्तव्य र अधिकार फरक-फरक छन्। आर्मीचिफ होस् या प्रहरी महानिरीक्षक या सामान्य सिपाही होस्, उनीहरू सबै आफ्नो दर्जाअनुसारका शक्ति र सरकार हुन्।

केन्द्रीय सत्ता र सरकारसँगै आवधिक चुनावमा भाग लिएर जनप्रतिनिधि बनेका र विभिन्न वडादेखि केन्द्रसम्म जितेर पुगेका पार्टीका प्रतिनिधि र स्वतन्त्र भएर निर्वाचित भएका जनप्रतिनिधिसमेत सरकार हुन्। सडकमा यात्रा गर्ने नागरिकका लागि ट्राफिक प्रहरी पहिलो सरकार हो। ट्राफिकले गर्ने व्यवहार सरकारको व्यवहार हो।

हाम्रो जस्तो चुनाव प्रणाली भएको मुलुकमा र विश्वका अधिकांश देशमा सत्ता एकलौटी कसैको हुँदैन, सत्ता विकेन्द्रित, वितरित र विनियोजित हुन्छ। शक्तिको अभ्यास गर्ने क्रममा हैसियतअनुसार सत्ता निर्माण भएको हुन्छ। केन्द्रीय सत्तामा शक्ति बढी हुन्छ, तर सत्ताको हकमा सत्ता वितरित हुन्छ। अधिकार पाएको र नेपालको नीति-नियम, कानुन र ऐन मानेर सेवा प्रदायक बन्ने जति पनि संस्था छन्, ती सबै सत्ताका अवयव हुन्। सबैको समष्टि मात्र केन्द्रीय सत्ता हो, मन्त्री र प्रधानमन्त्री हुन्। अन्य जनप्रतिनिधि सेवा प्रदायक संस्थाका कर्मचारी पनि सरकार हुन्। फन् कर्मचारीतन्त्र



केन्द्रीय सत्ता र सरकारसँगै आवधिक चुनावमा भाग लिएर जनप्रतिनिधि बनेका र विभिन्न वडादेखि केन्द्रसम्म जितेर पुगेका पार्टीका प्रतिनिधि र स्वतन्त्र रूपमा निर्वाचित जनप्रतिनिधिसमेत सरकार हुन् र उनीहरू सबै सत्ताका हर्ताकर्ता हुन्

त स्थायी सरकारकै रूपमा चिनिन्छ। सेवाग्राहीलाई कर्मचारीले जस्तो सेवा दिन्छन्, त्यो सरकारको सेवा हो। सत्ता अमुक पार्टीको ठूलो नेता, सांसद, मन्त्री र प्रधानमन्त्री मात्र पनि होइन।

राजनीतिमार्फत निर्वाचित भएर आउनेहरू अस्थायी सरकार हुन् भने लोकसेवा र विभिन्न किसिमका परीक्षामार्फत् आएका निजामती, शिक्षक, प्रहरी, सैनिकलगायत अन्य सरकारी निकायका कर्मचारी स्थायी सरकार हुन्। जनप्रतिनिधिले आफूले पाएको सत्ता शक्ति र सरकारको म्यान्डेट बुझेर भूमिका निर्वाह गर्न सके भने सत्ता र सरकारको अभ्यास प्रस्ट हुन्छ। आफूलाई प्राप्त अधिकारको दुरुपयोग नगरी जनप्रतिनिधिले काम गर्दा सत्तामा स्थिरता रहन्छ। जब जनप्रतिनिधिले सत्ता भोगको लक्ष्मणरेखा नाघ्न पुग्छन्, तब सत्ता राजनीतिको चरित्र अस्थिर, अराजक, पदलोलुप, अवसरवादी र असैद्धान्तिक बन्छ।

राजनीतिमा आलोचनात्मक दृष्टि

राजनीतिले आलोचनात्मक दृष्टि स्वीकार गर्छ। आलोचनात्मक सिद्धान्तका प्रतिपादक हर्खाइमले भनेका थिए- आलोचनात्मक सिद्धान्तले मानिसलाई बन्धनमुक्त बनाउँछ र मानव मात्रलाई दासताबाट मुक्ति दिलाउँछ। यो परम्पराको विरोधमा छ र सबै प्रकारका दमनलाई चुनौती दिन्छ। राजनीतिमा सबैले सबैलाई प्रश्न गर्न सिकाउँछ। प्रश्न गर्नुलाई आफ्नो मूल ध्येय ठान्छ। आलोचनात्मक सिद्धान्तले प्रश्न गर्दा ज्ञान निर्माण हुन्छ भन्ने मान्यता राख्छ र प्रश्नलाई खुला राख्छ। प्रश्नमा समस्याको समाधान खोज्छ। कोही पनि अप्रश्नीय र प्रश्न गर्न वर्जित विशेष व्यक्ति, संस्था, नीति र नियम छन् भन्ने ठान्दैन। प्रश्नको घेराबाटै सही समाधान निस्कन्छ भन्ने आलोचनात्मक दृष्टिगोचर गर्छ।

सैद्धान्तिक आलोचना अँध्यारो कुनामा देखाइएको प्रकाशत हो। फगत चाप्लुसी र प्रशंसा फूलले ढाकिएको गहिरो खाल्डो हो, जसले दुर्घटना निम्त्याउँछ, जुनकिरीबराबर प्रकाशले पनि खाल्डोमा पर्ने सम्भावनाबाट जोगाउँछ। तसर्थ, आलोचना रूपमा रुखो भए पनि सारमा नौनी हो। सैद्धान्तिक र रचनात्मक आलोचना हाडेओखर हो। बाहिरबाट जति कडा भए पनि फुटाउने धीरता राखियो भने भित्रको फल पोषणयुक्त हुन्छ।

असैद्धान्तिक गालीगलोज कुण्ठाको वर्षा हो, हीनताबोधको पराकाष्ठा हो। प्रतिशोधको ज्वारभाटा हो। अज्ञानताको सूचक हो। कांग्रेस नेता स्व. प्रदीप गिरि जहिल्यै र जहाँ पनि सत्ताको सैद्धान्तिक आलोचना गर्थे, आफ्नै पार्टीको पनि निर्मम समीक्षा गर्थे, जसका कारण उनी कहिल्यै आलोचित बनेनन्। बरू स्याबासी र प्रशंसा पाइरहे। उनीसँग ज्ञानको गजबको सत्ता थियो।

०४७ को संविधानमा एमालेका तर्फबाट सो पार्टीका तत्कालीन महासचिव मदन भण्डारीले आलोचनात्मक समर्थन गरे र २७ बुँदे आलोचना प्रस्तुत गरे। त्यो आलोचना र असहमति एमालेको सैद्धान्तिक पुँजी थियो, सञ्चित ज्ञान थियो, त्यसले एमालेको हित गऱ्यो र २०७२ को संविधानमा ती बुँदा प्रायः समेटिए पनि। त्यसैले राजनीतिमा आलोचना र फरक मतलाई सहर्ष स्विकारिन्छ। फरक मतमा फरक दृष्टिकोणसहितको फरक सत्य बोध हुन्छ। त्यसैले कुनै पनि विचार निषेध र प्रतिशोधको निसाना बन्नु र बनाइनुहुन्न।

०५१ देखि सशस्त्र युद्ध गरिरहेका प्रचण्ड स्व. गिरिजाप्रसाद र एमाले नेताहरूसँग वार्तामा बसे र आआफ्नो फरक मतसहित राजतन्त्र फाल्ने अभियानमा ०६२/६३ मा हातेमालो गरे। शक्ति र सत्ताको हिस्सा सबैले बुझे। यसर्थ सत्ता वितरित हुन्छ। जसले फरक मत र असहमतिमाथि दमनको दुश्चक्र चलाउँछ, त्यो राजनीति हुन सक्दैन। अराजनीति जतासुकै हुन्छ। तर, राजनीति धेरै कमले मात्र गरेको पाइन्छ। राजनीति एक प्रकारको निष्ठा र सिद्धि प्राप्तिको बाटो हो।

राजनीति गर्नेले सत्ता वितरित हुन्छ र आफूबाहेक अरूसँग पनि सत्ता र सरकार हुन्छ भन्ने जान्नु आवश्यक छ। आफूसँग भएको सत्ताको सामर्थ्य बुझ्नु आवश्यक छ र सरकार कुनै एक विशेष ठाउँ र अमूर्त वस्तु होइन, यो सबैसँग छ भन्ने ज्ञान राख्नु सान्दर्भिक हुन्छ। उदाहरणका लागि, कांग्रेस देशको सबैभन्दा ठूलो पार्टी हो। अहिले ऊ संसद्मा प्रतिपक्षमा छ। तर, स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेशमा समेत सरकारमा पनि छ।

केन्द्रीय सरकारले गर्ने विभिन्न संवैधानिक निकायका नियुक्तिमा प्रमुख विपक्षी दलका नेताको उपस्थिति अनिवार्य छ, तसर्थ सरकारमा हामी छैनौं भन्नु त्रुटिपूर्ण भाष्य हो। फरक यत्ति हो, दलहरूले आफूले पाएको हैसियतअनुसार सरकार र शक्तिको अभ्यास गर्न पाउँछन्। हामीले अपनाएको राजनीतिक व्यवस्थामा कुनै पनि पार्टी प्रायः सरकारबाहिर हुँदैन।

केन्द्रीय सत्ताको मोह नराखेको एक अपवाद नेपाल मजदुर किसान पार्टीले समेत भक्तपुरमा स्थानीय सरकार सञ्चालन गरिरहेको छ भने त्यस पार्टीका सांसद पनि आफैंमा एक सत्ता हुन्। राजनीतिक दलहरूको भूमिका धेरथोर हुन्छ। सत्तामा सहभागिता आलोपालो चलेकै छ। तर, सत्तामा साझेदारी र सहभागिता छैन, हुँदैन भन्नुचाहिँ नितान्त गलत हो। यो देश बनेको, नबनेको जस-अपजसको भारी ०४६ पछि सक्रिय सबै पार्टीको भागमा क्रमशः र हैसियतअनुसार जान्छ। यसबाट कोही पनि अलग हुन सक्दैन।

(कार्की त्रिभुवन विश्वविद्यालयमा एमफिल अध्ययनरत छन्)

३ प्रश्न

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)का अध्यक्ष **गणेश कार्की**लाई



ग्रिन हाइड्रोजन उत्पादनको परीक्षण सफल हुनुलाई के भन्नुहुन्छ ?

यो एकदमै सकारात्मक समाचार हो। ढिलोचाँडो हामी मात्र होइन, संसार नै त्यसमा नपुगी सुखै छैन। संसार नवीकरणीय ऊर्जामा धेरै अघि बढिसक्यो। हामीचाहिँ धेरै ढिलो भइसक्यौं। ग्रिन हाइड्रोजन उत्पादनका लागि पनि बिजुली चाहिन्छ। हामी अझै विद्युत् उत्पादनमै अल्झिरहेका छौं। तैपनि, हामीले बिजुली कम खपत हुने रातको समयमा ग्रिन हाइड्रोजन उत्पादन गर्न सक्छौं। ढिलोचाँडो पेट्रोल र डिजेलको विकल्प ग्रिन हाइड्रोजन नै। अहिले प्रचलनमा आएका विद्युतीय सवारी साधनमा पनि शतप्रतिशत सफा ऊर्जा प्रयोग हुँदैन। त्यसको ब्याट्री व्यवस्थापन ठुलो चुनौती बन्न सक्छ। तर, ग्रिन हाइड्रोजनचाहिँ शतप्रतिशत सफा ऊर्जा भएकाले अबका दिनमा संसार त्यतै लाग्छ।

नेपालमा यसको उत्पादन सम्भाव्यता र बजारको सम्भावना कस्तो छ ?

हामीले आवश्यक विद्युत् ऊर्जाको जोहो गर्न सक्यौं भने ग्रिन हाइड्रोजन उत्पादनको सम्भावना जति पनि छ। ग्रिन हाइड्रोजन उत्पादन गरेर आफ्नो देशको माग पूरा गरी यसलाई संसारभर निर्यात गर्न सकिन्छ। अहिले हामीले खाडी मुलुकबाट इन्धन ल्याइरहेका छौं। अबका दिनमा हामीले खाडी मुलुकलाई ग्रिन हाइड्रोजन बिक्री गर्न सक्छौं। यसलाई युरोप, अमेरिका या संसारका कुनै पनि भूभागमा पुऱ्याएर बेच्न सकिन्छ। त्यसैले बजारको कुनै चिन्ता छैन।

नेपालमा यसको व्यावसायिक उत्पादनको सम्भावना कति छ ?

प्रशस्त छ। यसका लागि सरकारले आवश्यक नीति निर्माण गरी सहजीकरण गरिदिनुपर्छ। साथै, लगानीका लागि बैंकहरूलाई पनि विश्वास दिलाउन सक्नुपर्छ। वाह्य लगानीलाई पनि स्वागत गर्न सक्नुपर्छ। व्यावसायिक उत्पादन नहुने कुरै छैन।

दुर्गन्धित कपडा

प्रेरक प्रसंग

जापानको ओसाका सहरनजिकैको गाउँमा एक बौद्ध भिक्षु बस्थे। उनको ख्याति पूरै देशभर फैलिएको थियो। टाढाटाढाबाट मानिस उनीसित भेटघाट गर्न र आफ्ना समस्याको समाधान खोज्न आउने गर्थे।

एक दिनको कुरा हो, भिक्षु आफ्ना एक अनुयायीका साथ प्रातकालीन भ्रमण गर्दै थिए। अचानक गाउँका एक व्यक्ति नजिक आएर भिक्षुलाई चर्को गालीगलोज गर्न थाले। उनले जानेजति अपशब्द प्रयोग गर्दै भिक्षुलाई गाली गरिरहे। तर, भिक्षु भने उनको कुरा सुन्दै नसुनेजस्तो गरी मुस्कुराउँदै बिहानी भ्रमणको मजा लिँदै हिँडिरहे। भिक्षुको यस्तो चाला देख्दा ती गाउँले झनै आक्रोशित बने र भिक्षुका पुर्खालाई समेत जोडेर गालीगलोज गर्न थाले। तैपनि, भिक्षु शान्तभावले मुस्कुराउँदै अघि बढिरहे। भिक्षुमाथि आफ्नो गालीको कुनै प्रभाव नपरेको देखेर ती गाउँले निराश भए र आफैं भिक्षुको बाटोबाट हटे।

भिक्षुको त्यस्तो चाला देखेर उनका अनुयायीले अचम्म मान्दै सोधे- गुरुदेव, त्यस दुष्ट मानिसले हजुरलाई त्यति नराम्रो भन्दा पनि किन जवाफ दिनुभएन ? फन् हजुर त उल्टै मुस्कुराइरहनुभयो। के हजुरलाई उसको भनाइले कुनै कष्ट भएन ?

भिक्षु केही बोलेनन्। उनले अनुयायीलाई आफ्नो पछाडि आउन इसारा गरे। केहीबेर हिँडेपछि उनीहरू भिक्षुको कुटीमा पुगे। अनुयायीलाई बाहिरै छाडेर भिक्षु कुटीभित्र पसे। केहीबेरपछि भिक्षु एउटा मैलो र थोत्रो लुगा लिएर बाहिर निस्किए र सो कपडा तिनै अनुयायीलाई दिँदै भने- ल, आफ्नो लुगा फुकालेर यो लुगा लगाऊ त तिमी।

लुगाबाट अनौठो दुर्गन्ध आइरहेको थियो। त्यसैले, अनुयायीले भिक्षुको हातबाट कपडा लिनासाथ टाढा फ्याँकिदिए। भिक्षुले भने- के भयो ? तिमी यो मैलो लुगा लगाउन सक्दैनौ, होइन त ? हो, ठीक यसैगरी म पनि ती गाउँलेले दिएका अपशब्द कसरी धारण गर्न सक्छु त ? यति याद राख, कसैले तिमीलाई नराम्रो भन्दैमा तिमी क्रोधित हुन्छौ भने तिमी सफा लुगा फुकालेर पुराना, थोत्रा, मैला र दुर्गन्धित लुगा लगाइरहेका हुन्छौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अति भयो कर छलीको समाचार

हरेक दिन कुनै पनि पत्रिका या अनलाइन पोर्टलको समाचार पढ्दा करोड र अर्बभन्दा बढी करछली गरेका समाचार पढ्नु नपरेको त दिनै छैन। हामीजस्ता सर्वसाधारणले सामान्य कर समयमै तिर्न भ्याएनौं र सम्झिएनौं भने सरकारले चर्को जरिवानासहित असुल्छ। तर, ठूला करदातालाई भने यता पनि छुट, उता पनि छुट गर्दागर्दै बल्लतल्ल निर्धारण भएको कर पनि उसले आलटाल गरेपछि सरकारले उठाउने हिम्मत गर्दैन ? के हाम्रो सरकार ठूला करदातासामु निरीह बनेकै हो ? होइन भने यस्ता अप्रिय समाचार किन पढ्नु या सुन्नुपर्छ ?

● **रवि महर्जन**, कुलेश्वर, काठमाडौं

आशालाग्दो खबर

नेपालमा ग्रिन हाइड्रोजन उत्पादन सुरु भएको समाचार पढ्दा खुसी लाग्यो। यो एउटा आशालाग्दो खबर हो। काठमाडौं विश्वविद्यालय (केयू) को ग्रिन हाइड्रोजन ल्याबले अनुसन्धान प्रयोजनका लागि बनाएको धुलिखेलस्थित स्टेसनबाट यही आइतबारदेखि ग्रिन हाइड्रोजनको उत्पादन सुरु भएको समाचार पढ्दा साँच्चै खुसी लाग्यो। अब राज्यले यस्तो उत्पादनलाई व्यावसायिक रूप दिन उपयुक्त नीति तयार गरी सघाउनुपर्छ। साथै, निजी क्षेत्रले पनि लगानी गरेर यसको व्यावसायिक उत्पादन सुरु गर्नुपर्छ।

● **सुजना काफ्ले**
दक्षिणढोका, काठमाडौं

पेट्रोलको मूल्य चर्को भएन ?

नेपाल आयल निगमले पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ वृद्धि गरेको समाचार पढियो। हुन त चार रुपैयाँ प्रतिलिटर बढ्दैमा के नै फरक पर्छ र पनि भनिएला। तर, यसले नेपाली जनतामाथि ठूलै आर्थिक भार पार्न सक्छ। खासगरी पेट्रोलको मूल्यवृद्धिसँगै सबैभन्दा बढी मोटरसाइकल चढेर आफ्ना दैनिक क्रियाकलाप सम्पन्न गर्ने सर्वसाधारण मर्कामा पर्ने देखिन्छ। त्यसपछि अरू पनि धेरैलाई यसले असर पुऱ्याउँछ। यो मूल्यवृद्धि तत्काल फिर्ता लिइयोस्।

● **अमृता तामाङ**
गोठाटार, काठमाडौं

लामो विदेश भ्रमण किन ?

शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा लामो विदेश भ्रमणमा निस्केका थिए। त्यही क्रममा उनी ओमानमा समेत चार दिन बसे। ओमानसँग नेपालको खासै आयात-निर्यात व्यापार थिएन, छैन। न त ओमान नेपालको महत्त्वपूर्ण श्रम गन्तव्य नै हो। तैपनि तत्कालीन प्रधानमन्त्री देउवाले अनावश्यक रूपमा चार दिन लामो भ्रमण गरे ओमानमा। मलुककै कार्यकारी प्रमुखले प्राथमिकता नपर्ने देशमा चार दिन बिताउनुले त्यतिखेर उनको आलोचनासमेत भएको थियो।

तत्कालीन प्रधानमन्त्री देउवाको आलोचना सुनेका अहिलेका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले सोही प्रकृतिको गल्ती गर्नु आश्चर्यलाग्दो विषय हो। पदमा नबसेको वेलामा जति दिन लामो भ्रमण गर्दा पनि आपत्ति हुँदैन। तर, पदमा बसेका वेला पदको मर्यादा नराखी काम गर्नु पक्कै पनि आलोचनाको विषय बन्छ। त्यसैले अहिले चीनको नौदिने भ्रमणमा परराष्ट्रमन्त्री श्रेष्ठले देशका लागि कुन-कुन उपलब्धि लिएर आए ? के त्यसको कुनै गतिलो उदाहरण या जवाफ छ उनीसित ?

आफू सत्ताबाहिर हुँदा विदेशी राजदूतहरूले नेपालका नेता र मन्त्री, प्रधानमन्त्रीलाई प्रोटोकलविपरीत मनपरी भेटेको भन्दै सधैं विरोध गर्ने मन्त्री श्रेष्ठले विदेश भ्रमणका क्रममा पनि यसबारे सचेत हुनुपर्ने थियो। किनकि, हाम्रो देशका परराष्ट्रमन्त्री देशमा कामै नभएर त विदेश गएका होइनन् होला नि ? त्यति लामो भ्रमणमा जाँदा उताका समकक्षीले पनि उनलाई त्यति नै लामो समय त पक्कै पनि दिएनन् होला। अनि कसले भेटेर के कुरा गरे ? के यसबारे हामी जनताले जान्न पाउँछौं त ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

जर्जिया मेलोनीको आश्चर्यजनक सफलता

पार्टीमा रहेको सीमित सदस्यता तथा शासन अनुभवको अभावका बाबजुद ब्रदर्स अफ इटलीकी नेतृको यो उपलब्धि उल्लेखनीय हो



देश/विदेश

● लुक्रेजिया राइचलिन

करिब दुई वर्षदेखि सत्तासीन इटलीकी प्रधानमन्त्री जर्जिया मेलोनी इटलीमा मात्रै नभई युरोपियन युनियनमा पनि पहिलेभन्दा धेरै लोकप्रिय र प्रभावशाली बनेकी छिन्। इटलीको फासीवादसँग पार्टीको ऐतिहासिक सम्बन्ध, पार्टीमा रहेको सीमित सदस्यता, शासन अनुभवको अभाव र हालसम्म युरोपियन युनियन र युरोको कट्टर विरोधलाई हेर्दा ब्रदर्स अफ इटलीकी नेतृको यो उपलब्धि उल्लेखनीय हो।

उग्र-दक्षिणपन्थी पार्टी लेगा र मध्यम-दक्षिणपन्थी फोर्जा इटालियासँग तीन-दलीय गठबन्धनको नेतृत्वमा ब्रदर्स अफ इटलीले ठोस बहुमत पाएको छ। तर, यसले मात्रै ऊ गठबन्धनका अन्य साझेदारभन्दा भिन्न होइन। लेगाको नेतृत्व गर्ने रुस समर्थक माटेओ साल्भिनीविपरीत मेलोनी मुखर नेटो समर्थक हुन्। यसैकारण युरोपियन युनियनका नेता र बजारले उनलाई सकारात्मक रूपमा लिन्छन्।

मेलोनीसँग युरोपेली राजनीतिमा दिगो प्रभाव पार्ने सामर्थ्य छ। ब्रदर्स अफ इटली मध्यम-दक्षिणपन्थी युरोपियन कन्जर्भेटिभ एन्ड रिफर्मिस्ट (इसिआर) समूहको हिस्सा हो, जसको अध्यक्ष मेलोनी हुन्। फोर्जा इटालिया युरोपियन पिपुल्स पार्टी (इपिपी) सँग सम्बद्ध छ भने लेगा आइडेन्टिटी एन्ड डेमोक्रेसी ग्रुपसँग आबद्ध छ, जसमा जर्मनीको अल्टरनेटिभ फर डचल्यान्ड र फ्रान्सको नेसनल च्यालीजस्ता उग्र-दक्षिणपन्थी पार्टी समावेश छन्।

जुनमा हुने आगामी युरोपेली संसदीय चुनावले दक्षिणपन्थीलाई बलियो र मध्यपन्थीलाई कमजोर बनाउनेछ। मेलोनीले यो अवस्थामा इसिआरको सान्दर्भिकता बढाउने लक्ष्य राखेकी छिन्। चुनावमा इपिपीले अग्रता लिए पनि शासनका लागि गठबन्धन बनाउनुपर्नेछ र यस अवस्थामा इपिपीलाई इसिआरको मत आवश्यक पर्छ। मेलोनीले यस अवसरलाई युरोपेली आयोगको अध्यक्षका रूपमा दोस्रो कार्यकालका लागि इपिपीबाट उर्सुला भोन डेर लेयनलाई समर्थन गरेर ब्रदर्स अफ इटलीका लागि प्रमुख भूमिका सुरक्षित गर्न प्रयोग गर्न सक्छिन्।

इसिआर, इपिपी र उदारवादीबीच औपचारिक गठबन्धन निःसन्देह असम्भव छ। स्पेनको भोक्स, पोल्यान्डको ल एन्डजस्ता कट्टर दक्षिणपन्थी पार्टी र फ्रान्सको रिकंक्वेट जस्ता नयाँ पार्टीको समावेशीकरणले मूलधारका दललाई इसिआरको सदस्यता अँगाल्न चुनौतीपूर्ण बनाउँछ। तर, मुद्दा विशेषमा व्यावहारिक वार्ता र समर्थन असम्भव हुनेछैन। यस अवस्थामा मेलोनी एक मुख्य शक्ति बन्नेछिन्। सबै राजनीतिक चक्र र व्यवहारबीच बहिर्गमनमा गइरहेको युरोपेली आयोगका हरित नीतिजस्ता केही प्रतिबद्धता कमजोर हुने सम्भावना छ।

युरोपेली राजनीतिमा मेलोनीको प्रभाव युरोपेली संसद् बाहिर फैलिने सम्भावना छ। फासीवादबाट उत्पन्न भएको पार्टी, रुस समर्थक पार्टी र इपिपीको सदस्य पार्टी एक ठाउँमा आउनु इटलीका लागि अनौठो देखिन सक्छ। यसो हेर्दा यो एकता दोहोरिने सम्भावना छैन, तर अहिलेसम्म यो सफल देखिन्छ। यदि यो इटलीमा सफल भयो भने यसले युरोपभरिका अन्य राजनीतिक दलका लागि नमुनाका रूपमा काम गर्न सक्छ।

पछिल्ला दुई दशकमा धेरै विकसित लोकतान्त्रिक देशमा मतदाता राजनीतिक दलप्रति निरन्तर रूपमा कम बफादार हुँदै गएका छन्। दलीय समर्थनमा ठूला उतारचढाव आएका छन्। कहिले नयाँ पार्टी उदाएका छन् भने कहिले पतन भएका छन्। परम्परागत दलले बृहत् राजनीतिक कार्यक्रम प्रस्तुत गर्थे भने नयाँ आन्दोलन प्रायः साँघुरो मुद्दामा केन्द्रित हुने गर्छन्। मतदान बढ्दो रूपमा लेनदेन बन्दै जाँदा 'अप्राकृतिक' गठबन्धनका लागि ठाउँ बढ्दै छ।



तस्बिर : जन थाइस/एएफपी

मेलोनीका लागि अवस्था पूर्ण रूपमा अनुकूल भने छैन। वास्तवमा इटलीमा उनलाई निरन्तर स्थिर समर्थनको प्रत्याभूति छैन। ब्रदर्स अफ इटलीको लोकप्रिय मतको अंश सन् २०१८ मा चार प्रतिशतबाट आज करिब २७ प्रतिशत पुगे पनि यो पार्टीको सामर्थ्य अन्य पार्टीको कमजोरीको परिणाम हो। यो युरोपका अन्य देशमा पनि लागू हुन्छ। फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स, पोर्चुगल र स्पेनका सरकार अर्को चुनावमा टिक्ने सम्भावना छैन। तर, इटलीमा विभाजित प्रतिपक्षले धेरै चुनौती दिन सक्ने देखिन्न।

इटलीका मतदाता आर्थिक कठिनाइका कारण अस्थिर हुन सक्छन्। इटलीको अर्थतन्त्रले कोभिड-१९ महामारीपछि तुलनात्मक रूपमा राम्रो प्रदर्शन गरेको छ र जर्मनीलाई समेत पछाडि पारेको छ। यद्यपि, संकट-प्रतिक्रिया उपाय विशेषतः निर्माण क्षेत्रका लागि उदार-अनुदान बिस्तारै फिर्ता हुन थालेपछि परिदृश्य अन्धकार भएको देखिन्छ। इटलीको वित्तीय घाटा यस वर्ष कुल गार्हस्थ उत्पादनको ४.३ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ, जुन सरकारको मूल लक्ष्यभन्दा ०.६ प्रतिशतले बढी हो। यसबाहेक इटलीको शुद्ध प्राथमिक खर्चले युरोपियन युनियनको नयाँ वित्तीय नियम उल्लंघन गर्ने पूर्वानुमान गरिएको छ। यसबाहेक स्वतन्त्र पूर्वानुमानकर्ताले सन् २०२४ को वृद्धि प्रक्षेपण अत्यधिक महत्त्वाकांक्षी हुन सक्ने चिन्ता व्यक्त गरेका छन्। यसले थप स्पष्ट वित्तीय समायोजन सम्भव देखिँदैन भन्ने देखाउँछ।

यसका बाबजुद इटलीका सरकारी बन्डमा जोखिम प्रिमियम अहिलेका लागि अप्रभावित छ। युरोविरुद्ध गएकै कारण वित्तीय बजार अस्थिरताका दिन सकिएका छन्। यद्यपि बजारले इटलीको प्रदर्शनलाई नजिकबाट निगरानी गरिरहेको छ र बजारसम्बन्धी भावना परिवर्तन हुन सक्छ।

उसो त मेलोनी एक सिर्जनात्मक राजनीतिज्ञ साबित भए पनि (धेरैका अनुसार उनी लोकप्रियतावादी बन्ने डर थियो) अरूको कमजोरीमा आधारित नेतृत्व दिगो हुँदैन। हालसम्म मेलोनीले इटलीको संरचनात्मक समस्या, क्षेत्रीय असमानता र स्वास्थ्य एवं पेन्सन प्रणाली सुधारको आवश्यकतालाई सम्बोधन गर्न रणनीति बनाएकी छैनन्। ढिलो-चाँडो मतदाताले ब्रदर्स अफ इटलीलाई पछाडि पार्न सक्छन्।

(राइचलिन युरोपियन सेन्ट्रल बैंककी पूर्वअनुसन्धान निर्देशक हुन्)

– प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

आर्थिक संकटले युक्रेन युद्धमा होमिन बाध्य श्रीलंकाली युवा



युक्रेन युद्धमा हालै ज्यान गुमाएका श्रीलंकाली युवा । तस्बिर : अल जजिरा

कैयौँ श्रीलंकाली युवा देशभित्रको चरम गरिबीबाट उम्किने आशामा मृत्युलाई बेवास्ता गर्दै रुसी सेनामा भर्ती भइरहेका छन्

सन् २०२२ फेब्रुअरी महिनादेखि युक्रेन र रुसबीचको युद्ध जारी छ । मुख्यतः युक्रेनी भूमिमा लडिएको यस युद्धको प्रभाव भने ती दुई देशको भूभागमा मात्र सीमित छैन । युद्धका कारण दुई देशभन्दा धेरै टाढाका मानिस र उनीहरूका परिवारलाई असर गरेको छ । विशेषतः दक्षिण एसियाका नेपाल, भारतका विपन्न परिवारका युवा युद्धमा रुसी पक्षबाट लडेको खबर यसअघि आइसकेको छ, जसमा केहीको ज्यान गइसकेको छ । अर्को दक्षिण एसियाली देश श्रीलंकाका पनि सयौँ युवा यस युद्धमा सरिक छन् ।

श्रीलंकाली नागरिक सेनाका बन्धारा (परिवर्तित नाम) दोनेत्स्कस्थित रुसी बंकरमा युक्रेनी पक्षले गरेको बमबारीबाट गम्भीर घाइते भए । उनलाई साथी निपुना सिल्भा (परिवर्तित नाम)ले बोकेर सुरक्षित स्थानमा लैजाने प्रयास गर्दै थिए । ३६ वर्षीय सेनाकाको हात र खुट्टाबाट रगत बगिरहेको थियो । सिल्भाको अवस्था उनको भन्दा निकै नाजुक थियो । उनका अनुसार ड्रोन आक्रमण चर्किएपछि उनी सिल्भालाई छाडेर भाग्न विवश भए । 'युक्रेनी युद्ध क्षेत्र यति खतरनाक रहेको कुरा हामीलाई थाहा थिएन,' उनले भने ।

सेनाकाका अनुसार उनी र सिल्भालाई रुसी 'सहायक दस्ता'मा सामेल गराएर युद्धमोर्चामा पठाउनुअघि दुई 'प्रशिक्षण कोर्स' गराइएको थियो । निपुना सिल्भाको पछि शव फेला पर्‍यो । सेनाकाका अनुसार सिल्भा रुसी सेनामा भर्ती भएर दोनेत्स्क क्षेत्रमा युक्रेनविरुद्ध लड्ने क्रममा पछिल्लो समय मारिने दोस्रो श्रीलंकाली नागरिक हुन् । गत वर्ष युक्रेनमा लड्दा तीन श्रीलंकाली मारिएका थिए । सयौँ श्रीलंकाली अहिले रुसी सेनाका रूपमा युक्रेनमा लडिरहेका छन् । मासिक तीन हजार डलरसम्मको तलब र रुसी नागरिकता पाउने सम्भावना देखेर कयौँ श्रीलंकाली रुसी सेनामा भर्ती भइरहेका छन् । त्यस्तै थप कैयौँ श्रीलंकाली देशभित्रको चरम गरिबीबाट उम्किने आशामा मृत्युलाई बेवास्ता गर्दै रुसी सेनामा भर्ती भइरहेका छन् ।

युद्धमा होमिनु विवशता

दक्षिणी श्रीलंकाका स्थायी बासिन्दा २७ वर्षीय निपुना सिल्भाले उनको परिवार छाडेर अर्काको देशको युद्ध लड्न गरेको निर्णयले समकालीन श्रीलंकाको बृहत्तर स्थिति दर्साउँछ । सन् २०२२ मा श्रीलंका स्थापनाकालयताकै गम्भीर आर्थिक संकटमा पर्दा २ दशमलब २ करोड जनसंख्या भएको यस टापु देशमा भोकमरी आउनेसम्मको स्थिति आयो । उच्च मुद्रास्फीति र तिर्न नसकिने स्तरको वैदेशिक ऋणले देशले इन्धन, औषधि र खाद्यान्नसमेत किन्न सकेको थिएन ।

देशमा छाएको आर्थिक संकटका कारण गरिबीको सामना गर्नुपरेपछि श्रीलंकाली सेनामा नौ वर्ष काम गरेका निपुना रुसी सेनामा भर्ती हुन बाध्य भए । रुस जानलाई निपुनाले थप ऋण लिनुपर्‍यो । उनी गत वर्ष जुन २ मा मस्को गएका थिए । त्यहाँबाट उनी रुसको दुर्गम गाउँको फार्ममा पठाइए । फार्ममा दैनिक १४ घण्टा काम गर्नुपर्थ्यो । यसबापत उनले मासिक एक लाख ६० हजार श्रीलंकाली रुपैयाँ (५३० डलर) तलब थापिरहेका थिए । काम गाह्रो भएकाले निपुनाले फार्म छाडे र रेस्टुरेन्टमा काम गर्न मस्को गए । मस्कोमा काम गर्दा उनले सेनामा भर्ना खुलेको थाहा पाए ।

परिवारको आर्थिक अवस्था सन्तोषजनक थिएन । निपुनाको आम्दानीबाट ऋणको किस्ता तिरेर बाँकी रकममा घर चल्न गाह्रो भइरहेको थियो । 'हामीले कहिल्यै लालाबालालाई नयाँ लुगा वा खेलौना किन्न सकेनौँ,' निपुनाकी पत्नी वासन्थी भनिन्, 'हाम्रो कमजोर आर्थिक स्थितिकै कारण उनले रुसी सेनामा भर्ती हुने निर्णय गरे ।'

श्रीलंकाको सेनाका सेवानिवृत्त सदस्यका अनुसार युक्रेनी युद्धमोर्चामा श्रीलंकालीको मृत्युको खबर आइरहे पनि धेरै युवा रुसी सेनामा भर्ती हुन इच्छुक छन् । 'म युद्धमैदानमा मरे पनि कम्तीमा मेरा श्रीमती र बच्चाहरूले क्षतिपूर्ति पाउनेछन् । कम्तीमा उनीहरूले रुसमा राम्रो जीवन पाउनेछन् । उनीहरू रुस गएर नागरिकता लिन सक्छन्,' आफ्नो जीवनयापनबाट निराश श्रीलंकाका एक सेवानिवृत्त सैनिकले भने । राजधानी कोलम्बोबाट करिब २०० किलोमिटर उत्तरमा रहेको अनुराधापुरा निवासी ती युवाले श्रीलंकाको आर्थिक कठिनाइको तुलनामा रुसी सेनामा भर्ती भएर ज्यान गुमाउने सम्भावना कम चिन्ताजनक भएको बताए । एक सेवारत श्रीलंकाली सिपाहीले रुसी सेनामा भर्ना हुने अवसर पाएमा अहिलेको पद त्याग्ने विचार गरिरहेको बताए । 'मलाई थाहा छ, यो खतरनाक छ । तर, मसँग अर्को कुनै विकल्प बाँकी छैन,' ती सिपाहीले भने ।

युक्रेनमा लडाइँमा सामेल हुनेहरू मुख्यतः पैसाकै लागि त्यसो गरिरहेका श्रीलंकाका लेखक, राजनीतिक विश्लेषक र स्तम्भकार गामिनी भियांगोडाले बताए । 'श्रीलंकाको भीषण गृहयुद्धको समयमा पनि सेनामा भर्ती हुनेहरू अधिकांश गरिब परिवारका थिए । उनीहरू घरबार चलाउन युद्धग्रस्त देशका सेना हुन पनि पछि हट्दैनथे,' भियांगोडाले भने । श्रीलंकाली सेना र तमिल पृथक्तावादीबीच सन् १९८३ देखि २००९ सम्म चलेको रक्तपातपूर्ण द्वन्द्वमा ८० हजारदेखि एक लाख मानिस मारिएको संयुक्त राष्ट्रसंघको अनुमान छ । 'रुसी सेनाको भर्ती त्यही प्रवृत्तिको विस्तार हो । उनीहरू युद्धमैदानमा मरेमा क्षतिपूर्ति पाउने ठान्छन् । हालको आर्थिक कठिनाइका कारण यो पूर्णतया आर्थिक उद्देश्यले प्रेरित छ,' भियांगोडाले भने । आम नागरिक पैसाका लागि रुसी पक्षबाट लडेर ज्यान गुमाउँदा केही श्रीलंकाली सैनिकले भने युक्रेनी पक्षबाट लडेको रेकर्ड छ । तीमध्ये तीनजनाले डिसेम्बरमा ज्यान गुमाए ।

-अल जजिराबाट

इतिहासमा आज

अप्रिल २



सन् २०१६ : पानामा पेपर्स प्रकाशित । अफसोर ल फर्म मोजाक फोन्सेकाबाट लिक भएका ११ लाख ५० हजार गोप्य दस्ताबेजहरूले विश्वका ठालुहरूले गरेका ठगी, चोरी, करछली, अन्तर्राष्ट्रिय प्रतिबन्धको उल्लंघनजस्ता गैरकानुनी गतिविधिबारे उजागर गरेको थियो ।

- **सन् १९२२** : भ्लादिमिर लेनिनले रसियन कम्युनिस्ट पार्टीको महासचिवमा जोसेफ स्टालिनलाई नियुक्त गरे ।
- **सन् १९४०** : सोभियत सेनाले करिब २२ हजार पोलिस नागरिकको आमसंहार गर्‍यो । काट्यान आमसंहारलाई इतिहासमा युद्धबन्दीहरूको सबैभन्दा खराब आमसंहार मानिन्छ । बन्दी बनाइएका पोलिस अफिसर कर्प्सका सबै सदस्यलाई मार्ने आदेशमा जोसेफ स्टालिनले हस्ताक्षर गरेका थिए ।
- **सन् १९४८** : अमेरिकी राष्ट्रपति ह्यारी एस. ट्रुम्यानद्वारा मार्सल प्लानमा हस्ताक्षर । यसअन्तर्गत अमेरिकाले द्वितीय विश्वयुद्धपछि युरोपका अर्थतन्त्रको पुनर्निर्माणमा सघाउन १२ अर्ब ४० करोड छुट्याएको थियो ।
- **सन् १९६६** : अमेरिकाका विवादास्पद गणितज्ञ तथा अतिवादी टेड काजाइनस्की गिरफ्तार । अराजकतावादी विचारबाट प्रेरित गणितज्ञले सन् १९७८ देखि १९९५ सम्म १६ वटा लेटर बम पठाएका थिए, जसमा तीनजनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए ।

विश्व संक्षेप

उच्च अदालतले रोक्यो खानको सजाय

इस्लामाबाद/ पाकिस्तानको उच्च अदालतले जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानविरुद्ध भ्रष्टाचारको आरोपमा सुनाइएको जेल सजायलाई रोकिदिएको छ । अदालतले यसै सम्बन्धमा पूर्वप्रधानमन्त्री खानकी पत्नीको मुद्दालाई पनि रोकिदिएको छ । यसबाहेक राजद्रोह र अवैध विवाहसम्बन्धी अन्य दुई मुद्दामा सुनाइएको एक दशक लामो जेल सजाय कायम रहेकाले उनी जेलमुक्त भने हुने छैनन् । पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीका प्रवक्ता अहमद जान्जुआले इस्लामाबाद उच्च अदालतले पूर्वक्रिकेटरलाई राज्यको उपहार बेचेको आरोपमा सुनाइएको भ्रष्टाचारको आरोपलाई रोकिदिएको पुष्टि गरे ।

गाजामा ६ सय इजरायली सैनिकको मृत्यु

जेरुसेलम/ इजरायली सेनाले गाजामा गत अक्टोबर ७ बाट सुरु भएको युद्धमा ६०० जना इजरायली सैनिकको मृत्यु भएको जनाएको छ । इजरायली भूमिमा अक्टोबर ७ का दिन गाजामा सक्रिय हमास लडाकुले आक्रमण गरेपछि त्यसको जवाफमा इजरायलले हमासविरुद्ध युद्ध सुरु गरेको थियो । आक्रमणमा २० वर्षीय सैनिक जवान नाडाभ कोहेनको मृत्यु भएसँगै गाजा युद्धमा मारिने सैनिक ६०० पुगेको इजरायली सेनाले जनाएको छ ।

केजरिवाल थप १५ दिन न्यायिक हिरासतमा



सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा हिरासतमा राखिएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालको अप्ठ्यारो कम हुने कुनै संकेत देखिएको छैन । उक्त मुद्दामा प्रवर्तन निर्देशनालयको हिरासतमा दोस्रोपटक थपिएको म्याद सोमबार समाप्त भएपछि केजरिवाल अर्को दुई साता जेलमा बिताउने भएका छन् । स्थानीय अदालतले उनलाई अप्रिल १५ सम्म जेल चलान गरेको छ । उनलाई तिहाड जेल चलान गर्नुअघि अदालतले उनकी पत्नी सुनिता केजरिवाल र मन्त्रीहरू आतिसी र सौरभ भारद्वाजसँग भेट्न पनि अनुमति दिएको थियो ।

केजरिवाललाई मार्च २१ मा मदिरा नीति घोटालामा पक्राउ गरिएको थियो । केन्द्रीय एजेन्सीले नौपटकसम्म गरेको बोलावटलाई अस्वीकार गरेपछि उनी पक्राउ परेका थिए । पक्राउपछि उनले इडीको हिरासतबाटै सरकार चलाएका थिए । केजरिवाललाई सोमबार बिहान हिरासतको म्याद सकिनुअघि दिल्लीको राउज एभिन्यु अदालतमा पेस गरिएको थियो । सोधपुछका क्रममा उनी 'असहयोगी' देखिएको र अस्पष्ट जवाफ दिएको इडीले जनाएको छ । उनले आफ्नो डिजिटल उपकरणको पासवर्ड खुलासा नगरेको इडीले अदालतलाई बताएको थियो ।

सम्पत्ति शुद्धीकरण आरोपको छानबिन गरिरहेको इडीले भविष्यमा फेरि उनलाई हिरासतमा राख्न सकिने जनाएको छ । इडीका अनुसार केजरिवालले अन्य आप सदस्यविरुद्ध झुटा प्रमाण दिएका थिए । केजरिवालका वकिलले उनको अस्वस्थतालाई ध्यानमा राख्दै जेलभित्र केही औषधि र विशेष आहारको माग गरेका छन् । जेलमा रहेका मुख्यमन्त्रीलाई रामायण, श्रीमदभगवद् गीता र हाउ प्राइमिनिस्टर डिसाइड (पत्रकार नीरजा चौधरीद्वारा लिखित)को प्रतिलिपि उपलब्ध गराउन पनि अनुरोध गरिएको छ ।

मुख्यमन्त्रीले आफ्नो गिरफ्तारीविरुद्ध दिल्ली उच्च अदालतमा पनि मुद्दा दायर गरेका छन् । उनले अनुसन्धान एजेन्सीले आफ्नो मौलिक अधिकारको हनन गरेको तर्क गरेका छन् । अदालतले इडीलाई सूचना जारी गर्दै अप्रिल २ सम्ममा जवाफ माग गरेको थियो । सुनुवाइ अप्रिल ३ मा पुनः सुरु हुनेछ ।

गिरफ्तारीलाई केजरीवालले 'राजनीतिक षड्यन्त्र' भनेका छन् । उनले पछिल्लो सुनुवाइका क्रममा अदालतमा सम्बोधन पनि गरेका थिए र कुनै पनि अदालतले आफूलाई दोषी प्रमाणित नगरेको दाबी गरेका थिए । दिल्लीको मदिरा व्यवसायमा सुधार ल्याउन अन्तःशुल्क नीति लागू गरिएको थियो । तर, लेफ्टिनेन्ट गभर्नर विके सक्सेनाले नीतिमा कथित अनियमितताको छानबिन गर्न आदेश दिएपछि खारेज गरियो ।

केजरीवालको पक्राउलाई लिएर भारतमा विपक्षी 'इन्डिया' गठबन्धनले तीव्र विरोध जनाएको छ । आइतबार 'लोकतन्त्र बचाऊ'को नारा दिएर दिल्लीको रामलीला मैदानमा गरिएको सभामा विपक्षी नेताहरूले भाजपा र प्रधानमन्त्री नरेन्द्र मोदीले देशको लोकतन्त्र संकटमा पारेको आरोप लगाएका थिए ।

-एनडिटिभीबाट

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/१२/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

जनकपुर शाखा, धनुषा

ऋणीको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषामा प्रा.फ.र.नं. ११८७९/५९०/२०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०५ दर्ता कायम भएको **चौधरी जेनरल सप्लायर्स** फर्म दर्ता ठेगाना : जनकपुर उ.म.न.पा. -४, धनुषा स्थायी लेखा नं. ६०८४८६८७१, मिति २०७५/०६/०५ **प्रोप्राइटर : राम बहादुर चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	महावीर मिश्रको छोरी, खटर चौधरीको बुहारी, राम बहादुर चौधरीको पत्नी, शीला देबीको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ७ स्थित कित्ता नं. ६०६ को क्षेत्रफल ०-०-६-० विगहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानत दिनेको विवरण

राम बहादुर चौधरी ना.प्र.नं. ७८६४१५९२ जारी मिति २०४१/११/०८ जि.प्र.का. महोत्तरी, जलेश्वर बाबुको नाम : खटर चौधरी बाजेको नाम : महाविर चौधरी स्थायी ठेगाना : रतौली -२, महोत्तरी	**शीला देवी** ना.प्र.नं. ७८६४२०६३, जारी मिति २०४५/०२/०५ जि.प्र.का. महोत्तरी बाबुको नाम : महावीर मिश्र पतिको नाम : राम बहादुर चौधरी ससुराको नाम : खटर चौधरी स्थायी ठेगाना : रतौली -२, महोत्तरी	**मनिष चौधरी** ना.प्र.नं. १८१०२७/१४२ जारी मिति २०६७/०३/२५ जि.प्र.का. महोत्तरी बाबुको नाम : राम बहादुर चौधरी बाजेको नाम : खटर चौधरी स्थायी ठेगाना : रतौली -२, महोत्तरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. राज कुमार महतो ना.प्र.नं. १७३०८९/८९, जारी मिति २०६३/१२/१८ जि.प्र.का. धनुषा बाबुको नाम : पृतम महतो कोइरी बाजेको नाम : संतोषी महतो स्थायी ठेगाना : लक्ष्मीनिवास - २, धनुषा **कर्जा शिर्षक : आवधिक कर्जा**	**इन्दु देवी** ना.प्र.नं. १७३०८९/४८४ जारी मिति २०६३/१२/२१, जि.प्र.का. धनुषा बाबुको नाम : झरि लाल महतो पतिको नाम : राज कुमार महतो ससुराको नाम : पृतम महतो कोइरी स्थायी ठेगाना : लक्ष्मीनिवास - २, धनुषा	झरि लाल महतोको छोरी, पृतम महतो कोइरीको बुहारी, राज कुमार महतोको पत्नी, इन्दु देवीको नाममा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको, धनुषा जिल्ला, भुचकपुर गा.वि.स./न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ६४६ को क्षेत्रफल ०-५-१५-० विगाहा को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

गौर शाखा, रौतहट

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा प्रा.फ.नं. ५४८३/१९ अन्तर्गत मिति २०७४/०४/१२ दर्ता कायम भएको **जे.पी. ईट्टा उद्योग** फर्म दर्ता ठेगाना : महमदपुर -३ (हाल: गरुडा -५), रौतहट स्थायी लेखा नं. ६०६३२२८१४, मिति २०७४/०४/१७ **प्रोप्राइटर : जय प्रकाश राय यादव** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**जय प्रकाश राय यादव** ना.प्र.नं. २५८६ जारी मिति २०५८/०७/०८ जि.प्र.का. रौतहट बाबुको नाम : सर्वजित राय यादव बाजेको नाम : बैजनाथ राय यादव स्थायी ठेगाना : महमदपुर -३, रौतहट	**फुलकान्ती देवी** ना.प्र.नं. ३२३०७२/११७८ जारी मिति २०६३/१२/०२, जि.प्र.का. रौतहट बाबुको नाम : विजुली राय यादव पतिको नाम : जय प्रकाश राय यादव ससुराको नाम : सर्वजित राय यादव स्थायी ठेगाना : महमदपुर -३, रौतहट

धितोको विवरण

जग्गाको विवरण

बैजनाथ राय यादवको नाति, सर्वजित राय यादवको छोरा, जय प्रकाश राय यादवको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता श्रेस्ता कायम रहेको

क. रौतहट जिल्ला, महमदपुर गा.वि.स./ न.पा. वडा नं. ३ स्थित कित्ता नं. ११४९, ११५३ र ११६१ को क्षेत्रफल क्रमश : ०-५-२.५-०, ०-२-२.५-० र ०-२-१७.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ख. रौतहट जिल्ला, महमदपुर गा.वि.स./ न.पा. वडा नं. ४ स्थित कित्ता नं. १४६०, १४६४ र १४४२ को क्षेत्रफल क्रमश : ०-४-५-०, ०-१-५-० र ०-३-१२.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ११७२०/३९० अन्तर्गत मिति २०७८/०५/०३ मा दर्ता कायम भएको **सुमन रेडिमेड एण्ड कस्मेटीक पसल** फर्म दर्ता ठेगाना : देवाही गोनाही -७, रौतहट स्थायी लेखा नं. ६१६४३५२४३, मिति : २०७८/०५/०३ **प्रोप्राईटर : शीवदयाल हजरा** **कर्जा शिर्षक : आवधिक कर्जा**	१. बुनि हजरा दुसाधको नाति, गणेश हजराको छोरा, फेकन हजरा दुसाधको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, प्रेमपुरगोनाही गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १७९८ को क्षेत्रफल ०-१-३-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. गनेश हजरा दुसाधको नाति, फेकन हजरा दुसाधको छोरा, शीवदयाल हजराको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला, प्रेमपुरगोनाही गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १७९९ को क्षेत्रफल ०-१-७-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानत दिनेको विवरण

शीवदयाल हजरा ना.प्र.नं. ६६१५ जारी मिति २०६२/०३/३१ जि.प्र.का. रौतहट बाबुको नाम : फेकन हजरा दुसाध बाजेको नाम : गणेश हजरा स्थायी ठेगाना : प्रेमपुरगोनाही -८, रौतहट	**फेकन हजरा दुसाध** ना.प्र.नं. १४०६-१४६९ जारी मिति २०४४/११/२० जि.प्र.का. रौतहट बाबुको नाम : गणेश हजरा बाजेको नाम : बुनि हजरा दुसाध स्थायी ठेगाना : प्रेमपुरगोनाही -८, रौतहट	**पुनकलीया देवी** ना.प्र.नं. ३२१०१४ जारी मिति २०५५/०७/१६ जि.प्र.का. रौतहट बाबुको नाम : भोला हजरा पतिको नाम : फेकन हजरा दुसाध ससुराको नाम : गणेश हजरा स्थायी ठेगाना : प्रेमपुरगोनाही -८, रौतहट	**अनिता कुमारी पासवान** ना.प्र.नं. ३२-१-६९-२०३७ जारी मिति २०६९/०२/२८ जि.प्र.का. रौतहट बाबुको नाम : खहेरु हजरा दुसाध पतिको नाम : शीवदयाल हजरा ससुराको नाम : फेकन हजरा दुसाध स्थायी ठेगाना : प्रेमपुरगोनाही -८, रौतहट

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७ लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम विना व्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० चैत्र २६ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० चैत्र २७ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालयमा

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-५३२८६७१/५३२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सिटिजन्स बैंकको निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले १७औँ वार्षिकोत्सवलाई मध्यनजर गर्दै गत शनिबार निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। वैशाख ७ गते बैंकको वार्षिकोत्सव हो। बैंकले गण्डकी प्रदेशअन्तर्गत बेनी शाखा र कर्णाली प्रदेशअन्तर्गत सुर्खेत शाखाको सक्रियतामा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेको हो। बैंकले बेनी नगरपालिका-६ को बेनी सञ्जीवनी हेल्थ क्लिनिक र सुर्खेतको बराहताल गिरीघाटस्थित जिपी मेमोरियल नर्सिङ होमसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। उक्त स्वास्थ्य शिविरमा करिब तीन सयजनाभन्दा बढी व्यक्तिले सेवा लिएका थिए। बैंकले निःस्वार्थ भावले विभिन्न सामाजिक गतिविधि गर्दै आएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	**सत्य नारायण यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : जिवलाल यादव बाजे : छुतहरु यादव	छुतहरु यादवको नाति, जीवलाल यादवको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.१६ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बस्ने सत्य नारायण यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. ३क स्थित कित्ता नं. ८११ र ४२५ को क्षेत्रफल क्रमश: ०-१-७-२ र ०-०-१५-० (विगाह) को घर जग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । **जमानीकर्ताहरुको विवरण** **१) मनोज यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.१६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : सत्यनारायण यादव बाजे : जीवलाल यादव **२) सुनिल यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.१६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : सत्य नारायण यादव बाजे : जीवलाल यादव **३) सिकन्दर यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.१६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : सत्यनारायण यादव बाजे : जीवलाल यादव **४) संतोष कुमार यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.१६ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : सत्यनारायण यादव बाजे : जीवलाल यादव **५) राज कुमारी देवी यादव** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर न.पा. वडा नं. ८ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.१६ बाबु : इशक लाल यादव ससुरा : जीवलाल यादव पति : सत्यनारायण यादव
२)	**ऋणीको विवरण** १) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देही प्रा.फ.रं.नं. ५०३७०/०७७/७८, स्थानीय व्यापार अन्तर्गत मिति २०७७/१२/०४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९ स्थित **बिन्द्रावन ट्रेक्टर पार्टस सेन्टर** **प्रोप्राईटर तथा जमानीकर्ता: विन्द्रावन केवट** **जमानीकर्ताहरुको विवरण** **१) जन्त्री कुमारी केवट** स्थायी ठेगाना : रुपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स. वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९ बाबु : महेश खरविन्द ससुरा : नगेश्वर केवट पति : विन्द्रावन केवट **२) विन्द्रावन केवट** ठेगाना : रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९ बाबु : नगेश्वर केवट बाजे : हंस राज केवट	**२) विन्द्रावन केवट** ठेगाना : रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९ बाबु : नगेश्वर केवट बाजे : हंस राज केवट **धितोको विवरण** १) हंस राज केवटको नाती, नगेश्वर केवटको छोरा, रुपन्देही जिल्ला, गौडहवा गा.पा. वडा नं. ९ मा बस्ने विन्द्रावन केवटको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स. वडा नं. १ घ (हाल गौडहवा गा.पा. वडा नं. ९) स्थित कित्ता नं.७५१ र ७५७ को क्षेत्रफल क्रमश ०-९-१९[३/४] तथा ०-१-५ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) बिन्द्रावन ट्रेक्टर पार्टस सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
३)	**ऋणीको विवरण** प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं ६११/१२२०२/०७५/०७६, स्थानीय व्यापार अन्तर्गत मिति २०७५/०९/१५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ स्थित **अयान किराना स्टोर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: सज्जाद खान** **जमानीकर्ताहरुको विवरण** **१) सज्जाद खान** ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: आवुदिन खां बाजे: इस्लाम खां **२) अजमद हुसेन खां** ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: आवुदिन खां बाजे: इस्लाम खां **३) नाजमा खातुन** स्थायी ठेगाना: नवलपरासी जिल्ला, वडहरा दुवौलिया गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: मोहम्मद हनिफ खां ससुरा: इस्लाम खां पति: आवुदिन खाँ **४) आवुदिन खाँ** स्थायी ठेगाना: नवलपरासी जिल्ला, वडहरा दुवौलिया गा.वि.स. वडा नं. १ हालको ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: इस्लाम खां बाजे: करीम खां **५) शायमा परवीन** ठेगाना: नवलपरासी (ब.सु.प.) जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: अफताब आलम ससुरा: आवुदिन खां पति: सज्जाद खान **६) सहाना खातुन** स्थायी ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ९ हालको ठेगाना: नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४ बाबु: आवुदिन खां बाजे: इस्लाम खां	१) मोहम्मद हनिफ खांकी छोरी, इस्लाम खांकी बुहारी, आवुदिन खाँकी पत्नी, नवलपरासी जिल्ला, वडहरा दुवौलिया गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई (हाल नवलपरासी जिल्ला, सरावल गा.पा. वडा नं. ४) बस्ने नाजमा खातुनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय, परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सरावल गा.वि.स. वडा नं. ९/ग (हाल : सरावल गा.पा. वडा नं.४) स्थित कित्ता नं. ६८० को क्षेत्रफल ०-१-१३ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अयान किराना स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४)	**ऋणीको विवरण** १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३२९८२/०७०/७१ अन्तर्गत मिति २०७१/०१/०२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १३ स्थित **लुनिमा ट्रेडर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: राजु श्रेष्ठ** **जमानीकर्ताहरुको विवरण** **१) सुनिता श्रेष्ठ** ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : मोहन बहादुर श्रेष्ठ ससुरा : रत्न प्रसाद श्रेष्ठ पति : राजु श्रेष्ठ **२) राजु श्रेष्ठ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : रत्न प्रसाद श्रेष्ठ बाजे : राम बहादुर श्रेष्ठ	**धितोको विवरण** १) मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. २/घ (हाल बुटवल उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ४७७५ को क्षेत्रफल ०-०-९-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) मोहन बहादुर श्रेष्ठकी छोरी, रत्न प्रसाद श्रेष्ठकी बुहारी, राजु श्रेष्ठकी पत्नी, रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बस्ने सुनिता श्रेष्ठको नाममा मालपोत कार्यालय, बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५ (हाल बुटवल उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. २५८ को क्षेत्रफल १२९.९१ (व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । ३) सवारी मोडल: Mahendra Bolero SC XL FB 2WD PS I च्यासिस नं.: MA1ZN2GHKJ1G62731 ईन्जिन नं.: GHJ1G12350 I सवारी दर्ता नं. : लु २ च ४९३४ ४) सवारी मोडल: RENAULT Capture RXT Daul I च्यासिस नं.: MEERHA00XJ5006382 ईन्जिन नं.: E001651 I सवारी दर्ता नं. : बा २० च ६५०६ ४) लुनिमा ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** **२) गोपाल श्रेष्ठ** ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : रत्न प्रसाद श्रेष्ठ बाजे : राम बहादुर श्रेष्ठ **जमानीकर्ताहरुको विवरण** **१) सुनिता श्रेष्ठ** ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : मोहन बहादुर श्रेष्ठ ससुरा : रत्न प्रसाद श्रेष्ठ पति : राजु श्रेष्ठ **२) घनु श्रेष्ठ** ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३ बाबु : रिम बहादुर श्रेष्ठ ससुरा : रत्न प्रसाद श्रेष्ठ पति : गोपाल श्रेष्ठ

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाण्डौं, फोनं. ४-५८४२५७

शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०६/०८०/८१

पहिलो पटक प्रकाशित मिति : २०८०/१२/२०

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.न.पा. वडा नं. ६ धाराटोल स्थित सम्पदा मार्गमा बाटो ढलान गर्ने कार्य गर्न आवश्यक परेकोले उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरुबाट रु. १० को टिकट/नोट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ । (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (एल्ल) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ)Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) Bid security(Bank Guarantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.न.पा. वडा नं. ६ धाराटोल स्थित सम्पदा मार्गमा बाटो ढलान गर्ने कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनभित्र वोलपत्र खरिद गरी १६ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको,नोटरी नभएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन ।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरु वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।
१०. जुन फर्मको नाममा वोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।
११. उपरोक्त शर्तहरु बाहेकको अन्य शर्तहरु तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ ।

तपशिल

सि.नं. / ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
१/०८०/८१	का.म.न.पा. वडा नं. ६ धाराटोल स्थित सम्पदा मार्गमा बाटो ढलान गर्ने कार्य	२.५ प्रतिशत	१७,९७,४०८.६२	१०००

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६
शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु
फोन नं.: ०७६-५५०४३३

शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१२/२० गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अधि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, लुम्बिनी, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०७/१५ मा दर्ता नं. ८२३५/०७५/७६ कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित **मिश्रा धकिक्कृत कृषि फार्म**
प्रोप्राइटर : सुधिर मिश्रा

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. गोकरण मिश्रको नाति, अशोक कुमार मिश्राको छोरा, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित स्थायी ठेगाना भएको **सुधिर मिश्रा (ना.प्र.प.नं. १०२४-४०५१०, कपिलवस्तु)**
२. अशोक कुमार मिश्राको बुहारी, सुधिर मिश्राको पत्नी, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अन्जनी तिवारी (ना.प्र.प.नं. ३८-०१-७१-०५१०६, कपिलवस्तु)**
३. गोकरण मिश्रको नाति, अशोक कुमार मिश्रको छोरा, कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स./न.पा.वडा नं. ७, तिलौराकोट स्थित स्थायी ठेगाना भएको **सुजीत मिश्र (ना.प्र.प.नं.३८-०१-७०-०७१४१, कपिलवस्तु)**
४. गोकरण मिश्रको बुहारी, अशोक कुमार मिश्रको पत्नी, कपिलवस्तु जिल्ला, तिलौराकोट गा.वि.स./न.पा.वडा नं. ७, तिलौराकोट स्थित स्थायी ठेगाना भएको **अखिलेश मिश्रा (ना.प्र.प.नं.२/१७/५६२६, कपिलवस्तु)**
५. तौलेश्वर मिश्रको बुहारी, गोकरण मिश्रको पत्नी, कपिलवस्तु जिल्ला, कपिलवस्तु गा.वि.स./न.पा.वडा नं. ६, निठिलहवा स्थित स्थायी ठेगाना भएको **मैत्रन देवी मिश्रा (ना.प्र.प.नं.९२८-१७०, कपिलवस्तु)**

धितोमा रहेको सम्पतिको विवरण

सुधिर मिश्राको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, गोवरी गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं.२/ख) स्थित कित्ता नं. १४८६, १४८८ र १४८९ को क्रमशः क्षेत्रफल ०-१-१६-२, ०-३-१-२ र ०-३-१-२ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/१२/२० गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
४. शिलबन्दी बोलपत्र मिति २०८०/१२/२६ गते सोमबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
५. शिलबन्दी बोलपत्र मिति २०८०/१२/२७ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगददाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय ४ नं. जीतपुर, कपिलवस्तमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २० चैत ०८०

■ बुढीगण्डकी जलविद्युत् कम्पनीले बनायो लगानीका दुइटा खाका

सरकारी निकायको ८० प्रतिशत सेयरमा बुढीगण्डकी निर्माण गरिने

ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंह भन्छन्–

कम्पनीले माघमा पठाएको खाकामा हामीले सरोकारवाला निकाय, सम्भावित लगानीकर्तालगायतसँग छलफल गर्‍यौं, छलफलका आधारमा लगानीको खाका परिमार्जन गरिएको हो । अहिले दुई खाकामाथि नै अर्थ मन्त्रालयमा छलफल भइरहेको छ । छलफलपश्चात् कुनै एक मोडेलमा परियोजनाको निर्माण अघि बढाउने तयारी छ ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

१२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनालाई सरकारको बहुमत सेयर हुने गरी लगानीको नयाँ खाका बनाइएको छ । आयोजना बनाउन स्थापना गरिएको बुढीगण्डकी जलविद्युत् कम्पनीले पछिल्लोपटक दुई खाका प्रस्ताव गरेको छ । दुइटै खाकामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ८० प्रतिशतसम्म सरकारकै सेयर हिस्सा हुने प्रस्ताव गरिएको छ ।

प्रस्तावमा ५१ प्रतिशत सेयर सरकारले प्रत्यक्ष रूपमा नै लगानी गर्ने उल्लेख छ । यसबाहेक सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणको २० प्रतिशत र अन्य सरकारी तथा सार्वजनिक निकायको ९ प्रतिशत सेयर हिस्सा हुने खाका तयार गरिएको छ । यसरी परियोजनामा सरकारको ८० प्रतिशतसम्म सेयर हिस्सा हुने खाका तयार गरिएको छ ।

अहिले उक्त दुई खाकामाथि अर्थ मन्त्रालयमा छलफल भइरहेको छ । छलफलपश्चात् कुनै एक मोडेलमा परियोजनाको निर्माण अघि बढाउने ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले बताए । हाल १६ अर्ब पुँजी भएको बुढीगण्डकी जलविद्युत् कम्पनीमा ऊर्जा मन्त्रालयको आठ अर्ब र अर्थ मन्त्रालयको चार अर्ब ८० करोड सेयर छ । नयाँ खाका टुंगो लागेपछि कम्पनीको सेयर संरचना परिवर्तन गरिनेछ ।

भन्डै चार खर्ब लागत अनुमान गरिएको उक्त परियोजना स्वदेशी लगानीमै निर्माण गरिँदै छ । त्यसका लागि कम्पनीले गत माघमा पनि लगानीको खाका बनाएर ऊर्जा मन्त्रालयमा पेस गरेको थियो । उक्त खाकामा सरकारको प्रत्यक्ष सेयर नै नहुने र नेपाल विद्युत् प्राधिकरणको बहुमत सेयरमा परियोजना बनाउने प्रस्ताव गरिएको थियो । 'माघमा आएको खाकामा हामीले सरोकारवाला निकाय, सम्भावित लगानीकर्तालगायतसँग छलफल गर्‍यौं, छलफलका आधारमा लगानीको खाका परिमार्जन गरिएको हो,' उनले भने । छलफलपश्चात् परिमार्जित खाकालाई मन्त्रिपरिषद्मा पेस गरिनेछ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जगतकुमार श्रेष्ठले सरकारबाट स्वीकृत भएको मोडेलअनुसार नै परियोजनाको निर्माण अगाडि बढाउने बताए ।

■ थप फाइदाबारे पनि अध्ययन गरिने

सरकारले बुढीगण्डकी आयोजनाबाट हुन सक्ने थप फाइदाबारे पनि अध्ययन गर्ने तयारी गरेको छ । यस परियोजनाबाट बहुआयामिक रूपमा फाइदा लिन सकिने फाइदाको विषयमा अध्ययन गर्ने तयारी पनि भएको प्रवक्ता सिंहले बताए । विद्युत्बाहेक जलाशययुक्त आयोजनाबाट सिँचाइ, बाढी नियन्त्रण, पर्यटन र माछापालनलगायतबारे विस्तृत अध्ययन गरिने उनको भनाइ छ ।

'बुढीगण्डकीमा मात्रै होइन, अन्य जलाशययुक्त आयोजनाबाट पनि बहुआयामिक रूपमा के-कस्तो फाइदा लिन सकिन्छ, त्यसबारे पनि अध्ययन गर्ने योजना छ,' उनले भने ।

झन्डै ४० वर्षअघि सन् १९८३ मै यो आयोजनाको सम्भाव्यता अध्ययन भएको थियो । धादिङ र गोरखाको सिमानामा बन्ने यसलाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा घोषणा पनि गरिएको छ । तर, यसमाथि उच्चस्तरबाटै निर्माणमा ढिलाइ भएको थियो । सरकार परिवर्तन हुनासाथ यो आयोजनामाथि हुने गरेको निर्णय नै उल्टाउने गरेको इतिहास छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ०७३ मा आफू प्रधानमन्त्री हुँदा उक्त आयोजना चीनको गेजुवालाई बनाउन दिने सहमति गरेका थिए । त्यसपछि ०७४ मा काग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि गेजुवाबाट उक्त आयोजना खोस्ने निर्णय गरेका थिए । त्यसपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री हुँदा ०७५ मा उक्त आयोजना गेजुवालाई नै दिने निर्णय गरे । त्यसपछि काग्रेस सभापति देउवा प्रधानमन्त्री भएपछि गत चैत ०७८ मा स्वदेशी लगानीमै उक्त आयोजना बनाउने भनेर गेजुवालाई दिने निर्णय खारेज गरिएको थियो । त्यसपछि ०७९ भदौमा कम्पनी स्थापना गरिएको थियो । अहिले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री छन्, उनले यो आयोजना कुनै पनि हालत बनाउने अभिव्यक्ति दिँदै आएका छन् । गत साउन पहिलो साता उनले गोरखास्थित कम्पनीको फिल्ड कार्यान्वयन उद्घाटन पनि गरेका थिए ।

विकल्प एक

■ एक खर्ब पुँजी, सरकारले भिजिएफ नदिने

कम्पनीले पहिलो विकल्प पेस गरेको खाकामा एक खर्ब रुपैयाँको स्वपुँजीमा परियोजना बनाउने प्रस्ताव छ । त्यसमा सरकारको ५१ अर्ब, प्राधिकरणको २० अर्ब, सरकारी तथा सार्वजनिक निकायको नौ अर्ब, सर्वसाधारणको १० अर्ब र आयोजना प्रभावितको १० अर्ब सेयर लगानी हुने प्रस्ताव गरिएको छ । यस मोडेलमा परियोजना बनाउँदा निर्माण अवधिको ब्याजसहित तीन खर्ब ९८ अर्ब दुई करोड लगानी आवश्यक पर्छ । त्यसमा बाँकी दुई खर्ब ९८ अर्ब दुई करोड भने ऋणमार्फत जुटाउने प्रस्ताव गरिएको छ । त्यसमा सरकारले दुई खर्ब ६ करोडबराबरको सहुलियत ऋण १ प्रतिशत ब्याजमा उपलब्ध गराउने प्रस्ताव गरिएको छ । बाँकी ९७ अर्ब ९७ करोड रुपैयाँ भने व्यावसायिक ऋण परिचालन गर्ने प्रस्ताव छ ।

यस मोडेलमा सरकारले परियोजनामा न्यून सम्भाव्यता कोष (भिजिएफ) उपलब्ध गराउनेछैन । हालसम्म मुआब्जामा खर्च भएको ४३ अर्ब रुपैयाँलाई स्वपुँजीमा समावेश गरिनेछ । स्वपुँजीमा नपुगेको रकम थप गर्ने र थप सहुलियत ऋण पनि उपलब्ध गराउने प्रस्ताव यसमा छ । यो मोडेलमा परियोजना बनाउँदा औसत लगानी प्रतिफल १७.५४ प्रतिशत हुनेछ । इक्युटी इन्टरनल रेट अफ रिटर्न भने ११.२५ प्रतिशत हुनेछ ।

विकल्प दुई

■ सरकारले भिजिएफ दिने, बहुमत सेयर सरकारकै

कम्पनीले परियोजना बनाउन दोस्रो विकल्प पनि मन्त्रालयमा पेस गरेको छ । त्यसमा सरकारले परियोजनामा ७३ अर्ब २० करोड रुपैयाँ न्यून सम्भाव्यता कोष (भिजिएफ) दिनेछ । हालसम्म मुआब्जामा भएको ४३ अर्ब खर्च र अबका दिनमा वातावरण संरक्षण, सामाजिक पूर्वाधार, मुआब्जामा हुने खर्चलाई समेत जोडेर सोबराबरको भिजिएफ सरकारले दिने प्रस्ताव गरिएको छ । यो मोडेलमा परियोजना बनाउँदा लागत (भिजिएफ र ब्याजसहित) भने तीन खर्ब ८३ अर्ब ६७ करोडमा सीमित हुनेछ । जुन विकल्प एकभन्दा १४ अर्ब ३५ करोड रुपैयाँ सस्तो हो । यस मोडेलमा कम्पनीको पुँजी भने ९२ अर्ब २१ करोड हुनेछ । यसमा सरकारको ४७ अर्ब तीन करोड (५१ प्रतिशत), प्राधिकरणको १८ अर्ब ४४ करोड (२० प्रतिशत), अन्य सरकारी तथा सार्वजनिक निकायको आठ अर्ब ३० करोड (९ प्रतिशत), सर्वसाधारणको नौ अर्ब २२ करोड (१० प्रतिशत) र आयोजना प्रभावित बासिन्दाको नौ अर्ब २२ करोड (१० प्रतिशत) सेयर हुने प्रस्ताव गरिएको छ ।

यसमा सरकारले सहुलियत (१ प्रतिशत ब्याज)मा एक खर्ब ३९ अर्ब ९१ करोड कर्जा उपलब्ध गराउने प्रस्ताव गरिएको छ । ७८ अर्ब ३५ करोड रुपैयाँ भने व्यावसायिक कर्जा परिचालन गरिनेछ । यस मोडेलमा परियोजना बनाउँदा औसत लगानी प्रतिफल २१.७० प्रतिशत हुनेछ । इक्युटी इन्टरनल रेट अफ रिटर्न भने १३.४६ प्रतिशत हुनेछ । ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले अन्य जलाशय आयोजना बनाउन सहयोग हुने गरी यसको खाका बनाउने बताए । 'सरकारले बुढीगण्डकी मात्रै होइन, अन्य जलाशययुक्त आयोजना पनि बनाउने गरी प्रक्रिया अघि बढाएको छ । त्यस्ता आयोजनाको लगानी मोडेल बनाउन पनि यसको खाका आधारशिला मानिने गरी काम गर्छौं,' उनले भने, 'एकदमै बृहत् रूपमा छलफल गरेर यसको लगानी मोडेललाई अन्तिम टुंगोमा पुर्‍याउनेछौं ।'

ब्रोकर कमिसन १० प्रतिशत घटाउने तयारी

सेयर कारोबारमा रहेको अधिकतम कमिसन ०.४०% को माथिल्लो सीमालाई घटाएर ०.३६% कायम गर्ने तयारी

भोजराज भण्डारी/नयाँ पत्रिका

धितोपत्र किनबेच गर्ने ब्रोकरको कमिसन १० प्रतिशत घटाउने तयारी थालेको छ । ब्रोकर कमिसन घटाउने सम्बन्धनमा अर्थ मन्त्रालय र नेपाल धितोपत्र बोर्डका पदाधिकारीबीच आइतबार छलफल भएको बोर्डका एक अधिकारीले जानकारी दिए ।

यसअघि तत्कालीन बोर्डका अध्यक्ष रमेशकुमार हमालले ब्रोकर कमिसन घटाउन गत जेठमा सञ्चालक समितिको बैठकमार्फत बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठको संयोजकत्वमा अध्ययन समिति गठन गरेका थिए । सोही समितिले सञ्चालक समितिलाई ब्रोकर कमिसन १० प्रतिशत विन्दुले घटाउने प्रस्ताव गरेको थियो । अध्ययन समितिको प्रस्तावअनुसार नै सञ्चालक समितिले कमिसन घटाउने प्रस्ताव अर्थ मन्त्रालयमा पेस गरेको थियो ।

बोर्डले अर्थ मन्त्रालयमा प्रस्ताव पठाएको एक वर्ष बितिसक्दा पनि पूर्वअर्थमन्त्री प्रकाशरण महतले त्यसलाई अघि बढाएका थिएनन् । तर, अर्थमन्त्रीको जिम्मेवारी वर्षमान पुनले सम्हालेसँगै उनले बोर्डका पदाधिकारीबीच ब्रोकर कमिसनको विषयमा चासो राखेका थिए । अर्थमन्त्रीले ब्रोकर कमिसन अहिलेको हाल ५० हजारसम्मको कारोबारमा लगानीकर्ताले ०.४० प्रतिशत, ५० हजारदेखि पाँच लाखसम्मको कारोबारमा ०.३७ प्रतिशत, पाँच लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३४ प्रतिशत कमिसन शुल्क तिर्नुपर्छ । त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्ममा ०.३० प्रतिशत र एक करोडमाथि ०.२७ प्रतिशतसम्म कमिसन लाग्दै आएको छ ।

मन्त्रालयबाट सञ्चालक समितिको प्रस्ताव स्वीकृत भएमा ५० हजारसम्मको कारोबारमा लगानीकर्ताले ०.३६ प्रतिशत, ५० हजारदेखि पाँच लाखसम्मको कारोबारमा ०.३३ प्रतिशत, पाँच लाखदेखि २० लाखसम्मको कारोबारमा ०.३०६ प्रतिशत कमिसन शुल्क लाग्नेछ । त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्ममा ०.२७ प्रतिशत र एक करोडभन्दा माथिको कारोबारमा ०.२४३ प्रतिशतसम्म कमिसन लाग्ने बोर्डको भनाइ छ ।

■ बोर्डले लिने कमिसन पनि घटाउने

बोर्डले आफूले पाउँदै आएको कमिसन शुल्क पनि १० प्रतिशत घटाउने प्रस्ताव छ । बोर्डले ब्रोकरले दिएको सेवा शुल्कमा ०.६ प्रतिशत नियमन शुल्कबापत ब्रोकर कम्पनीबाट प्राप्त गर्दै आएको छ । अब भने ब्रोकरले ०.५४ प्रतिशत यस्तो शुल्क बुझ्काउनुपर्ने एक ब्रोकरले बताए । लगानीकर्ताले गर्ने कारोबारबापत धितोपत्र बोर्डले प्राप्त गर्दै आएको कमिसन पनि विन्दुले घटाउने प्रस्ताव गरिएको छ । लगानीकर्ताले गर्ने कारोबार रकमको ०.०१५ प्रतिशत कमिसन बोर्डले प्राप्त गर्दै आएको छ । यदि उक्त प्रस्ताव लागू भएर कार्यान्वयनमा आएमा बोर्डले ०.०१४ प्रतिशत कमिसन प्राप्त गर्नेछ ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Global Remit
ग्लोबल रेमिट

अवस्थामा धेरै भएकाले यसलाई निष्कर्षमा पुर्‍याउन जोड दिएको मन्त्रालयका एक अधिकारीले बताए । उनले भने, 'लगानीकर्तालाई लगानीमा प्रेरित गर्नका लागि पनि कमिसन घटाउनुपर्छ भन्नेमा उहाँको जोड छ । अब नयाँ अध्यक्षको नियुक्ति भएपछि यो तुरुन्त अघि बढाउने क्रम छ ।'

बोर्डका एक अधिकारीका अनुसार हाल सेयर कारोबारमा रहेको अधिकतम ०.४० प्रतिशतको माथिल्लो सीमालाई घटाएर ०.३६ प्रतिशत कायम गर्ने तयारी छ । त्यस्तै, तल्लो सीमामा रहेको ०.२७ प्रतिशतलाई घटाएर ०.२४३ प्रतिशत कायम गर्ने गरी प्रस्ताव गरिएको छ । यसअघि बोर्डले १० पुस ०७७ मा ब्रोकर कमिसन घटाएर माथिल्लो सीमा ०.४० प्रतिशत र तल्लो सीमा ०.२७ प्रतिशत कायम गरेको थियो ।

अर्थमन्त्री पुनले तीनवटै निकायसँग गत २६ फागुनमा पुँजी बजार सुधारका कार्ययोजना मागेका थिए । नेपाल बोर्डले पुँजी बजारसँग सरोकार राख्ने निकायसँग सुझाव मागेर अर्थ मन्त्रालयमा पेस गरेको थियो । उक्त सुझावमा ब्रोकर कमिसन घटाउनुपर्ने विषयलाई बोर्डले प्राथमिकताका साथ पेस गरेको थियो । लगानीकर्ताले पनि ब्रोकर संख्या थपिएपछि कमिसन घटाउनुपर्ने माग राख्दै आएका छन् ।

तर, अहिलेको बजारलाई हेरेर ब्रोकर कमिसन घटाउन नहुने ब्रोकर कम्पनीहरूको माग छ । नेप्से सूचक दुई वर्षदेखि माथिल्लो विन्दुमा पुग्न नसकेको र औसतमा दुई अर्बभन्दा बढीको कारोबार हुन नसकेको अवस्थामा ब्रोकर कमिसन घटाउन नहुने स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकाललले बताए ।

अर्थ मन्त्रालयले थाल्यो बजेट लेखन

अत्यावश्यकबाहेक भेटघाटमा नआईदिन आग्रह

काठमाडौं/ अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८१/८२ का लागि बजेट मस्यौदा लेखन सुरु गरेको छ । बजेट लेखनको समयमा अत्यावश्यकबाहेक अन्य काममा मन्त्रालय नआईदिन मन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रीसहित सबै कर्मचारी बजेट निर्माणमा केन्द्रित हुनुपर्ने भएकाले भेटघाटको स्वरूपमा केही परिवर्तन गरिएको मन्त्रालयले जनाएको छ । अर्थमन्त्री वर्षमान पुन अनन्तले शुक्रबार सहसचिव धनीराम शर्मा नेतृत्वमा बजेट मस्यौदा लेखन समिति गठन गरेका थिए । समितिमा सहसचिवहरू रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र पार्वती शर्मा सदस्य छन् । समितिले गठन भएको भोलिपल्टै शनिबारदेखि बजेट लेखनको काम थालिसकेको छ ।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव उत्तरकुमार खत्रीले बजेट निर्माणसँग सम्बन्धित सरोकारवालालाई पनि पहिल्यै समय लिएर मात्र आइदिन आग्रह गरेका छन् । 'बजेट निर्माणको समयमा बिहानदेखि राति अबेरसम्म कर्मचारीले काम गर्नुपर्ने हुन्छ । अनावश्यक भिडभाड हुँदा काम प्रभावित हुन्छ,' खत्रीले भने, 'तर, सबै भेटघाट बन्द गरिएको होइन । भेट्नैपर्ने सरोकारवालालाई पहिल्यै समय लिएर मात्र आइदिन आग्रह गर्न चाहन्छु ।'

लोकतन्त्रमा सबै सरकारी निकाय जनताका लागि खुला हुने स्पष्ट गर्दै खत्रीले कामको चाप र संवेदनशीलताका कारण बजेट निर्माण अवधिभर भेटघाटको स्वरूपमा परिवर्तन गरिएको बताए । विगतमा पनि बजेट निर्माणको समयमा यस्तो अभ्यास हुने गरेको उनले स्पष्ट गरे ।

०७२ मा जारी नेपालको संविधानमा हरेक वर्ष १५ जेठमा गणतन्त्र दिवसको दिन पारेर अर्थमन्त्रीले संघीय संसद्मा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने बाध्यकारी व्यवस्था छ । सरकारले बजेट निर्माणको कार्यतालिकामा हेरफेर गर्दै यो वर्ष बजेटका सिद्धान्त र प्राथमिकता संसद्मा पेस गरिसकेको छ । तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतले गत १४ फागुनमा प्रतिनिधिसभा र राष्ट्रिय सभामा प्रस्तुत गरेको आर्थिक वर्ष ०८१/८२ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेका थिए । अर्थमन्त्री वर्षमान पुनले सोही प्रस्तावमा सांसदले उठाएका प्रश्नको जवाफ दिएसँगै दुवै सदनले बजेटका सिद्धान्त र प्राथमिकता पारित गरिसकेका छन् ।

अमेरिकी चेम्बरका लगानीकर्ता लगानी सम्मेलनमा आउने

काठमाडौं/ अमेरिकी चेम्बर अफ कमर्सको प्रतिनिधिमण्डल आगामी वैशाखमा हुने लगानी सम्मेलनमा सहभागी हुने भएको छ । सोमबार अर्थमन्त्री वर्षमान पुन अनन्तलाई भेट्न मन्त्रालय आएका नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनले सो जानकारी गराएका हुन् । भेटमा अमेरिकी सहयोगमा नेपालमा सञ्चालित विकास विभिन्न विकास परियोजना पूर्वनिर्धारित समयमै सम्पन्न गर्नेबारे छलफल भएको थियो ।

अर्थमन्त्रीले लगानी सम्मेलनको राम्रो तयारी भएको भन्दै लगानीमैत्री वातावरण निर्माणका लागि गरिनुपर्ने कानुनी र प्रक्रियागत सुधारको तयारी भइरहेको बताए । 'सम्माननीय प्रधानमन्त्रीले हामी मन्त्रीहरूलाई मन्त्रिपरिषद् बैठकमै सबैखाले तयारी गर्न निर्देशन दिनुभएको छ,' पुनले भने, 'लगानीको वातावरण निर्माण हुने भएकाले बढीभन्दा बढी अमेरिकी लगानीकर्ता ल्याइदिन यहाँ र दूतावासबाट सहयोगको अपेक्षा गरेका छौं ।' राजदूत थम्प्सनले लगानी सम्मेलनको पूर्वसन्ध्यामा लगानी वातावरण रहेको सन्देश दिन मन्त्री पुनलाई आग्रह गरेका थिए ।

नेपालले लगानी वातावरण सुधारका लागि क्रेडिट मूल्यांकन (कन्ट्री रेटिङ)को काम अघि बढेको जानकारी पनि मन्त्री पुनले राजदूत थम्प्सनलाई दिए । सरकारले अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ गर्ने संस्था फिचमार्फत नेपालको क्रेडिट मूल्यांकन प्रक्रिया अघि बढाएको छ । बेलायती सहयोग नियोगअन्तर्गतको 'फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिस (एफसिडिओ)ले नेपालको आग्रहमा कन्ट्री रेटिङ गर्दा लाग्ने सेवा शुल्क फिचलाई भुक्तानी गर्ने प्रतिबद्धता जनाएको छ । चालू आर्थिक वर्षको बजेटमामार्फत सरकारले कन्ट्री रेटिङ गर्ने घोषणा गरेको थियो ।

पशु बिमाको बक्यौता अनुदानमध्ये ४६ करोड ४१ लाख भुक्तानी हुँदै

नयाँ पत्रिका

पशु बिमातर्फको बक्यौता अनुदानमध्ये ४६ करोड ४१ लाख रुपैयाँ भुक्तानी हुने भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको समन्वयमा अर्थ मन्त्रालयले पहिलो चरणमा सोबराबरको बिमा अनुदान रकम भुक्तानी गर्ने भएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटीले जानकारी दिइन् । गत मंसिरमै पाउनुपर्ने चालू आर्थिक वर्षमै छुट्याएको विनियोजित रकम हो, प्राविधिक कारणले रोकिएको उनको भनाइ छ । यो अनुदान रकम आव ०७९/८० असोजदेखि पुससम्मको हो । उनले भनिन्, 'यो एक हप्ताभित्र भुक्तानी गर्ने तयारी छ । थप रकमका लागि पनि हामीले पहल गरिरहेका छौं, अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित गरी भुक्तानी हुने क्रम छ ।' सरकारले पशुपक्षीतर्फको दुई अर्ब १२ करोड ३२ लाख ६५ हजार र कृषितर्फको १४ करोड ४७ लाख ७१ हजार गरी कुल दुई अर्ब २६ करोड ८० लाख रुपैयाँ अनुदान भुक्तानी गर्न बाँकी छ ।

मन्त्रालयले कृषितर्फको १२ करोड रुपैयाँ यसअघि मंसिरमै भुक्तानी गरिसकेको छ । कृषि अनुदानको उक्त रकम गत आवको चैतसम्मको अनुदान हो । अब कृषितर्फ वैशाख ०८० र पशुतर्फ माघ ०७९ यताको बक्यौता बाँकी हुनेछ । त्यसका लागि अर्थ मन्त्रालयसँग समन्वय भइरहेको प्राधिकरणका सूचना अधिकारी निर्मल अधिकारीले जानकारी दिए । उनले भने, 'बाँकी रहेको रकम पनि ६-७ महिनामा आउने क्रम भएको छ ।'

सरकारले बिमाशुल्कमा दिने अनुदानबापतको रकम भुक्तानी नगरेपछि निर्जीवन बिमा कम्पनीहरूले १ चैतबाट कृषि तथा पशुपक्षी बिमाको कारोबार स्थगित गरेका थिए । कृषि र पशुपक्षी बिमाको शुल्कमा सरकारले ८० प्रतिशत अनुदान दिनुपर्ने व्यवस्था छ । सोहीअनुसार कम्पनीहरूले किसानबाट २० प्रतिशत मात्रै शुल्क लिएर बिमा गर्दै आएका छन् । तर, सरकारले पशुपक्षी बिमातर्फ गत आव ०७९/८० को भदौयताकै अनुदान दिएको छैन । पशुपक्षी बिमातर्फ झन्डै डेढ अर्ब हाराहारीको अनुदान बक्यौता छ । यसैगरी, कृषि बिमातर्फ ०७९ चैतयताको अनुदान बक्यौता बाँकी छ । पटक-पटक ताकेता गर्दा पनि पैसा नपाएपछि कारोबार नै स्थगित गरेको थियो ।

अनुदान रकम नपाएपछि यसअघि पनि कम्पनीहरूले गत ७ जेठदेखि ६ असारसम्म कारोबार स्थगित गरेका थिए । त्यसवेला झन्डै तीन अर्ब बक्यौता थियो । सरकारले बक्यौता भुक्तानी गर्ने प्रतिबद्धता गरेपछि कम्पनीहरूले ७ असारबाट कारोबार सुचारु गरेका थिए । त्यसपछि झन्डै एक अर्ब हाराहारीमा सरकारबाट भुक्तानी भएको थियो । साथै, गत असारभित्रै सबै बक्यौता भुक्तानी गर्ने सरकारी प्रतिबद्धता थियो । तर, प्रतिबद्धताअनुसार पैसा नआएको र गत आवकै बक्यौता बाँकी भएपछि बिमा कम्पनीहरू एक्सनमा उत्रिएका थिए ।

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाइला, काठमाडौं

सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/२०)

नागार्जुन नगरपालिकाको नगर अस्पतालको लागि देहायको पद, संख्या र योग्यता भएका कर्मचारीहरू करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) (मिति २०८१/०१/०४ गते) औं दिनको कार्यालय समय भित्र देहाय बमोजिमका शर्तहरूको अधिनमा रही लोक सेवा आयोगले तोकेको ढाँचामा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

विज्ञापन नं.	पद/ समुह	तह	माग संख्या	न्यूनतम शैक्षिक योग्यता	राजश्व दस्तुर रू.	छनौटको किसिम
०३/२०८०/८१	मेडिकल अधिकृत (जनरल हेल्थ सर्भिसेज)	अधिकृत आठौं	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. उतिर्ण	१,०००	लिखित र अन्तरवार्ता
०४/२०८०/८१	ल्याब टेक्सियन (मेडिकल ल्याब टेक्नोलोजी)	सहायक पाँचौ	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब टेक्सियन विषयमा प्रमाणपत्र तह उतिर्ण	७००	लिखित र अन्तरवार्ता
०५/२०८०/८१	फार्मेसी सहायक (फार्मेसी)	सहायक पाँचौ	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उतिर्ण	७००	लिखित र अन्तरवार्ता
०६/२०८०/८१	रेडियोग्राफी सहायक (रेडियोग्राफी)	सहायक पाँचौ	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उतिर्ण	७००	लिखित र अन्तरवार्ता
०७/२०८०/८१	डेन्टल हाइजिनिस्ट (डेन्टल)	सहायक पाँचौ	१	मान्यता प्राप्त शिक्षण संस्थाबाट डेन्टल विषयमा प्रमाणपत्र तह उतिर्ण	७००	लिखित र अन्तरवार्ता
०८/२०८०/८१	सफाई कर्मचारी	श्रेणी विहीन	२	साधारण लेखपढ गर्न जान्ने	२५०	अन्तरवार्ता
०९/२०८०/८१	माली	श्रेणी विहीन	१	साधारण लेखपढ गर्न जान्ने	२५०	अन्तरवार्ता

अन्य विवरणहरूः

१. **उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा आवेदक १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । (साथै मेडिकल अधिकृतको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष दिन ननाघेको हुनुपर्नेछ ।)

२. **आवेदनमा संलग्न गर्नुपर्ने कागजातः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, माथि उल्लेखित आवेदन दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा नागार्जुन नगरपालिकाको एन.एम.बि.बैंक सितापाइला शाखामा रहेको नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय, आन्तरिक राजश्व खाता (GA-1.1) खाता नं. ०६६००५३५९०१०००२५ मा राजश्व जम्मा गरेको सक्कल भौचर वा नगरपालिका कार्यालयमा नै राजश्व जम्मा गरेको भौचर संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।

३. **तलब स्केलः-** सम्बन्धित पद तह अनुसारको नेपाल सरकारले तोकेको शुरू स्केल

४. करार अवधिः शुरूमा १ वर्ष (कार्यसम्पादनको आधारमा म्याद थप गरिने ।)

५. **थप जानकारीको लागि**

ईमेल ठेगानाः nagarjun.napa@gmail.com (ईमेल ठेगानामा आवेदन पेश गर्दा उल्लिखित सम्पूर्ण कागजातहरूलाई PDF मा संग्रहित गरी पठाउनु पर्नेछ ।) सम्पर्क नं. ०१-५६७१७१७

प्रमुख प्रशासकीय अधिकृत

कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

मिति : २०८०।१२।२०

यस संस्थाबाट कर्जा लिनुहुने तपशिलका तपाई ऋणीहरुले कर्जा उपभोग गरे वापत संस्थालाई समय समयमा बुझाउनु पर्ने सावा ब्याज आदि चुक्ता भुक्तान गर्न आउन संस्थाले तपाईहरुलाई पटक पटक मौखिक एवं लिखित रुपमा सुचना गरी ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकाले ऋण कर्जा चुक्ता भुक्तानी गर्न आउन यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। सो समय सिमा भित्र संस्थामा उपस्थित भई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को ब्याज हर्जना तथा अन्य दैदस्तुर समेत चुक्ता गरी आफनो धितो सम्पत्ति फुकुवा गरी लिन सुचित गरिन्छ। अन्यथा सहकारी ऐन नियमावली अनुसार तपाईको धितो लिलाम प्रकृया अगाडि बढाई संस्थाको आफनो लेना सम्पूर्ण रकम असुल उपर गरी तपाई ऋणीहरु र सम्बन्धित जमानीकर्ताहरु समेतलाई कर्जा सुचना केन्द्र को कालोसुचीमा राखिने व्यहोरा समेत यसै सुचनाद्धारा जानकारी गराउदछु।

तपशिल

ऋणीको ३ पुस्ते विवरण	ऋणीको फोटो	धितोको विवरण	जमानीको विवरण
नाम : ज्योती अधिकारी पति : लक्ष्मण बहादुर ससुरा : आनन्द विक्रम राणा ठेगाना : का.म.पा.-२९ हाल : का.म.पा.-४, सुकेधारा		का.म.पा.-४, कि. नं. १४८, क्षेत्रफल ०-१२-०-२(३८५.५३ व.मि.)	१. प्रज्वल विक्रम अधिकारी सुकेधारा-४, काठमाडौं
नाम : रविन कुमार लामा बाबु : कर्ण ब. लामा बाजे : पेम्बा लामा ठेगाना : दारेचोक-३, चितवन हाल : जोरपाटी, काठमाडौं		नाल्दुम बालुवापाटी-६, काभ्रेपलान्चोक, कि.नं. २४५४ क्षेत्रफल ४-०-२-२ (२०५४.८४ ब.मि.) कि.नं. १७४७ को क्षेत्रफल ६-०-०-(३०५२.४४ व.मि.)	१. सिमोना तिरेल २. श्रीलाल तमाङ ३. रोशन तमाङ बौद्ध-६, काठमाडौं
नाम : लाल काजी गुरुङ बाबु : रण ब.गुरुङ बाजे : दल बहादुर ठेगाना : माछापुच्छे-३,कास्की हाल : सुन्धारा, काठमाडौं		लप्सीफेदी-४, काठमाडौं कि.नं. ४ (क्षेत्रफल २-८-०-०(१२७१.८० ब.मि.)	१. मिना गुरुङ २. स्वदेश गुरुङ सुन्धारा-११, काठमाडौं
नाम : सानुमाया लामा बाबु : गोरे लामा बाजे : लाल ब.लामा ठेगाना : लिखु-९, नुवाकोट हाल : बालाजु, काठमाडौं		सुडाल-६,भक्तपुर कि.नं.३८७ (क्षेत्रफल१-२-०-०(५७२.३२ ब.मि.) सुडाल-६,भक्तपुर कि.नं.३९० (क्षेत्रफल१-१-१-३(५५४.४५ ब.मि.) सुडाल-६,भक्तपुर कि.नं.३९३ (क्षेत्रफल०-९-३-०(३०९.९६ ब.मि.)	१. कुलमान तमाङ खर्पाचोक-७, काभ्रे हाल : बालाजु
नाम : राजेश सुवेदी बाबु : मदन कुमार बाजे : भिम ब. ठेगाना : थलि डाँछी-३, काठमाडौं		थलि डाँछी -३, काठमाडौं कि.त. १००३ क्षेत्रफल ०-३-०-० (९५.३७ ब.मि.) थलि डाँछी -३, काठमाडौं कि.त. १९११ क्षेत्रफल ०-३-२-० (१११.२७ ब.मि.)	१. पदमा तिवारी २. विजय के.सी. थलि डाँछी-४, काठमाडौं

शुभ विहानी बचत तथा ऋण सहकारी संस्था लि.
चावहिल-७, काठमाडौं
फोन : ०१-४५६३१२४

नबिल बैंक लिमिटेड, बिरगंज शाखा-२, पर्साको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/१२/२०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **मिति २०८०/०२/०३ को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **बिरगंज शाखा-२, पर्सा**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

गोवरधन दास अग्रवालको नाति, फुलचन्द्र अग्रवालको छोरा सिरहा जिल्ला, इनर्वा गा.वि.स., वडा नं. ८ स्थायी घर भई हाल पर्सा जिल्ला, विरगंज म.न.पा, वडा नं. ११ बस्ने, ना.प्र.नं. १५३०१९/११३ (जारी मितिः २०६३/१०/२२, स्थान सिराहा) भएको **श्री हरिशंकर अग्रवाल।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

देवकी नन्दन विहानीकी छोरी, फुलचन्द्र अग्रवालकी बुहारी, हरिशंकर अग्रवालकी श्रीमती पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १५ स्थायी घर भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा, वडा नं. ६ बस्ने, ना.प्र.नं. ३४३०२२/१७४ (जारी मितिः २०६३/११/२९ स्थान पर्सा) भएको **श्रीमती रेखा विहानी।**

धितोको विवरण

सिरहा जिल्ला, इनर्वा गा.वि.स., वडा नं. ८ स्थायी घर भई हाल पर्सा जिल्ला, विरगंज म.न.पा, वडा नं. ११ बस्ने **श्री हरिशंकर अग्रवालको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १४ मा अवस्थित कि.नं. ९८ सिट नं ११३०३५१०६ क्षेत्रफल ३३८.४० वर्ग मिटर जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **बिरगंज शाखा-२, पर्सा**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिन भित्र अर्थात मिति २०८१/०१/०४ गते ५:०० बजे भित्र यस बैंकको **बिरगंज शाखा-२, पर्सा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०१/०५ गते ३:०० बजे बैंकको **बिरगंज शाखा-२, पर्सा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **बिरगंज शाखा-२, पर्सा**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

एनआइसिसिआईले गऱ्यो मानार्थ सदस्य र महावाणिज्यदूतलाई सम्मान

काठमाडौं/ नेपाल-इटाली चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री (एनआइसिसिआई)ले अध्यक्ष सञ्जय अग्रवाल, नेपाल-इटाली चेम्बर अफ कमर्सका मानार्थ सदस्य राजेशकाजी श्रेष्ठ र इटालीका लागि नेपालका महावाणिज्यदूत प्रतिमा राणा पाण्डेलगायत एनआइसिसिआईका अन्य प्रमुख व्यक्तित्वहरूलाई सम्मान गरेको छ। चेम्बरले १०औँ वार्षिक साधारणसभामा चेम्बरको उद्देश्यप्रति उहाँहरूको अटल प्रतिबद्धताका लागि प्रशंसापत्र प्रदान गरेर सम्मान गरेको हो।

साधारणसभाले इटाली र नेपालबीच बलियो व्यावसायिक सम्बन्ध प्रवर्द्धन गर्ने चेम्बरको अटल प्रयासमा एउटा महत्त्वपूर्ण कदम सावित भएको निष्कर्ष निकालेको छ। कार्यक्रममा प्रमुख अतिथि सूचना तथा सञ्चारमन्त्री रेखा शर्माले 'एनआइसिसिआई डाइरेक्टरी'को अनावरण गरेकी थिइन्।

त्यस्तै, नवनियुक्त सदस्यहरूलाई स्वागत र सम्मान गर्नुका साथै एनआइसिसिआईको नेपाल र इटालीबीचको व्यापार र लगानीलाई प्रोत्साहन गर्ने उद्देश्यप्रति उहाँहरूको समर्पणको प्रमाणका रूपमा सदस्यता प्रमाणपत्र प्रदान गरिएको थियो। राजेशकाजी श्रेष्ठ, श्रीमती प्रतिमा पाण्डे र माननीय रेखा शर्मालगायत विशिष्ट वक्ताहरूले एनआइसिसिआईले विगत वर्षमा हासिल गरेका उपलब्धिबारे छलफल गरेका थिए। एनआइसिसिआईका अध्यक्ष सञ्जय अग्रवालले सबै सदस्यहरूलाई उनीहरूले गर्नुभएको अटल सहयोग र समर्पणका लागि आभार व्यक्त गरेका थिए। उनले नेपाल र इटालीबीचको व्यापारिक सम्बन्ध र आर्थिक विकासलाई उत्प्रेरित गर्ने एनआइसिसिआईको अटल प्रतिबद्धता रहिरहने बताए।

बिवाइडी एसिया प्यासिफिक डिलर कन्फ्रेन्समा साइमेक्स इंक सम्मानित

नयाँ पत्रिका



नेपालमा बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंक सम्मानित भएको छ। कम्पनी चीनको सियानमा आयोजित बिवाइडी एसिया प्यासिफिक- २०२४ डिलर कन्फ्रेन्समा सम्मानित भएको हो।

साइमेक्सले एसिया प्यासिफिक मेजर कन्ट्रिब्युसन डिस्ट्रिब्युटर अवार्ड र सेल्स कन्ट्रिब्युसन अवार्ड गरी दुई पुरस्कार हात पारेको जनाइएको छ। अपेक्षित थप उपलब्धि हासिल गर्दै र उल्लेखनीय बिक्री कार्यमा अगाडि बढ्दै एसिया प्यासिफिक क्षेत्रकै प्रमुख वितरक बन्न सफल भएको साइमेक्स इंकले दाबी गरेको छ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा प्राप्त उल्लेखनीय उपलब्धिबाहेक कम्पनीले चीनको सियानमा नेपाल एनुअल डिलर्स मिट- २०२४ समेत आयोजना गरेको जनाएको छ। नेपालमा बिवाइडी डिलरहरूको बीचमा आपसी सहयोग बढाउन, ज्ञान आदान-प्रदान गर्न र सहकार्यलाई बलियो बनाउन सो इभेन्टले एउटा प्लेटफर्मको कार्य गरेको कम्पनीको भनाइ छ।

उक्त अवसरमा साइमेक्सको सन् २०२४ को योजनामार्फत यसको नेटवर्क विस्तारलाई प्रस्तुत गरिएको उल्लेख छ। हाल कम्पनीले देशभरमा १५ स्थानमा बिवाइडी सोरुम सञ्चालनमा ल्याइरहेको र थप तीन सोरुम स्थापित हुने क्रममा रहेको जनाइएको छ। त्यस्तै, विभिन्न स्थानमा २३ डिसी फास्ट चार्जर स्थापना गरेको र थप विस्तारका क्रममा रहेको जनाइएको छ।

बालाजु अटो वर्क्सको म्यानेजर्स मिट २०२४ सम्पन्न

काठमाडौं/ नेपालका लागि महिन्द्रा फोरह्विलरको आधिकारिक विक्रेता अग्नि ग्रुपले सर्भिस एन्ड पार्टस् म्यानेजर मिट २०२४ सम्पन्न गरेको छ। बालाजु अटो वर्क्सका प्रबन्ध-निर्देशक अर्जुनप्रसाद शर्मा र एम एन्ड एम नेपालका लागि सर्भिस कन्ट्री म्यानेजर सोमनाथ धरका साथै अग्नि ग्रुप नेटवर्क्सका अतिथिहरूको उपस्थितिमा म्यानेजर्स मिट आयोजना भएको हो।

कार्यक्रममा महिन्द्रा केयर फेस्ट २०२४ मा विजेता डिलरलाई बालाजु अटो वर्क्सका प्रबन्ध-निर्देशक शर्मा, सर्भिस कन्ट्री म्यानेजर धरका साथै कम्पनीका विभाग प्रमुखले विभिन्न उपाधिले सम्मान गरेका थिए। जसमा बेस्ट फोटो अफ द केयर फेस्ट इटहरीको अग्नि आस्था, बेस्ट कस्टमर इन्गेजमेन्ट श्री बाराही अटो वर्क्सका ओम, हाइएस्ट एम-ट्र्याक इनरोलमेन्ट इटहरीकै अग्नि आस्था, हाई पर्फर्मर भैरहवाको अग्नि आस्था, हाई एचिभर ठाकुर अटो केयर सेन्टरले जितेको कम्पनीले जनाएको छ। साथै, म्यानेजर्स मिट २०२४ मा उत्कृष्ट प्रदर्शन गर्ने ओम श्री वाराहीबाट बेस्ट कस्टमर केयर एक्जिक्युटिभ २०२४ विनिता केसी, सेन्ट्रल सर्भिस सेन्टरबाट बेस्ट सर्भिस म्यानेजर २०२४ शशि पँजियार र एमके इन्कर्पोरेटेड प्रालिबाट बेस्ट स्पेयर पार्टस् म्यानेजर २०२४ राजेश लाघेलाई उनीहरूको योगदानका लागि सम्मानित गरिएको उल्लेख छ। कार्यक्रममा बालाजु अटो वर्क्सका प्रबन्ध-निर्देशकले संस्थाको विकासमा सबैको योगदानको प्रशंसा गरे। उनले सर्भिस एन्ड पार्टस् म्यानेजर मिट २०२४ मार्फत साझेदारीलाई सुदृढ पार्ने र उत्कृष्टता हासिल गर्ने प्रतिबद्धताका साथै सँगै काम गरेर दीर्घकालीन वृद्धि र नवप्रवर्तनको सम्भावनालाई अनलक गर्ने कुरामा जोड दिएका थिए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/१२/२०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटीपथ, दरवारमार्ग, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति २०८०/०२/२२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८०/०५/०१ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८०/०९/०६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सिन्धुलीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स उपकरण कर्जा , सवारी कर्जा, अधिविकर्ष कर्जा
ऋणीको नाम : आत्रेय निर्माण सेवा प्रा.लि.
रजिष्टर्ड ठेगाना : कमलामाई न.पा. -६, सिन्धुली
रजिष्ट्रेसन नं. : ३७२१२/०६२/०६३ (तत्कालीन श्री ५ को सरकार, हाल नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय)
रजिष्ट्रेसन मिति : २०६२/०८/२४
पान नं. : ३०२०६८४९६

कम्पनीको संचालकहरुको नाम र ठेगाना

१. नाम : राजेश कुमार कुँवर (अध्यक्ष तथा जमानीकर्ता) बाबु : उदय बहादुर कुँवर बाजे : दल बहादुर कुँवर ठेगाना : सीन्जा गा.वि.स.-६, सिन्धुली हाल : का.म.न.पा.-१०, काठमाडौं ना.प्र.नं. : ६५३१ जारी मिति : २०४४/१०/१८ जि.प्र.का. : सिन्धुली	**२. नाम : विकेन्द्र कुँवर (जमानीकर्ता)** बाबु : राजेश कुमार कुँवर बाजे : उदय बहादुर कुँवर ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली हाल : का.म.न.पा.-१०, काठमाडौं ना.प्र.नं. : २०१०५४/७०० जारी मिति : २०६७/०४/१२ जि.प्र.का. : सिन्धुली
३. नाम : विषम कुँवर बाबु : रमेश कुमार कुँवर बाजे : उदय बहादुर कुँवर ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली हाल : का.म.न.पा.-१०, काठमाडौं ना.प्र.नं. : २०-०१-७६-०५००० जारी मिति : २०७६/०७/०५ जि.प्र.का. : सिन्धुली	**जमानीकर्ताको नाम र ठेगाना** **नाम : कमला कुमारी खत्री कुँवर** बाबु : नर बहादुर खत्री पति : राजेश कुमार कुँवर ससुरा : उदय बहादुर कुँवर ठेगाना : कमलामाई न.पा.-६, सिन्धुली हाल : का.म.न.पा.-१०, काठमाडौं ना.प्र.नं. : २०२०१०५४/१३७३ जारी मिति : २०६७/०७/३० जि. प्र. का. : सिन्धुली

२. धितो राखिएको सम्पत्ति विवरणः

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट	कि.नं.	क्षेत्रफल (विगाहा)	धितो सुरक्षण धनीको नाम	कैफियत
१.	सिन्धुली	सिद्धेश्वर	४/४ट	७४	०-३-१३-०	राजेश कुमार कुँवर	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
२.	महोत्तरी	बहादुरगंज	८/८घ	२९०	०-५-०-०		
३.	सिन्धुली	सिद्धेश्वर	७/७ब	१६५	०-१०-०-०	कमला कुमारी खत्री	
४.	सिन्धुली	सिद्धेश्वर	७/७क	३२६२	०-०-१७-०	राजेश कुमार कुँवर	

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय सिन्धुलीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१२/२७, मंगलबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सिन्धुली।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

भित्रियो होन्डाको एनएक्स-२००

काठमाडौं/ दुईपाङ्ग्रे सवारीसाधन होन्डाले आफ्नो नयाँ बाइक एनएक्स-२०० नेपाली बजारमा भित्र्याएको छ। कम्पनीले सिटी राइडिङ र लामो दूरीको यात्रा दुवैका लागि उपयुक्त मानिएको बाइक नेपाली बजारमा ल्याएको हो।

यो बाइकको 'अप-राइट पोजिसन' र टायरको 'टफ ट्रेड प्याट्रन'ले आरामदायी यात्रा सुनिश्चित गर्ने कम्पनीको दाबी छ। यो बाइकमा उपलब्ध 'वाइन्ड भाइजर' र 'एलइडी विंकर'सहितको 'नकल कभर'ले सुरक्षा फिचरलाई बढाउनुका साथै बाइकलाई झनै आकर्षक बनाएको कम्पनीले जनाएको छ। 'लिक्युइड क्लियर' डिजिटल मिटर र चालकलाई पायक पर्ने गरी चाबी हाल्ने ठाउँ ट्यांकीमै हुनु पनि यसको थप विशेषता रहेको कम्पनीको जिकिर छ।

इन्धन बचत पनि महत्त्वपूर्ण विशेषता रहेको यो बाइकमा १० वर्षसम्मको वारेन्टी प्याकेजमा ल्याएको कम्पनीले जनाएको छ। हाललाई विभिन्न चार रङहरूमा उपलब्ध यसको सुरुवाती बिक्री मूल्य चार लाख ७९ हजार नौ सय रुपैयाँ तोकिएको छ।

भारत-नेपाल शिल्प मेला सम्पन्न

काठमाडौं/ भारत-नेपाल लोक शिल्प मेला सम्पन्न भएको छ। मेला काठमाडौंको छाया सेन्टरमा चैत १५ देखि १९ सम्म चलेको थियो। यो मेला शिल्पमा आधारित द्विपक्षीय सम्बन्धको प्रोत्साहन र भारत-नेपालबीचको शिल्प र संस्कृतिको आदानप्रदान कार्यक्रमलाई अघि बढाउन दक्षिण एसिया फाउन्डेसनको एक पहल भएको जनाइएको छ। मेलामा विभिन्न शिल्पको लाइभ प्रदर्शनीका साथै पाँचदिने अनौपचारिक प्रदर्शनीका साथ भारत र नेपालका शिल्पकर्मीद्वारा बनाइएका अनौपचारिक आर्टिफेक्टहरू प्रदर्शन गरिएको उल्लेख छ।

व्यापार सुविधा, सांस्कृतिक कार्यक्रम, शिल्प प्रदर्शनको लाइभ डेमोन्स्ट्रेसन, डिजाइन वर्कसप, भारत र नेपालका लोककला र शिल्का साथमा वाराणसीको आकर्षक शिल्म मेलाको आकर्षण रहेको आयोजकको भनाइ छ। शिल्प मेला नेपालका लागि भारतीय राजदूतावासका साथै विभिन्न प्रायोजकको सहयोगमा आयोजना गरिएको उल्लेख छ।

मोटर साईकल हराएको सूचना

यस नबिल बैंक लि.को भण्डारा शाखामा बैंक प्रयोजनको लागि प्रयोग भइरहेको यामाहा कम्पनीको कालो रङ्गको FZFI 2021 मोडलको १४९ हर्षपावरको दर्ता नं प्रदेश २-०३-००१४ प ५००४, इन्जिन नं. G3J3E0544689, च्यासिस नं. ME9RG4413M0091204 को मोटर साईकल मितिः २०७९/११/१५ गते चितवन जिल्ला, राप्ती न.पा. वडा. नं ०५ भण्डाराबाट हराएको हुनाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सो मोटर साईकल कसैले कतै देख्नु भएको भए नजिकको प्रहरी कार्यालय अथवा नजिकको नबिल बैंक लि.को शाखामा जानकारी गराइदिनुहुन विनम्र अनुरोध गर्दछौं।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नेशनल डेन्टल हस्पिटल लिमिटेडको जगेडामा रहेको हकप्रद शेयर जारी गर्ने सूचना

(प्रकाशित मितिः २०८०/१२/२० गते)

यस नेशनल डेन्टल हस्पिटल लि. को मिति २०८०/०६/१३ गते सम्पन्न भएको साधारण सभाले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरीद गर्न पाउने गरी यस कम्पनीको हकप्रद शेयर जारी गर्ने मिति २०८०/०८/०९ को सूचना बमोजिम बिक्री भई बाँकी जगेडामा रहेको जम्मा १,९५,४९७ थान शेयरलाई तत्काल कायम चुक्ता शेयरको ५०.७३ % प्रतिशतको अनुपातमा हकप्रद शेयर जारी गर्ने निर्णय भए बमोजिम कम्पनी ऐन, २०६३ को दफा ५६ को उपदफा (३) बमोजिम यस कम्पनीका शेयर धनीज्यूहरुले मिति २०८०/१२/२० गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा १५ दिने सूचना प्रकाशित गरिएको छ। ऐ ऐनको दफा ५६ को उपदफा (११) बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिन समाप्त भएको अर्को दिन मिति २०८१/०१/०५ देखि अन्तिम मिति २०८१/०२/०८ गते सम्म जम्मा ३५ दिन भित्र प्रति शेयर रु. १००/- (एक सय) का दरले हुन आउने रकम यस कम्पनीको एभरेष्ट बैंक, लाजिम्पाट शाखाको खाता नं. ०१४००१०५००००९७ मा शेयर वापतको रकम जम्मा गर्नु हुन यसै सूचना बाट जानकारी गराइन्छ। अन्यथा उल्लेखित समयमा शेयर वापतको रकम जम्मा नगर्ने शेयरधनीहरुको हकमा कानुन बमोजिम भैजाने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

कम्पनी सचिव

नेशनल डेन्टल हस्पिटल लिमिटेड
पानीपोखरी, काठमाडौं, नेपाल
फोन नं. ९७७-४००२७१४, ४००२७१५, ४००२७१६

कानुनविपरीत...

पृष्ठ १ बाट क्रमशः

कार्यालय पाटनले राजस्व विभागलाई दिएको थियो। सोही आधारमा सोमबार विभागले थप छानबिनका लागि अख्तियारमा पत्राचार गरेको हो। भ्रष्टाचार निवारण ऐनको दफा ७ मा राजस्व उठाउनुपर्ने कर्तव्य भएको राष्ट्रसेवकले राजस्व चुहावट गरेमा वा राजस्व चुहावट गर्न कसैलाई मद्दत पुर्‍याएमा वा आफूसमेत संलग्न भई दुरुत्साहन दिएमा निजले चुहावट गरेको राजस्व रकमअनुसार कसुर मानिने र सोहीबमोजिम कैदको सजाय गरी चुहावट भएको राजस्व रकमको दोब्बर जरिवाना हुने व्यवस्था छ।

कोटिभिटी नेपाल हाल मध्यमस्तरीय करदाता भएको कार्यालयअन्तर्गत पर्छ। विगतमा यो करदाता ठूला करदाता र आन्तरिक राजस्व कार्यालय काठमाडौं १ अन्तर्गत थियो। साबिकमा काठमाडौं १, २ र ३ नम्बर करदाता कार्यालय भएकामा कारोबारको थ्रेसहोल्डका आधारमा करदातालाई विभाजन गरेर ठूला, मध्यम र आन्तरिक राजस्व कार्यालय भनेर विभाजन गरिएको थियो। यी कार्यालयमा विभिन्न समयमा कोटिभिटीको भ्याट फिर्ताको निर्णय प्रक्रियामा संलग्न कार्यरत कार्यालय प्रमुख र कर्मचारीहरू अनुसन्धानमा तानिने भएका हुन्। स्रोतका अनुसार करिब ६० कर्मचारीहरू छानबिनमा तानिनेछन्।

विभागले अदालतमा दायर गरेको आरोपपत्रअनुसार कोटिभिटीले आर्थिक वर्ष ०६२-६३ देखि चालू आवसम्मै कानुनविपरीत भ्याट फिर्ता लिएको उल्लेख छ। उक्त कम्पनीले सुरुदेखि हालसम्म नौ अर्ब ९१ करोड एक लाख ११ हजार २७५ रुपैयाँबराबरको निर्यात गरेको देखिएको छ। यो अवधिमा उसलाई ५१ करोड ३४ लाख ९९ हजार ५९७ रुपैयाँ भ्याट फिर्ता दिइएको छ। भ्याट फिर्तासहित हालसम्मको जम्मा निर्यात बिक्री १० अर्ब ४२ करोड ७८ लाख २६ हजार ५८८ रुपैयाँ देखिएको छ।

मूल्य अभिवृद्धि कर ऐनको दफा ७ मा भ्याटका दरहरूको व्यवस्था छ। त्यसैको उपदफा १ मा ऐनबमोजिम लाग्ने करको दर १३ प्रतिशतको एकल दर हुने व्यवस्था छ। तर, अनुसूची २ मा उल्लिखित वस्तु वा सेवाको कारोबारमा शून्यदरमा कर लाग्ने व्यवस्था छ। उक्त अनुसूचीको दफा २ (क) मा नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानुनी रूपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवामा शून्यदरमा कर लाग्ने व्यवस्था गरेको छ। तर, कोटिभिटीले यस कानुनी व्यवस्थाको विपरीत आफ्नै मूल कम्पनीलाई सेवा बिक्री गर्दाको निर्यातमा भ्याट छुट लिएको देखिएको हो। कोटिभिटीले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार करकट्टी लिएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐनको अनसूची २ को दफा २ (क) बमोजिम सुविधा नपाउने करदाताले मूल्य अभिवृद्धि कर रकमसमेत करकट्टी (फिर्ता) लिएको विषय प्रचलित कानुनबमोजिम मान्न नसकिने विभागको ठहर छ।

विभागको अनुसन्धानबाट कोटिभिटी नेपाल प्रालिको सेयरधनी कोटिभिटी इंक रहेको देखिन्छ। अर्थात् कोटिभिटी इंक मुख्य कम्पनी र कोटिभिटी नेपाल सहायक कम्पनी हुन्। कोटिभिटी नेपालले आफूले उत्पादन गरेको वस्तु तथा सेवा कोटिभिटी इंकलाई मात्र निर्यात गरेको देखिएको छ। यसबाट कोटिभिटी नेपाल कोटिभिटी इंकको व्यावसायिक प्रतिनिधि भएको तथ्य पुष्टि भएको विभागको दाबी छ। कोटिभिटी नेपालले मुख्य कम्पनीका लागि व्यावसायिक कारोबार गर्ने, उसैको व्यावसायिक प्रतिनिधित्व गर्ने तथा उसैको कानुनी रूपमा मान्य नेपालस्थित प्रतिनिधि रहेको देखिएको छ।

अनुसन्धानका क्रममा कोटिभिटी नेपालले विभागलाई पठाएको पत्रमा उसले वस्तु तथा सेवाको निर्यात आफ्नै मुख्य कम्पनीलाई मात्र गरेको देखिएको छ। 'यसबाट कोटिभिटी नेपालले निर्यात गरेको सेवा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची २ को दफा २ (क) बमोजिमको सुविधा पाउने निर्यात हो भन्न सकिएन,' विभागले अदालतमा दायर गरेको आरोपपत्रमा उल्लेख छ। कोटिभिटी नेपाल प्रालि कोटिभिटी इंकको सहायक कम्पनी भएको हुँदा मुख्य कम्पनीका लागि व्यावसायिक कारोबार गर्ने, मुख्य कम्पनीको व्यावसायिक प्रतिनिधित्व गर्ने तथा मुख्य कम्पनीको नेपालस्थित कानुनी रूपमा मान्य प्रतिनिधिसमेत देखिएकाले मूल्य अभिवृद्धि कर ऐनको अनुसूची २ को दफा २ (क) आकर्षित हुने नदेखिएको विभागको ठहर छ।

त्यस्तै, सेयर स्वामित्व परिवर्तन हुँदा पनि ठूलो मात्रामा पुँजीगत लाभकर छली भएको विभागको दाबी छ। विभागको अनुसन्धानबाट कोटिभिटी नेपाल प्रालि नेपालमा दर्ता भएको पूर्ण वैदेशिक लगानी भएको कम्पनी रहेको देखिन्छ। कम्पनीको साबिकको नाम भेरसिक इन्फरमेसन टेक्नोलोजी प्रालि रहेकामा २८ साउन ०७३ को सेयरधनीको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी भर्सेन्ड टेक्नोलोजी प्रालि कायम गरी कम्पनी रजिस्ट्रारले ८ भदौ ०७३ मा स्वीकृत प्रदान गरिदिएको थियो। त्यस्तै, कम्पनीको १ कात्तिक ०७५ को सेयरधनीको विशेष निर्णयबमोजिम भरसेन्ड टेक्नोलोजी प्रालि नाम परिवर्तन गरी कोटिभिटी नेपाल प्रालि कायम गर्न निवेदन दिएको थियो। कम्पनी रजिस्ट्रारले ८ पुस ०७५ मा कम्पनीको नाम कोटिभिटी कायम गरिदिएको थियो। त्यसयता यसैको नामबाट कारोबार हुँदै आएको देखिएको छ।

कम्पनीको आव ०७२/७३ मा कुल १७ लाख पाँच हजार २०२ कित्ता सम्पूर्ण सेयर भेरिक्स हेल्थ इंक, अमेरिकाको नाममा रहेको देखिन्छ। २१ जेठ ०७५ मा कम्पनीको तर्फबाट प्रमाणित सेयरधनी दर्ता किताबअनुसार कम्पनीको एकल सेयरधनी भर्सेन्ड टेक्नोलोजी इंक, अमेरिकामा रहेकामा २६ कात्तिक ०७५ मा कम्पनीको तर्फबाट प्रमाणित सेयरधनी दर्ता किताबअनुसार कम्पनीको एकल सेयरधनी कोटिभिटी इंक अमेरिकामा देखिन्छ।

कम्पनीले आफूमा रहेको निहित सेयर स्वामित्वमा भएको परिवर्तन र सोबाट कम्पनीको नियन्त्रणमा परिवर्तन भएको विषयमा सम्बन्धित निकायहरूमा कुनै जानकारी नदिई त्यसबमोजिम सिर्जना हुने प्रचलित कानुनबमोजिमको कर दायित्व पूरा नगरी राजस्व चुहावट गरेको ठहर विभागको छ।

नेपाल–चीन...

पृष्ठ १ बाट क्रमशः

नेपालको विकास र समृद्धिका विषयमा बेइजिङ, ल्हासा, छोङछिङ र छेन्दुमा चिनियाँ शीर्ष नेताहरूसँग एक्लाएक्लै पनि छलफल गरेको उपप्रधानमन्त्री श्रेष्ठले बताए। विगतमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको समयमा दुई देशबीच हिमालय सीमापार बहुआयामिक कनेक्टिभिटी नेटवर्कअन्तर्गत सहकार्य गर्ने ढाँचामा सहमति भएको थियो। अहिले उपप्रधानमन्त्री श्रेष्ठले नेपालको आर्थिक समृद्धिका दृष्टिले नेपाल-चीन विकास करिडोर सान्दर्भिक भएको बताए। 'चीनका उदीयमान सहरहरूसँग जोडिएर हामीले समृद्धि र विकासमा फाइदा लिनुपर्छ भन्ने मेरो मूलभूत उद्देश्य थियो। यही सन्दर्भमा भ्रमण र सकारात्मक कुराकानी भए,' श्रेष्ठले भने, 'प्रस्तावित आर्थिक करिडोरले नेपालको आर्थिक समृद्धिमा योगदान गर्नेछ।'

उपप्रधानमन्त्री श्रेष्ठले कृषि, पर्यटन, जलविद्युत् र पूर्वाधार क्षेत्रमा ठोस आयोजनाहरू बनाई कार्यान्वयन गर्दै जान दुवै पक्ष सहमत भएको जानकारी दिए।

नेपाल र चीनबीच तीन अन्तर्राष्ट्रिय, तीन व्यापारिक र १४ परम्परागत नाकाहरूमध्ये श्रेष्ठको भ्रमणमा परम्परागत नाका खोल्ने निर्णय भएको छ। रसुवागढी-केरुङ, तातोपानी-झाङ्मु, यारी-पुरान, नेचुङ-लिची (कोरला) खुला भइसकेका छन्। 'परम्परागत व्यापार सीमानाकाहरू यथाशीघ्र खोल्न चीन पक्ष तयार भएको छ। यसबाट चीन सीमानजिक बसोबास गर्ने नेपालीहरूको दैनिक जीवन तथा व्यापार व्यवसाय सहज हुनेछ,' उपप्रधानमन्त्री श्रेष्ठले भने।

उनका अनुसार बेइजिङमा समकक्षीसँगको छलफलमा दुई देशका विभिन्न आयामहरूमा नियमित रूपमा उच्चस्तरमा छलफल गर्न परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोग गठन गर्न चीन सकारात्मक छ। बिआरआई कार्यान्वयन योजनालाई अन्तिम रूप दिएर कार्यान्वयन गर्नेबारे छलफल भएको उनले बताए।

उपप्रधानमन्त्री श्रेष्ठले चीन भ्रमण गर्न चाहने नेपालीहरूलाई पनि निःशुल्क भिसा उपलब्ध गराउन आग्रह गरेको र चीन सकारात्मक भएको पनि बताए। नेपालले चिनियाँ पर्यटकहरूलाई सन् २०१६ देखि निःशुल्क भिसा उपलब्ध गराउँदै आएको छ। नेपाल-चीनबीच भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको र विद्यमान संयन्त्रहरूको नियमित बैठक बसी आपसी सहयोग थप गतिशील बनाउने सहमति भएको पनि उपप्रधानमन्त्री श्रेष्ठले बताए। 'समस्या जहाँ आउँछ, तत्कालै जानकारी आदनप्रदान गर्ने र समाधानको तत्कालै पहल गर्ने सहमति भएको छ,' श्रेष्ठले भने।

सन् २०१२ मा भएको सहमतिअनुसार सीमा क्षेत्रका नेपालीहरूलाई तिब्बतमा चरन भूमि प्रयोग गर्न दिन र सीमावर्ती केही नेपाली गाउँहरूमा विद्युतीकरण गर्न चिनियाँ पक्ष सकारात्मक भएको पनि श्रेष्ठले जानकारी दिए। 'काठमाडौं र ल्हासाबीच सीधा बस सेवा पुनः सुचारु गर्ने विषयमा सकारात्मक छलफल भएको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने। नेपालबाट मासु, तरकारी तथा फलफूल निर्यातमा सहजीकरण गर्न चीनले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

उपप्रधानमन्त्री श्रेष्ठले नेपाल-चीन सीमाका केही क्षेत्रमा बहुकार्यात्मक ल्याब (प्रयोगशाला) स्थापना गर्न आग्रह गरेका थिए भने चीनले सकारात्मक रूपमा लिएको छ। नेपालको कृषि क्षेत्रको उत्पादकत्व बढाउन आवश्यक पुँजी र प्रविधि उपलब्ध गराउन चिनियाँ पक्ष सकारात्मक रहेको पनि उपप्रधानमन्त्री श्रेष्ठले बताए।

नेपालका काठमाडौं र पोखरा तथा चीनका विभिन्न सहरबीच थप उडानहरू सञ्चालनमा ल्याउन दुवै पक्ष सहमत भएको उनले बताए। 'आगामी २८-२९ अप्रिल २०२४ मा काठमाडौंमा आयोजना हुने तेस्रो नेपाल लगानी सम्मेलनमा सरकारी तथा निजी क्षेत्रका चिनियाँ लगानीकर्ताहरूको बढीभन्दा बढी सहभागिताका लागि अनुरोध गरेको छु,' श्रेष्ठले भने, 'उच्चस्तरीय चिनियाँ नेतृत्वले सम्मेलनमा सहभागिताका लागि चिनियाँ लगानीकर्ताहरूलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छु।' श्रेष्ठका अनुसार अन्तरदेशीय सडक, रेलवे, हवाई उडान, विद्युत् प्रसारण लाइन आदिको विस्तारमा दुवै पक्ष सकारात्मक छन्। 'नेपालको औद्योगीकरण गर्न, उत्पादनशीलता बढाउन र जनशक्ति विकास गर्न चीन र नेपालले संयुक्त रूपमा काम गर्नेबारेमा छलफल भएको छ। चिनियाँ ज्ञान र प्रविधि नेपाल भित्र्याउन मैले विशेष अनुरोध गरेको छु,' श्रेष्ठले भने।

चिनियाँ विदेशमन्त्री यीले यसै वर्ष उपयुक्त समयमा नेपाल भ्रमण गर्ने जानकारी दिएको पनि उपप्रधानमन्त्री श्रेष्ठले बताए। उपप्रधानमन्त्री श्रेष्ठ ११ देखि १९ चैतसम्म चीन भ्रमणमा थिए। उनले बेइजिङमा नेसनल कमिटी अफ चाइनिज पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कमिटी (सिपिपिसिसी)का अध्यक्ष वाङ हुनिङ, चिनियाँ कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य तथा विदेशमन्त्री वाङ यीसँग भेटवार्ता गरेका थिए । उनले चिनियाँ कम्युनिस्ट पार्टी, छोङछिङ नगर समितिका सचिव तथा पार्टी पोलिटब्युरो सदस्य युआन जियाजुन, पार्टीको तिब्बत सचिव वाङ जुनछेङ, सिचुवान प्रान्तका गभर्नर हुवाङ छियाङ र पार्टीको अन्तर्राष्ट्रिय विभागकी उपप्रमुख सुन हैयानसँग छलफल गरेका थिए।

चारमा सहज...

पृष्ठ १ बाट क्रमशः

जसअनुसार बागमती प्रदेशका मुख्यमन्त्रीले सोमबारै विश्वासको मत लिएका छन् भने मधेश प्रदेशमा एमालेको प्रवेशसँगैको पुनर्गठनले बहुमत सुनिश्चित भएको छ। तर, कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा कांग्रेसले नेतृत्व गरिरहेकाले सरकारको नेतृत्व परिवर्तन भइसकेको छैन। कर्णालीमा भने माओवादी केन्द्रले सरकारको नेतृत्व गरिरहेको छ। तर, गण्डकीमा विपक्षी मोर्चामा रहेको राप्रपाविना सरकार निर्माण कठिन देखिएको छ। सुदूरपश्चिम र लुम्बिनीमा नागरिक उन्मुक्ति र नेकपा एकीकृत निर्णायक देखिएका छन्। नागरिक उन्मुक्ति पार्टीभित्रको विवाद व्यवस्थापन कसरी हुन्छ भन्ने कुराले प्रदेशहरूको समीकरण निर्णायक हुने देखिएको छ।

सोमबार शीर्ष तहमा एकीकृत समाजवादीलाई सुदूरपश्चिम सरकारको नेतृत्व, बागमतीमा दोस्रो चरणमा सरकारको नेतृत्व र सांसद संख्या रहेका अरू प्रदेशमा पनि मन्त्री दिने समझदारी भएको छ। तर, पछिल्लो सहमति कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेमै एकीकृत समाजवादी विश्वस्त देखिएको छैन।

अध्यक्ष माधव नेपालले सैद्धान्तिक सहमति पालना कार्यान्वयनका लागि आफ्नो पार्टी पर्ख र हेरको नीतिमै रहेको बताए। 'मिलेरै जाऔँ भन्ने समझदारी भएको छ। जे गर्ने हो, सबै कुरा सल्लाहबाटै गर्दै अघि बढौँला भन्ने मुख्य कुरा छ। एउटा मुख्यमन्त्री लिने, अरू ठाउँमा पनि मिलाउने सैद्धान्तिक सहमति भएको छ,' नेपालले भने, 'तर, पालना हुने हो कि होइन, हेर्न बाँकी नै छ। हामी व्यवहारमा हेर्दै जान्छौँ, विश्वासको वातावरण बन्दै जाओस् भन्ने पक्षमा छौँ।'

कोशी : ९३ सदस्यीय प्रदेश सभा रहेको कोशी प्रदेशमा कांग्रेसका केदार कार्की मुख्यमन्त्री छन्। माओवादी, एकीकृत समाजवादी र जसपाको समर्थन सरकारलाई कायमै रहेकाले फिर्ता लिएलगत्तै नयाँ समीकरणअनुसार सरकार गठन हुन सक्छ। सत्तासमीकरणमा रहेका एमालेका ४०, माओवादी केन्द्रका १३, एकीकृत समाजवादीका चार र जसपाको एकसहित ५८ सिट पुग्ने भएकाले सहजै सरकार बन्न सक्छ। विपक्षी मोर्चामा कांग्रेसको २९, राप्रपाको ६ मत रहेको छ। तर, अन्तिम विकल्पमा अहिलेको सरकार गठन भएकाले त्यहाँ नयाँ सरकार गठन हुने-नहुने अनिश्चित छ।

मधेश : एक सय सात सदस्यीय मधेश प्रदेशमा केन्द्रमा समीकरण फेरिए पनि जसपाले नै सरकारको नेतृत्व गर्ने सहमति छ। जसअनुसार मुख्यमन्त्री सरोजकुमार यादवले नयाँ समीकरणअनुसार एमालेलाई समेटेर मन्त्रिपरिषद् पुनर्गठन गरेका छन्। कांग्रेस भने सरकारबाट बाहिरिएको छ। माओवादी र एकीकृत समाजवादी सरकारमै छन्। यद्यपि, मन्त्रिपरिषद् हेरफेरमा माओवादी र एमालेबीच कुराकानी मिलिसकेको छैन। एमालेको २३, माओवादीको आठ, जसपाको १५, एकीकृत समाजवादीको सात र नेपाल संघीय समाजवादीको एक सिटसहित सरकारको बहुमत छ। स्वतन्त्र सांसदले पनि सरकारलाई समर्थन गरेकाले सरकार बहुमतमै छ। विपक्षी मोर्चामा कांग्रेसको २२, राप्रपा एक, जनमत १३, लोसपा नौ र नागरिक उन्मुक्तिको एक रहेको छ। स्वतन्त्र सांसदको संख्या ६ छ।

बागमतीमा जम्कट्टेलले लिए विश्वासको मत

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सभाबाट तेस्रोपटक विश्वासको मत पाएका छन्। यसअघि उनले ३ माघ ०७९ मा पहिलोपटक र गत १० चैतमा दोस्रोपटक प्रदेश सभाबाट विश्वासको मत पाएका थिए। तत्कालीन सत्ता साझेदार दल कांग्रेसले २३ फागुनमा विश्वासको मत फिर्ता लिएर सरकारबाट बाहिरिएपछि जम्कट्टेलले सोमबार पुनः विश्वासको मत लिएका हुन्। उनलाई आवश्यक बहुमत संख्या पुग्ने ५६ जना सांसदले विश्वासको मत दिएका छन्।

प्रदेश सभाको बैठकमा प्रस्तुत भएको मुख्यमन्त्री जम्कट्टेलको विश्वासको मतसम्बन्धी प्रस्तावको पक्षमा ५६ सांसदले मतदान गरेको सभाका सभामुख भुवनकुमार पाठकले घोषणा गरेका थिए। विपक्षमा ३७ जनाले मतदान गरे भने १५ जना सांसद तटस्थ बसेका थिए।

मुख्यमन्त्री जम्कट्टेललाई प्रदेश सभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये चार दलका सांसदले विश्वासको मत दिएका छन्। उनलाई विश्वासको मत दिनेमा एमालेका २७, माओवादी २१, एकीकृत समाजवादी सात र हाम्रो नेपाली पार्टीका एकजना सांसद छन्। हानेपाका एकजना सांसद अनुपस्थित रहेको संसद् सचिवालयले जनाएको छ।

यसअघि सरकारमा रहेको कांग्रेसले विपक्षमा मतदान गरेको छ भने राप्रपा र नेमकिपा तटस्थ बसेका छन्। ११० सांसद रहेको प्रदेश सभामा कांग्रेसका ३७, एमालेका २७, माओवादीका २१, राप्रपाका १३, एकीकृत समाजवादीका सात, नेमकिपाका तीन र हाम्रो नेपाली पार्टीका दुई सांसद छन्। विश्वासको मत पाएसँगै मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको सरकारले निरन्तरता पाएको छ।

गण्डकी : ६० सदस्यीय गण्डकी प्रदेशमा स्वतन्त्रबाट चुनाव जितेर एकीकृत समाजवादी प्रवेश गरेका सांसद दीपक मनाङेलाई मन्त्री बनाएर मुख्यमन्त्री सुरेन्द्र पाण्डेले सरकार टिकाउने प्रयास गरेका छन्। नयाँ समीकरणअनुसार प्रदेशको नेतृत्व एमालेले पाउने सहमति छ। जसअनुसार सरकार परिवर्तन गर्नका लागि कम्तीमा ३१ सांसदको समर्थन आवश्यक भए पनि एमालेको २२ र माओवादीका आठ हुँदा जम्मा ३० सांसद मात्र पुग्छ। मनाङेले अहिलेकै सरकारलाई समर्थन गरेकाले बहुमत पुर्‍याउन कठिन छ। त्यसमा पनि माओवादीको चुनावचिह्न लिएर जितेका फणिन्द्र देवकोटाले नेपाल समाजवादी पार्टीमै रहन पाऊँ भन्दै प्रदेश सभामा निवेदन दिएका छन्। तर, राप्रपाको दुई सिट रहेकाले नयाँ समीकरणमा रहेका दलहरू एमाले र माओवादी केन्द्रले मनाङेलाई फर्काउने या राप्रपा मनाउनुपर्ने हुन्छ। कांग्रेसको २७ सिट रहेको छ।

लुम्बिनी : लुम्बिनीमा कांग्रेसबाट निर्वाचित डिल्लीबहादुर चौधरी मुख्यमन्त्री छन्। नयाँ समीकरणअनुसार माओवादी केन्द्रले नेतृत्व लिने सहमति छ। ८७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ। तर, समीकरणमा रहेका दलहरूले नागरिक उन्मुक्ति पार्टीभित्र विवाद रहेको र मनाउन नसक्दा यो प्रदेशमा पनि सरकार बनाउन कठिन नै छ।

प्रदेश सभाको अंकगणितअनुसार एमालेको २९, माओवादीको नौ, जसपा तीन र एकीकृत समाजवादी एकसहित जम्मा ४२ सिट मात्र पुग्छ। नागरिक उन्मुक्ति पार्टीको चार सिट थपिएको अवस्थामा ४६ सिटसहित बहुमत पुग्छ। तर, उसले समर्थन नगरेको अवस्थामा नयाँ समीकरणको सरकार बन्दैन। यस्तो अवस्थामा या त तीन स्वतन्त्र सांसदमध्ये कम्तीमा दुईजनाको समर्थन जित्नुपर्ने हुन्छ। विपक्षी मोर्चामा कांग्रेस २७, राप्रपा चार, जनमत तीन, लोसपा तीन, जनमोर्चाको एक सिट रहेको छ।

कर्णाली : ४० सदस्यीय प्रदेश सभा कर्णालीमा नयाँ समीकरणअनुसार सहजै सरकार बन्न सक्छ। अहिले माओवादी केन्द्रले नेतृत्व गरे पनि शीर्ष तहमा एमालेले नेतृत्व पाउने गरी समझदारी बनेको छ। तर, माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले नेतृत्व छाड्न नहुने पार्टीभित्र अडान राख्दै आएका छन्।

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले चौथोपटक मंगलबार विश्वासको मत लिने तयारी गरे पनि सहमतिपछि स्थगित भएको छ। कांग्रेसले गत २२ फागुनमा विश्वासको मत फिर्ता लिएपछि मुख्यमन्त्री शर्मा अल्पमतमा परेका थिए। सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र सभाबाट विश्वासको मतले लिनुपर्ने संवैधानिक व्यवस्थाअनुसार चौथोपटक विश्वासको मत लिन लागेका हुन्।

एमाले १०, माओवादी १३, एकीकृत समाजवादी एकसहित २४ सिटसहित बहुमत पुग्छ। त्यस्तै, विपक्षीतिर कांग्रेस १४, राप्रपा एक रहेको छ। स्वतन्त्र सांसद एक निर्वाचित छन्। शर्माले गत वर्ष १५ वैशाखमा तेस्रोपटक विश्वासको मत लिएका थिए। २७ पुस ०७९ मा नियुक्त भएका मुख्यमन्त्री शर्माले ६ माघमा पहिलोपटक र १७ चैतमा दोस्रोपटक विश्वासको मत लिएका थिए।

सुदूरपश्चिम : सुदूरपश्चिम प्रदेशमा पनि सरकार निर्माण जटिल छ। कांग्रेसका कमलबहादुर शाहले मुख्यमन्त्रीका रूपमा सरकारको नेतृत्व गरिरहेका छन्। ५३ सदस्यीय प्रदेश सभामा नयाँ समीकरणअनुसार समझदारी लागू भएको अवस्थामा बहुमतका लागि २७ सिट आवश्यक पर्छ। जसअनुसार एमाले १०, माओवादी ११ र एकीकृत समाजवादीको चार सहित २५ सिट मात्र पुग्छ। चार सिट रहेको नागरिक उन्मुक्ति पार्टीका कम्तीमा दुई सांसदले समर्थन गरेको अवस्थामा मात्र बहुमत पुग्छ। तर, केन्द्रमा एकीकृत समाजवादीलाई मुख्यमन्त्री दिने समझदारी भए पनि उन्मुक्तिले पनि दाबी गरिरहेकाले समझदारी लागू गर्न कठिन छ। सरकार फेरिए विपक्षी मोर्चामा कांग्रेस १९, राप्रपा एक हुनेछ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाडौँ

मुद्दती निक्षेप खाताको ब्याज दर प्रस्ताव माग गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति २०८०।१२।२०

वैदेशिक रोजगार विभागको धरौटी वापतको रकम रु. ३,५३,००,००,०००।- (अक्षरुपी तीन अर्व त्रिपन्न करोड मात्र) नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त विभिन्न वाणिज्य बैंकहरुको मुद्दती खातामा निक्षेप रही मिति २०८१।०१।०५ गते परिपक्व हुँदैछ। सोहि रकम पुनः एक (१) वर्षको लागी मुद्दती खातामा लागनी गरिने भएकोले नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त बैंकहरुले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर लगायत अन्य विवरण सहितको दरभाउपत्र फारम यस विभागको वेभसाइड www.dofe.gov.np बाट डाउनलोड गरी मिति २०८०।१२।२६ गते दिनको ३:०० बजेभित्र यस विभागको आर्थिक प्रशासन शाखामा शिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

महानिर्देशक

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१२/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुवाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : गुलरिया, बर्दिया	
	ऋणीको नाम, ठेगाना	
१.	नाम : उषा भैसी पालन फर्म प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया, बर्दिया उद्योग दर्ता नं. ४४५/४७४८/०७७/७८, दर्ता मिति : २०७७/०७/२४, पान नं. १२०५३४१६६, दर्ता मिति : २०७७/०७/२४ ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ७, प्रोप्राइटर : उषा यादव	
	जमानतकर्ताको विवरण	
	१. नाम : उषा यादव ना.प्र.नं. ६५-०२-७६-०००८७, जि.प्र.का. बर्दिया जारी मिति : २०७६/०१/११ पतिको नाम : ग्रिस कुमार यादव ससुराको नाम : राम औतार अहिर ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ७	२. नाम : ग्रिस कुमार यादव ना.प्र.नं. ६५-०२-७३-१०८७७, जि.प्र.का. बर्दिया जारी मिति : २०७३/०७/२६ बाबुको नाम : राम औतार अहिर बाजेको नाम : दयाराम अहिर ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. १० हाल : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ७
	धितोको विवरण	
	ग्रिस कुमार यादवको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ११६२ को क्षेत्रफल ४२२.७७ व.मि. र बर्दिया जिल्ला, कालिका गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १५५६ को क्षेत्रफल २८०८.१६ व.मि भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क्र.सं.	शाखा कार्यालय : रुपनी, सप्तरी	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : विनिता देवी यादव ना.प्र.नं. १६-०१-७१-०१०१६, जि.प्र.का. सप्तरी जारी मिति : २०७१/०२/१३ बाबुको नाम : नथु यादव पतिको नाम : हरि नारायण यादव ठेगाना : सप्तरी जिल्ला, राजविराज वडा नं. १० हाल : सप्तरी जिल्ला, राजविराज वडा नं. १	नाम : हरेराम यादव ना.प्र.नं. १६३०४९/११२, जि.प्र.का. सप्तरी जारी मिति : २०६३/१०/०८ बाबुको नाम : नथु यादव बाजेको नाम : बौवा यादव ठेगाना : सप्तरी जिल्ला, वरीया वडा नं. ३ हाल : सप्तरी जिल्ला, राजविराज वडा नं. १
	धितोको विवरण	
	विनिता देवी यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, इटहरी विष्णुपुर वडा नं. ३ स्थित कित्ता नं. १२५२ को क्षेत्रफल ०-०-१८-० (वि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ....।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : गुलरिया, बर्दिया, फोन नं. ०८४-४२१२३५
रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

वर्किङ भिसामा...

पृष्ठ १ बाट क्रमशः

जसमध्ये २२ जनाको जाहेरी हामीकहाँ परिसकेको छ।'

प्रहरीका अनुसार उनीहरूले विद्यार्थी भिसामा पठाउने भन्दै युवालाई दलालमार्फत सम्पर्कमा ल्याउँथे। सम्पर्कमा आएका युवालाई वर्किङ भिसामा पनि पठाउन सकिने भन्दै आकर्षक तलब प्रस्ताव गर्थे। प्रस्ताव मान्न तयार भएका युवालाई भारतको दिल्ली पुर्‍याउँथे। गेस्टहाउसमा राख्थे। महिना दिनपछि उनीहरूले युवासँग रकम माग्थे। जालमा फसेका युवाले उनीहरूलाई मागेजति रकम भुक्तानी गरिदिन्थे। जब रकम संकलन भइसक्थ्यो, उनीहरू फरार हुन्थे। उनीहरूले क्यानडाका लागि प्रतिव्यक्ति १० देखि २० लाख, पोल्यान्डका लागि सातदेखि १० लाख, रोमानियाका लागि सात लाख, क्रोएसियाका लागि सातदेखि १० रुपैयाँका दरले रकम उठाएको डिएसपी पन्थीले बताए।

प्रहरीले पक्राउ परेका राई र ठाकुरलाई जनही ८० लाख, पाण्डेलाई ६ लाख र तामाङलाई एक लाख ६० हजार जरिवाना तोकेको छ।

सर्टिफिकेट हरायो

मिति २०८०/११/५ गते दरबारमार्ग देखि नयाँबानेश्वर सम्म जाँदा नेपाल नर्सिङ काउन्सिलबाट जारी भएको मेरो निम्न व्यहोरा भएको सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Laxmi Bhattarai
Reg.No : 32299
Contact : 984-0064438

माईग्रेशन सर्टिफिकेट हरायो

मिति २०८०/१०/२७ गते अ. १४:०० बजे काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका-३ नारायणस्थान देखि का.म.पा. बसुन्धारासम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Babin Aryal
Reg.No : 783270450173
S. No.: 22710559
Contact : 9803308935

मार्चमा मात्रै...

पृष्ठ १ बाट क्रमशः

२०१९ मा करिब १२ लाख पर्यटक भित्रिएकोमा २०२० मा दुई लाख ३० हजार, २०२१ मा एक लाख ५० हजार, २०२२ मा ६ लाख १४ हजार र २०२३ मा १० लाख १४ हजार ८७६ पर्यटक भित्रिएका थिए। २०२४ को पहिलो तीन महिना (जनवरी, फेब्रुअरी र मार्च)मा तीन लाख चार हजार ६९३ विदेशी पर्यटक भ्रमणमा आइसकेका छन्। यो वर्ष पर्यटकको संख्या करिब १५ लाख पुग्ने अपेक्षा पर्यटन व्यवसायीको छ।

महामारी फैलिन कम हुँदै गएपछि २०२२ यता पर्यटक आगमन बढ्दै गइरहेको पर्यटन व्यवसायी वसन्त मिश्रले बताए। उनले भने, 'हामीले प्रचारप्रसारमा अलि मिहिनेत गरेको खण्डमा १० लाख पर्यटक भारतबाट मात्रै भित्र्याउन सकिन्छ।'

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय
पर्यटन डिभिजन कार्यालय, रुपन्देही

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०।१२।२०

यस कार्यालयबाट मिति २०८०।११।१८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार सूचनाको अन्तिम मिति सम्म पर्न आएका बोलपत्रको मुल्याङ्कन गर्दा न्युन मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देहाएको बोलपत्र मिति २०८०।१२।१९ को निर्णयानुसार स्वीकृतिको लागि सिफारिस भई आएकोले, सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	कार्यक्रमको नाम	ठेक्का नं	बोलपत्रदाताको नाम	बोलपत्रदाताको कबोल अंक (मू.अ.कर र PS समेत)
1	Renovation Of Existing Gate and Staircase with Stone Paving work at Khanchikot Durbar, Arghakhanchi	TDO/RUP/NCB/080/081-07	Kailash Nirman Sewa, Khatyad-11, Mugu	23,22,694.43

कार्यालय प्रमुख

मंगलबार २० चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

आयरल्यान्ड 'ए'माथि तीन रनको रोमाञ्चक जित

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट 'ए' टोलीले सोमबार आयरल्यान्डको 'ए' टोलीविरुद्ध टी-२० सिरिजमा रोमाञ्चक तीन रनको जित निकालेको छ। लगातार दुई खेलमा पराजित हुँदै सिरिज गुमाइसकेको नेपालले त्रिवि क्रिकेट मैदानमा सम्पन्न तेस्रो खेलको अन्तिम ओभरमा जित हात पारेको हो। पहिलोपटक ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाएर दुई सय १३ रनको विशाल योगफल कटाएको थियो। चालू सिरिजमा पहिलो ब्याटिङ गरेको टोलीले दुई सय रनको योगफल पार गरेको हो। यसअघि आयरल्यान्डले अघिल्ला दुई खेलमा पहिलो ब्याटिङ गरी दुई सय रनमाथि योगफल खडा पारेको थियो। तेस्रो खेलमा नेपालका ब्याट्सम्यानले उत्कृष्ट प्रदर्शन गर्दा आयरल्यान्ड दबाबमा देखियो। दुई सय १४ रन पछ्याएको आयरयान्डले २० ओभरमा सातै विकेटको क्षतिमा दुई सय १० रन जोड्यो। यस नजितासँगै आयरल्यान्डले अनअफिसियल टी-२० सिरिजमा नेपालमाथि ३-० को जित निकाल्ने सपना अधुरो भएको छ।



नेपालविरुद्ध टी-२० सिरिज २-१ ले जित निकालेको आयरल्यान्ड 'ए'का खेलाडी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रासिदले फ्याके अन्तिम ओभर

आयरल्यान्डलाई अन्तिम ओभरमा १९ रन आवश्यक थियो। नेपालका कप्तान विनोद भण्डारीले अन्तिम ओभर रासिद खानलाई गर्न लगाए। क्रिजमा फिनोन हान्डले स्ट्राइक लिएका थिए। उनले खानको पहिलो चार बलमा १४ रन बटुल्दै आयरल्यान्डलाई जितको आशा दिलाए। हान्डले १९.१ ओभरमा छक्का प्रहार गरेका थिए। त्यसपछिका दुई बलमा उनले दुई-दुई रन लिए। इनिङ्सको १९.४ ओभरमा हान्डले चौका प्रहार गरी टोलीलाई जितनजिक पुऱ्याए। हारनजिक पुगेको नेपाललाई खानले पुनः आशा दिलाए। उनले १९.५ ओभरमा उत्कृष्ट फिनिसिङ गर्ने तयारीमा रहेका हान्डलाई आरिफ सेखबाट रन आउट गराए। हान्डको रनआउटसँगै नेपालतर्फ खेल फर्कियो। इनिङ्सको १९.६ ओभरमा म्याककार्थीले बाईका रूपमा एक रन लिए।

यससँगै नेपालले आफ्नो अन्तिम खेलमा आयरल्यान्डमाथि तीन रनको सनसनी जित निकाल्न सफल भयो। इनिङ्सको अन्तिम दोस्रो ओभरमा आयरल्यान्डले १२ रन जोडेको थियो। आयरल्यान्डका लागि हान्डले सात बल सामना गरी दुई छक्का र एक चौका प्रहार गरी २२ रनको योगदान दिए। रासिदले चार ओभरमा ५५ रन खर्चेर एक विकेट लिए। नेपालको बलिङमा विपिन खत्रीले कसिलो बलिङ गर्दै चार ओभरमा एक मेडन राखे। उनले २३ रन खर्चेर सर्वाधिक तीन विकेट लिए। नारायन जोशीले ३७ रन तथ कमल ऐरीले ४२ रन खर्चेर समान एक विकेट हात पारे।

> २१४ रनको लक्ष्य पछ्याएको आयरल्यान्डलाई २१० रनमा रोक्दै नेपालले अन्तिम टी-२० खेलमा तीन रनको जित निकाल्यो

आरिफको सर्वाधिक ९३ रन

पहिलो ब्याटिङ गरेको नेपालको सुरु गतिलो भएन। स्कोर बोर्डमा ३३ रन गुमाउँदा नेपालले तीन विकेट गुमाइसकेको थियो। आयरल्यान्डका बलर पुनः एकपटक नेपालको ब्याटिङमाथि दबाब सिर्जना गर्न सफल भए। पहिलो खेलमा शतकीय इनिङ्स खेलेका लोकेश बम केवल आठ रनमा आउट भए। दोस्रो ओपनर देव खनाल ६ रनमा पेभेलियन फर्के। कप्तान विनोद एक छक्काको सहयोगमा ११ रन जोड्दै आउट भए। उनी आउट हुँदा नेपाल ४.५ ओभरमा ३३-३ को अवस्थामा थियो। त्यसपछि आरिफ सेख र बसिर अहमदबीच चौथो विकेटका लागि ४७ रनको महत्त्वपूर्ण साझेदारी भयो। दुवैले नेपाललाई ३३-३ बाट ८०-४ को स्थितिमा राखे। बसिरले २१ बलमा तीन चौका प्रहार गरी १९ रन जोडे। सेखले अन्तिमसम्म नटआउट रही लगातार विकेटका लागि साझेदारी गर्न सफल रहे। उनले पवन सराफसँग पाँचौं विकेटका लागि ४० रन जोडे। पवनले १२ बलमा १३ रन बनाए।

नेपालको ब्याटिङ इनिङ्समा पुछारका ब्याट्सम्यानले सेखलाई गतिलो साथ दिए। अलराउन्ड प्रदर्शन गरेका रासिदले सेखसँग सातौं विकेटका लागि ४६ रन जोडेका थिए। रासिदले १३ बलमा तीन छक्काको सहयोगमा २४ रन बनाए। कमलसँग सेखले आठौं विकेटका लागि अविजित ४६ रन बटुल्दा नेपालले आयरल्यान्डलाई दुई सय १३ रनको योगफल खडा गरेको हो। सेखले ४८ बल सामना गरी सात चौका र ६ छक्का प्रहार गरी सर्वाधिक ९३ रनको योगदान दिए।

दुई अर्धशतक

लक्ष्य पछ्याएको आयरल्यान्डको इनिङ्समा दुई खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका थिए। ओपनर रोस आदिरले उत्कृष्ट सुरुवात दिलाएको आयरल्यान्डलाई मोर्गान पिङ र गेराथ डेलानीले अर्धशतक योगदान दिएका थिए। रोसले १४ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ३१ रनको योगदान दिए। उनी आउट हुँदा आयरल्यान्ड ३.२ ओभरमा ४० रनको अवस्थामा थियो। आयरल्यान्डले १२ रनका अन्तरमा तीन विकेट गुमाएको थियो।

इनिङ्सको ३.५ ओभरमा ४१-२ मा रहेको आयरल्यान्ड ५२-४ को कमजोर अवस्थामा पुग्यो। मोर्गान र गेराथले पाँचौं विकेटका लागि १ सय २९ रनको शतकीय साझेदारी गर्दै आयरल्यान्डलाई १७.४ ओभरमा १८१-५ को बलियो अवस्थामा पुऱ्याए। रासिदले मोर्गानको विकेट लिँदै खेल नेपालतर्फ ल्याउने प्रयास गरे। मोर्गानले ३७ बलमा समान चार चौका र छक्का प्रहार गरी ६० रन बटुले। मोर्गान आउट भएको दुई रनको अन्तरमै गेराथले आफ्नो विकेट गुमाए। उनले ३७ बलमा समान पाँच चौका र छक्का प्रहार गरी ६८ रन बनाए। नेपाल बलिङमा १२ अतिरिक्त रन दिएको थियो।

■ आठौं विराट गोल्डकप

चर्च ब्वाइजलाई हराउँदै एपिएफ सेमिफाइनलमा



विराटनगरमा **गणेश लम्साल**

एपिएफले सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजलाई २-० ले हराउँदै आठौं विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। विराटनगरको सहिद मैदानमा सोमबार भएको तेस्रो क्वार्टरफाइनलमा विजयी भएको एपिएफले बुधबार फाइनल प्रवेशको खेलमा घरेलु टोली सांग्रिला मोरङको सामना गर्नेछ। चर्च ब्वाइज इटहरी गोल्डकपको विजेता हो। एपिएफका प्रदीप लामा र अनिष महर्जनले एक-एक गोल गरे। मध्यान्तरपछि एपिएफले आक्रामक खेल खेल्दै नतिजा आफ्नो पक्षमा पारेको हो। खेलको ५७औं मिनेटमा एपिएफले १-० को अग्रता लियो। प्रदीपले मध्यभागबाट एक्लै अगाडि बल बढाएर उत्कृष्ट फिनिसिङ गोल गरे। उनले चर्च ब्वाइजका अन्तिम डिफेन्डरलाई बिट गर्दै गोल गरेका हुन्।

खेलको ८१औं मिनेटमा विदेश खेलाडी फोडे फोफोनाले निकालेको पासलाई एपिएफका अनिष महर्जनले २-० को जित पक्का गरे। छैटौं संस्करणको विजेतासमेत रहेको एपिएफले १० महिनापछि सहिद स्मारक ए डिभिजन लिग फुटबलमा हारेको बदलासमेत लिएको छ। लिग फुटबलमा चर्च ब्वाइजले एपिएफलाई ४-१ ले पराजित गरेको थियो। चर्च ब्वाइजको रक्षापंक्तिमा देखिएको कमजोरीको फाइदा एपिएफले निकाल्यो। खेलको १५औं मिनेटमा एपिएफका मनिकुमार लामाले अवसर खेर फाले। प्रदीपले निकालेको पासमा मनिकुमारले प्रहार गरेको वान भर्सेस वानमा गोल गर्ने सकेनन्। खेलको २७औं मिनेटमा एपिएफका जोनाह ग्लोरीले डी बक्सभित्रबाट गरेको क्रसबार गयो।

खेलको ३४औं मिनेटमा जोनाह ग्लोरीको प्रहारलाई चर्च ब्वाइजका गोलरक्षक दीप कार्कीले उत्कृष्ट बचाए। पहिलो हाफमा चर्च ब्वाइजको गोल प्रयास असफल भयो। चर्च ब्वाइजका प्रशिक्षक रुबेन राईले दुई मुख्य खेलाडी गोल्डकपबाहिर हुनु नै हारको कारण भएको बताए। 'खेलमा अतिरिक्त खेलाडी पनि खेलाउने किसिमको भएन,' उनले भने, 'धेरै खेलाडी घाइते छन्, यसकारण हाम्रो टोली कमजोर देखिएको हो।' अघिल्लो दुई खेलमा एपिएफलाई हराएको चर्च ब्वाइजले विराट गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्न नसकेको राईले बताएका छन्।

एपिएफका प्रशिक्षक सुमन श्रेष्ठले पछिल्लो दुई भेटमा भएको हारको बदला लिन सफल भएको बताए। 'अघिल्लो खेलमा पनि प्रदीप लामाले गोल गरेका थिए। उनीसँगै अहिले एपिएफको टिम सन्तुलित रहेको छ,' राईले भने। गोल्डकपको अन्तिम क्वार्टरफाइनलमा मंगलबार मच्छिन्द्र फुटबल क्लबले भारतको कोलकातास्थित साउथर्न समितिको सामना गर्नेछ।

गण्डकीका दुई जिल्लामा क्रिकेट रंगशाला निर्माण हुने

कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेश सरकारले दुई जिल्लामा प्रदेशस्तरीय क्रिकेट रंगशाला निर्माण गर्ने भएको छ। प्रदेश सरकारको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नवलपुरको कावासोती नगरपालिका वडा २ नवदुर्गा र तनहुँ शुक्लागण्डकी वडा ८ गाउँफर्कोदय माविस्थित खेल मैदानमा प्रदेशस्तरीय क्रिकेट खेल मैदान निर्माण गर्ने निर्णय गरेको प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताएका छन्। उनका अनुसार प्रदेशस्तरीय र अन्तर्राष्ट्रियस्तरको क्रिकेट रंगशाला निर्माण प्रक्रिया अघि बढाउन परिषद्ले प्रदेशका ६ स्थान छनोट गरिएको थियो। मन्त्रिपरिषद् बैठकले दुई स्थानमा प्रदेशस्तरीय रंगशाला निर्माण गर्ने निर्णय गरेको शर्माले जानकारी दिए।

प्रादेशिक रंगशाला निर्माणका लागि एकदेखि अर्को रंगशालाबीचको दूरी कम्तीमा ४० किमिभित्र हुनुपर्ने प्रावधान छ। जसअनुसार नवलपुरको कावासोतीस्थित नवदुर्गा खेल मैदान चितवनको गौतमबुद्ध क्रिकेट रंगशालाबाट ४० किमिभित्र रहेको छ। गाउँ फर्कोदयको मैदान पोखरा क्रिकेट रंगशालाबाट ४० किमि सीमाभित्र पर्ने भएकाले आवश्यक प्रक्रिया पूरा गरेर निर्माण गर्ने निर्णय मन्त्रिपपिरषद्ले गरेको हो।

मैदान निमार्णका लागि कावासोतीमा दुई सय र गाउँ फर्कोदयमा एक सय ७३ रोपनी जग्गाको समेत स्वीकृति प्राप्त भएको जानकारी दिँदै शर्माले चालू आर्थिक वर्ष सरकारले ४० लाख रुपैयाँ विनियोजन भएको छ। सोही रकमबाट निर्माण प्रक्रिया सुरु गर्ने उनले जानकारी दिए।

दिल्लीका कप्तान रिषभलाई १२ लाख भारु जरिवाना

चेन्नईविरुद्ध निर्धारित समयमा २० ओभर बलिङ गर्न नसकेपछि दिल्लीका कप्तान रिषभ पन्तलाई कारबाहीस्वरूप भयो जरिवाना

नयाँ पत्रिका

इन्डियन प्रिमियर लिग (आइपिएल)ले दिल्ली क्यापिटल्सका कप्तान रिषभ पन्तलाई १२ लाख भारु जरिवाना तिराएको छ। १७औं आइपिएलको आइतबार राति भएको चेन्नई सुपर किंग्सविरुद्ध दिल्लीले स्लोभ ओभर फ्याँकेको थियो। टोलीले निर्धारित समयमा २० ओभर बलिङ गर्न नसकेपछि दिल्लीका कप्तान पन्तलाई कारबाहीस्वरूप जरिवाना गराएको आइपिएलले जनाएको छ।

दिल्लीले चेन्नईलाई २० रनले हराउँदै पहिलो जित दर्ता गरेको थियो। चेन्नईले सिजनमा पहिलो हारको सामना गरेको छ। यस सिजनमा स्लो ओभर गर्ने टोली दिल्ली दोस्रो हो। आइपिएलको कोड अफ कन्डक्टमा नियमविपरीत जानेलाई न्यूनतम १२ लाख भारु जरिवाना राखेको छ। यसअघि चेन्नईविरुद्धकै खेलमा गुजरात टाइटन्सले स्लो ओभर गरेका कारण नै कप्तान सुभमन गिललाई पनि १२ लाख भारु जरिवाना तिराएको थियो। सो खेलमा चेन्नईले गुजरातलाई ६३ रनले हराएको थियो।



रिषभ पन्त

धोनीले बनाए रेकर्ड

चेन्नईका पूर्वकप्तान महेन्द्रसिंह धोनीले टी-२० फर्म्याटमा तीन सय खेलाडीलाई विकेट पछाडिबाट आउट पारेको रेकर्ड बनाएका छन्। दिल्लीविरुद्धको प्रतिस्पर्धामा उनले एक क्याच लिएका थिए। उनले तीन सय ६७ इनिङ्समा यो रेकर्ड राखेका हुन्। टी-२० फर्म्याटमा पाकिस्तानका कमरान अकमल दोस्रो स्थानमा छन्। उनले दुई सय ८१ इनिङ्समा दुई सय ७४ खेलाडीलाई आउट गरेका छन्। भारतकै दिनेश कार्तिकले तीन सय २५ इनिङ्समा दुई सय ७४ खेलाडीलाई विकेट पछाडिबाट आउट पारे। शीर्ष चारमा दक्षिण अफ्रिकाका क्विन्टन डिकक छन्। उनले दुई सय ९० खेलमा दुई सय ७० खेलाडीलाई आउट पारे।

वानरको ६२औं अर्धशतक

आइपिएलमा दिल्लीका पूर्वकप्तान डेभिड वानरले ६२औं अर्धशतक बनाएका छन्। साथै, आइपिएलमा ६ हजार ५ सय रन पूरा गर्ने उनी पहिलो विदेशी खेलाडी बनेका छन्। वार्नरले समग्रमा टी-२० खेलमा एक सय १० पटक अर्धशतकीय इनिङ्स खेलेका छन्। उनले वेस्ट इन्डिजका क्रिस गेलको नाममा रहेको रेकर्ड बराबरी गरे। आइपिएलमा रोयल च्यालेन्जर्स बैंग्लोरका विराट कोहलीको नाममा ५२ अर्धशतक इनिङ्स रहेका छन्। विराटले समग्रमा एक सय एक अर्धशतक बनाएका छन्।

अमेरिकामा एरिकाले जितिन् स्वर्ण र रजत

नयाँ पत्रिका

नेपालकी कराँते खेलाडी एरिका गुरुङले अमेरिकामा भएको युएस ओपन इन्टरनेसनल कराँते च्याम्पियनसिपमा एक स्वर्ण र एक रजत जितेकी छिन्। आइतबार राति यू-२१ इलिटतर्फको ६८ केजी तौल समूहमा एरिकाले स्वर्ण भिडन्तमा क्यानडाकी खेलाडीलाई ९-० को एकपक्षीय स्कोरमा हराउँदै पदक जितेकी हुन्। एरिकाले सिनियर इलिटको ६८ केजीमाथि रजत हात पारेकी छिन्।

उनी फाइनलमा अमेरिकी खेलाडीसँग ३-२ ले पराजित भइन्। चीनको हाङझाउमा भएको १९औं एसियाली खेलकुद प्रतियोगितामा एरिकाले नेपाललाई ऐतिहासिक रुपमा रजत दिलाएकी थिइन्।



नेपाल सरकार
अर्थ मन्त्रालय

आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रमको लागि सुझाव उपलब्ध गराउने सम्बन्धी सूचना !!!

(प्रकाशित मिति २०८०/१२/२०)

आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य प्रारम्भ भैसकेको छ। आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रममा समावेश गर्न उपयुक्त हुने बिषयहरुका सम्बन्धमा आफ्ना अमूल्य सुझावहरु आगामी २०८१ बैशाख मसान्तभित्र यस मन्त्रालयमा उपलब्ध गराई सहयोग गरिदिनु हुन विभिन्न संघ, संस्था, बुद्धिजिवी, विज्ञ, राजनैतिक दल, व्यवसायी, समाजसेवी, पेशाकर्मी, कर्मचारी, संचारजगत तथा आम नागरिकमा हार्दिक अनुरोध गरिन्छ। उपरोक्त सुझावहरु यस मन्त्रालयको वेवसाइट www.mof.gov.np मा रहेको Budget Suggestion Tab मार्फत तथा इमेल budgetsuggestion@mof.gov.np बाट समेत पठाउन सकिने व्यहोरा जानकारी गराइन्छ।

खेल संक्षेप

६०औं वार्षिकोत्सव मनाउँदै राखेप

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)को ६०औं वार्षिकोत्सव यही बुधबार मनाउँदै छ। वार्षिकोत्सवमा ६ विधामा १८ अवार्ड प्रदान गरिने राखेपले जनाएको छ। सिनियर र जुनियर गरी समान दुई खेलाडी पुरस्कृत हुनेछन्। यसैगरी, आठ कर्मचारी, एक पारा खेलाडी र दुई खेल पत्रकारलाई अवार्डसहित नगदबाट पुरस्कृत गरिनेछ। वर्षभरि खेल क्षेत्रमा उत्कृष्ट कार्य गरेका संघ पनि सम्मानित हुनेछ। राखेप सदस्यसचिव टंकलाल घिसिङको नेतृत्वमा आएदेखि वार्षिकोत्सवमा नयाँ विधाको अवार्ड थप गरिएको छ। खेलाडी अवार्ड, करार कर्मचारी अवार्ड र स्थानीय तह अवार्ड ५९औं संस्करणदेखि थपिएको हो।

महिला फुटबल टोली सम्मानित

काठमाडौं/ नेपाल स्पोर्टस् फेलोसिपले आइतबार राति नेपालको महिला फुटबल टोलीलाई सम्मान गरेको छ। गत फागुनमा वाफ महिला फुटबल च्याम्पियनसिपमा उपविजेता बनेको टोलीलाई फेलोसिपले ७५ हजार रुपियाँ र गिफ्ट ह्याम्परसहित सम्मान गरेको हो। वाफ च्याम्पियनसिपको फाइनलमा नेपाल जोर्डनसँग टाइब्रेकरमा ५-३ ले पराजित भएको थियो।

अन्तर्राष्ट्रिय बुद्धिचाल हुने

बुटबल/ बुटवल बुद्धिचाल संघले २४ देखि २७ चैतसम्म कर्णेल उजिरसिंह थापा स्मृति मेयर कप अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिता गर्ने भएको छ। चार दिनसम्म चल्ने प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका र अमेरिकाबाट एक सय १७ खेलाडीले नाम दर्ता गराएको बुटवल उपमहानगरपालिका बुद्धिचाल संघका अध्यक्ष सुधिर पुनले बताएका छन्। पहिलो हुनेले दुई लाख र उपविजेताले एक लाख १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

ब्याडमिन्टनको विकासका लागि त्रिपक्षीय सम्झौता

काठमाडौं/ विद्यालय तहदेखि ब्याडमिन्टनको विकास गर्ने उद्देश्यले नेपाल विद्यालय खेलकुद महासंघ, नेपाल ब्याडमिन्टन संघ र अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघबीच सोमबार त्रिपक्षीय सम्झौता भएको छ। विद्यालय खेलकुदका अध्यक्ष विनोद श्रेष्ठ, ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ र अन्तर्राष्ट्रिय विद्यालय खेलकुद महासंघका कार्यकारी सदस्य राजकुमार कार्कीले एक कार्यक्रमबीच सम्झौतापत्रमा हस्ताक्षर गरे।

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: 2080/12/20 (April 02, 2024)

1. *This office invites **electronic** bids from eligible bidders for the following goods under National competitive bidding – **Single Stage Two Envelope procedures** specified in public procurement Act & Regulations as:*

IFB no:-	*Description of Goods:*	*Bid Security*
PHLMCSP/G/NCB-10/2080-081	*The Procurement, Supply and Delivery of Birthing Centre, BEONC and CEONC Equipment's*	*Nrs.8,20,000/-*

2. *Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com*

Acting Director

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com